“शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार; समृद्ध मनहरीको आधार”

# गाउँ शिक्षा योजना

## (२०८१-२०९०)




## मनहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### रजैया, मकवानपुर

### वागमती प्रदेश,नेपाल

मिति २०८२ पुस २४ गतेको कार्यपालिका बैठकबाट स्वीकृत

# शुभकामना

नेपालको संविधान अनुसार सङ्घीय लोकतान्त्रिक प्रणाली लागू भएसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार कार्यान्वयनमा आएका छन्। नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारहरूको कार्यान्वयनको अभ्यासमा स्थानीय तहहरू क्रियाशील रहेका छन।विद्यमान शिक्षा ऐन, नियमावलीसँग नबाझिने गरी मनहरी गाउँपालिकाले मनहरी गाउँपालिकाको शिक्षा नियमावली २०७६ तयार गरी प्रभावकारी कार्यान्वयन गर्दै आइरहेको अवस्था छ। संविधानले प्रदत्त गरेका शिक्षासम्बन्धी हक अधिकारहरूलाई सुनिश्चित गर्नका लागि गाउँपालिकाले आवश्यक नीतिगत सुधारका कार्यहरू पनि गर्दै आइरहको छ। यसै सन्दर्भमा आगामी दश वर्षमा गाउँपालिकाको शिक्षा क्षेत्र कुन अवस्थामा पुगाउने भन्ने दीर्घकालिन सोचका साथ यो गाउँ शिक्षा योजना २०८१-२०९० निर्माण भएको छ। यस योजनाले गाउँपालिकाभित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूको वस्तुस्थिति प्रस्तुतिका साथै भावी शैक्षिक रणनीतिक योजनाको मार्ग चित्रण गर्दछ।

यस योजनामा मनहरी गाउँपालिकाको शैक्षिक सूचना, जनसङ्ख्या विवरण, पालिकाको साक्षरताको अवस्था, कार्यान्वयनमा आएका शैक्षिक कार्यक्रमहरू, माध्यमिक तथा आधारभूत तहको शैक्षिक सूचकाङ्कको विवरण, पालिकाको दुरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीति तथा सिकाइ उपलब्धि विवरण आदि शैक्षिक विवरणहरू समेटिएका छन। यीनै शैक्षिक विवरणका आधारमा सूचकगत लक्ष्य निर्धारण गरी क्रियाकलापहरू तय गरिएको छ।

यो योजना दस्तावेज तयारीमा  सल्लाह दिने ,सहयोग गर्ने तथा खटिने मनहरी गाउँपालिका,गाउँ शिक्षा समितिका पदाधिकारीज्यूहरू ,सामाजिक विकास समिति  ,शिक्षा युवा तथा खेलकुद शाखा ,प्रधानाध्यापकज्यूहरू , वि.व्य.स. र  शि.अ.सङ्घ अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, मनहरी बाल संजालका प्रतिनिधि लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछु।

रन्जन कालाखेती
अध्यक्ष
मनहरी गाउँपालिका
रजैया ,मकवानपुर

# शुभकामना

शिक्षालाई मानवको तेस्रो आँखा तथा ज्ञानको ज्योति भनेर पनि चिनिन्छ। वर्तमानमा शिक्षालाई व्यक्तिको आधारभूत अधिकारको रूपमा लिइन्छ। नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ।

यस मनहरी गाउँपालिकाको समग्र शैक्षिक स्थितिको गुणस्तर तथा नतिजामा सुधार ल्याउनका लागि यो दश वर्षे मनहरी शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो । मनहरी गाउँपालिकामा समानता ,पहिचान ,विविधता ,समता , विकासर समृद्धिका लागि तथा गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको र गर्ने लगानीको उपयूक्त एवम् प्रशंसनीय प्रतिफल प्राप्तिमा सहयोग गर्न आधार प्रदान गर्ने उद्देश्य तथा लक्ष्यका साथ यस मनहरी शिक्षा योजनाको निर्माण गरिएको छ ।

शिक्षा विकास जस्तो पवित्र अभियानमा अगाडि बढ्दा आईपर्ने चुनौती तथा समस्याहरूलाई समुचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण गाउँपालिकाबासीको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विश्वास लिएकि छु ।

यो योजना तयारीमा शुरुवाती चरणदेखि सहयोग गर्ने शिक्षा योजना मस्यौदा लेखन समिति, शिक्षा योजना निर्माण समिति, प्रधानाध्यापकज्यूहरू ,वि.व्य.स. र शि.अ.सङ्घ. अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, मनहरी बाल संजालका प्रतिनिधि साथै सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

सीता पुलामी मगर
उपाध्यक्ष
मनहरी गाउँपालिका
रजैया ,मकवानपुर

# शुभकामना

वर्तमान संविधानप्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्न एकल अधिकारको विषयमा स्थानीय तहले योजनाबद्ध विकासको थालनी गर्नुपर्ने देखिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२)ज मा उल्लेखित आधारभूत र माध्यमिक शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था भएअनुरूप मनहरी गाउँपालिकाले मनहरी शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता महशुस गरेको हो। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

संविधानले स्थानीय सरकारलाई प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी पनि सुम्पिएको छ । यसै गरी प्रादेशिक तथा संघीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी दिएको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा स्थानीय, प्रदेश एवम् संघीय सरकारको साझा जिम्मेवारीमा राखेको छ । यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यावहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, समालोचनात्मक क्षमता सहितको अनुसन्धानमूलक, एवम् नेपालका विविध कला, संस्कृति, ज्ञान, सिप, प्रविधि आदिसँग जोड्दै उपयुक्त पश्चिमी प्रविधि, ज्ञान तथा सिपको पनि भरपूर प्रयोग गर्दै व्यक्तिगत विकास मार्फत् समुदाय र देशको विकासमा योगदान गर्न सक्ने विद्यार्थी उत्पादन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । त्यसैले गाउँपालिकाले मनहरी शिक्षा क्षेत्र योजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने अनिवार्य आवश्यकता देखिएकोले यो दश वर्षे मनहरी शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो ।

यसमा योजनामा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ जस्ता उपक्षेत्रहरू समावेश गरिएका छन् भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता , विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगाएतका विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएका छन् ।

यो योजना तयारीमा शुरुवाती चरणदेखि सहयोग गर्ने शिक्षा योजना मस्यौदा लेखन समिति, शिक्षा योजना निर्माण समिति, प्रधानाध्यापकज्यूहरू ,वि.व्य.स. र शि.अ.सङ्घ. अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, मनहरी बाल संजालका प्रतिनिधि साथै सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

प्रमुख प्रशासकिय अधिकृत
मनहरी गाउँपालिका
रजैया ,मकवानपुर

# दुई शब्द

शिक्षा मानवको नैसर्गिक अधिकार हो। वर्तमानमा शिक्षालाई व्यक्तिको आधारभूत अधिकारको रूपमा लिइन्छ। नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ।

साथै ,स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, (२) ज मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ ओटा काम ,कर्तव्य र अधिकार उल्लेख गरिएको छ । मनहरी गाउँपालिकाले संविधान तथा कानुनले प्रदान गरेका अधिकारको प्रयोग गर्दै शैक्षिक विकास ,पहुँच र व्यवस्थापनलाई अग्रस्थानमा राखेको छ । शिक्षा क्षेत्रमा संघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के ,कसरी ,कुन-कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु तथा स्थानीय सरकारबाटै शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या तथा चुनौती विद्यमान रहे तापनि आवश्यक स्थानीय कानुन ,नीति तथा कार्यविधि तर्जुमादेखि तिनको सफल कार्यान्वयनमा मनहरी गाउँपालिकाको तर्फबाट हरसम्भव प्रयासहरू भइरहेका छन् ।

मनहरी गाउँपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विकास गर्ने कार्यलाई मूर्त रुप दिन गाउँसभाले पारित गरेका शिक्षाका ऐन, नीतिको आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा दश वर्षे मनहरी शिक्षा क्षेत्र योजना  तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त अनौपचारिक शिक्षा ,निरन्तर शिक्षा ,विशेष शिक्षा ,प्राविधिक शिक्षा  ,शिक्षाका अन्तरसम्बन्धित मुद्दाहरू ,विपद् व्यवस्थापन सँगसँगै शिक्षामा समग्र  सुशासन र व्यवस्थापनका पक्षहरूलाई समेटेर तयार पारिएको यस शिक्षा योजनाले मनहरी गाउँपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा हामी विश्वस्त छौ ।

शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सिप सिकाउन सकेमा सिपयूक्त व्यक्ति श्रमबजारमा सहजै बिक्न सक्ने ,दक्ष जनशक्ति तयार भई हामीले कल्पना गरेको समृद्ध नेपाल र सुखी नेपाली तथा समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वव्यापी रूपमा उठाइएको जीवनोपयोगी शिक्षा साथै यस गाउँपालिका क्षेत्रको परम्परागत मौलिक ज्ञान सिप ,संस्कृति र सभ्यताका असल अभ्यासहरूलाई समेट्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित , सुसंस्कृत तथा समृद्ध गाउँपालिका बनाउने पवित्र सोचका साथ यो योजना निर्माण गरिएको हो। यो योजना दस्तावेज तयारीमा  सल्लाह दिने ,सहयोग गर्ने तथा खटिने मनहरी गाउँपालिका ,गाउँ शिक्षा समितिका पदाधिकारीज्यूहरू ,सामाजिक विकास समिति  ,शिक्षा युवा तथा खेलकुद शाखा ,प्रधानाध्यापकज्यूहरू , वि.व्य.स. र  शि.अ.सङ्घ. अध्यक्षज्यूहरू, शिक्षक प्रतिनिधि, मनहरी बाल संजालका प्रतिनिधि लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछौं।

प्रदिप पराजुली
शिक्षा शाखा प्रमुख
मनहरी गाउँपालिका

# विषय सूची


सन्दर्भ र औचित्य ........ १

१. विषय प्रवेश ........ १

२. शिक्षा योजना निर्माणको आवश्यकता औचित्य ........ १

३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ........ २

४. शिक्षा योजना निर्माणका आधार ........ २

५. शिक्षा योजना निर्माण प्रक्रिया ........ ३

६. योजनाको लेखाजोखा ........ ४

७. योजनाको दस्तावेजको स्वरूप ........ ५

परिच्छेद १ : परिचय ........ ६

१.१ वर्तमान अवस्था ........ ६

१.१.१ भौगो लक अवस्था ........ ६

१.१.२ जनसाङ् खक संरचना ........ ७

१.१.३ सामाजिक र सांस्कृतिक अवस्था ........ ८

१.१.४ आ र्थक सन्दर्भ ........ १०

१.१.५ शक्षा क्षेत्रको अवस्था: ........ ११

१.२ विगतको योजनाका प्रगति समीक्षा ........ १३

१.३ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरूको विश्लेषणः ........ १४

१.४ शिक्षाका चुनौतीहरूको हद्धरू विश्लेषणः ........ १५

१.५ अवसरहरूः ........ १६

परिच्छेद २ः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ १८

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ १८

२.२ दीर्घकालीन राष्ट्रिय सोच ........ १८

२.२ गाउँपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य ........ १८

२.३ लक्ष्य ........ १८

२.४ उद्देश्यहरू ........ १८

२.५ रणनीतिहरू ........ १९

२.६ कार्यनीतिहरू ........ २०

२.७ अपेक्षित मुख्य उपलब्धि ........ २३

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ २४
परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू........ २९
३.१ प्रारम्भिक बाल विकास र शिक्षा........ २९
३.२ आधारभूत शिक्षा........ ३४
३.३ माध्यमिक शिक्षा........ ३८
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम........ ४३
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ : ........ ४७
परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........५१
४.१ पाठ्यक्रम ,पाठ्यपुस्तक ,सिकाइ सामग्री तथा मूल्याङ्कन........५१
४.२ शिक्षक व्यवस्थापन र विकास........ ५५
४.३ शैक्षिक समता र समावेशीकरण........ ६०
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमः........६६
४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता ........ ७०
४.६ विद्यालय भौतिक पूर्वाधार विकास........ ७४
४.७ शिक्षामा सूचना प्रविधिको प्रयोग ........ ७८
परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन........ ८३
५.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास........ ८३
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध........ ८७
परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन........९१
परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन........ १००
अनुसूची १ क्रियाकलाप अनुसारको वित्तिय योजना ........ १०४
अनुसूची २ शिक्षा योजना निर्माण समिति........१२०

# सन्दर्भ र औचित्य

नेपालको संविधानले सङ्घीय गणतान्त्रिक लोकतान्त्रिक शासन व्यवस्थालाई अङ्गीकार गरी तीन तहमा निर्वाचित सरकार क्रियाशील रहेको छ । संविधानमा व्यवस्था भएअनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकारक्षेत्रमा परेको छ । यही व्यवस्था अनुसार स्थानीय तहहरूले कार्य गर्दै आएका छन् । विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भएअनुसार विद्यालय शिक्षाको विकासको योजना निर्माणको दायित्व स्थानीय तहको हुन आएको छ । स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि मार्गनिर्देश गरेको छ । दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्नु सबै तहका सरकारको दायित्व हुन आएको सन्दर्भ विद्यमान रहेको छ । सङ्घीयता लागू हुनुपूर्व नेपाल सरकार, शिक्षा मन्त्रालयले कार्यान्वयनमा ल्याएको SSDP को अवधि २०७८ आषाढमा समाप्त भई हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना तर्जुमाको कार्य अगाडि बढाएको छ । उक्त योजना स्वीकृतिको क्रममा रहेको छ । साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागि मार्गनिर्देश गरेको अवस्था छ । मनहरी गाउँपालिकाले संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता सहितको शिक्षाका लागि शिक्षा क्षेत्रको योजना निर्माण आवश्यक ठानी यो दश वर्षे योजना निर्माण गरिएको छ । यस योजनाको पहिलो ५ वर्षका क्रियाकलाप कार्यान्वयनका लागि १ अर्ब १९ करोड ३५ लाख ४५ हजार खर्च हुने अनुमान गरिएको छ।

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागीता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अहिले नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत् कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि सबै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मान्दै आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेकाले मनहरी गाउँपालिकाले पनि शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि उपलब्ध मार्गदर्शन पछयाएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक रहेको छ । विज्ञान तथा प्रविधिमा भएको विकास र परिवर्तनलाई आत्मसात् गर्नुका साथै सृजनशील, सक्रिय र आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत् समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत

व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यो स्थानीय शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

संविधानले स्थानीय सरकारलाई प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी पनि सुम्पिएको छ । यसै गरी प्रादेशिक तथा सङ्घीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी दिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा स्थानीय, प्रदेश एवम् सङ्घीय सरकारको साझा जिम्मेवारीमा राखेको छ । यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यावहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, समालोचनात्मक क्षमता सहितको अनुसन्धानमूलक एवम् नेपालका विविध कला, संस्कृति, ज्ञान, सिप, प्रविधि आदिसँग जोड्दै उपयुक्त प्रविधि, ज्ञान तथा सिपको पनि भरपूर प्रयोग गर्दै व्यक्तिगत विकास मार्फत् समुदाय र देशको विकासमा योगदान गर्न सक्ने जनशक्ति उत्पादन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । त्यसैले गाउँपालिकाले शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अनिवार्य आवश्यकता देखिएकाले यो शिक्षा योजना निर्माण गरिएको हो ।थप औचित्य बुँदागत रूपमा यसप्रकार रहेका छन् :

- तीनओटै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय  र क्षितिजीय  सहसम्बन्ध स्थपित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्‍याउन

## ४. शिक्षा योजना निर्माणका आधार

मनहरी शिक्षा क्षेत्र योजना तर्जुमाको प्रारम्भिक चरणमा योजना मस्यौदा लेखन कार्यदलमा छलफल भई मनहरी शिक्षा योजना निर्माणको तयारी गरिएको थियो।योजना तयारीका लागि निम्नानुसारका सामग्रीहरूको अध्ययन र समीक्षा गरिएको थियो :

- नेपालको संविधान २०७२
- सोह्रौं आवधिक योजना २०८१- २०८६
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (सन २०२३-२०२५)
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन  र स्थानीय तहको विकास योजना
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि
- विद्यालय अनुगमन प्रतिवेदनहरू
- गाउँपालिकाको वार्षिक बजेटहरू
- गाउँपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरू

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा योजना निर्माण तथा योजनाबद्ध विकास प्रयासको थालनी २०१३ सालदेखि भएको हो । योजनाबद्ध विकासको क्रमलाई हेर्दा हालसम्म १५ ओटा योजना निर्माण भई कार्यान्वयन भइसकेका छन् भने हाल सोह्रौं योजना (२०८१/८२-२०८६/८७) कार्यान्वयन भइरहेको छ । हालसम्म योजना निर्माणको अभ्यासलाई सरसर्ती केलाउँदा समयका आधारमा तीनथरि (१–३ वर्षे अल्पकालीन, ३-५ वर्षे मध्यकालीन र ५ वर्षभन्दा माथि दीर्घकालीन) र तहगत आधारमा दुईथरि (बृहत् र सूक्ष्म तथा केन्द्रीकृत र विकेन्द्रित) योजना निर्माण भई कार्यान्वयन भएका छन् । हासिल गर्नुपर्ने लक्ष्य तथा उद्देश्य, उपलब्ध समय, स्रोत साधन र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको आवश्यकता पहिचान गरी योजना कस्तो हुने, कति अवधिको हुने, कसले निर्माण गर्ने र कार्यान्वयनको जिम्मेवारी कसलाई दिने भन्ने कुराको निर्धारण गरिन्छ।

मनहरी गाउँपालिकाको शिक्षा योजना निर्माणका लागि निम्नानुसारका प्रक्रिया अपनाइएको थियो :

योजना निर्माणको लागि प्रारम्भिक छलफल र शिक्षा योजना निर्माण समिति गठन: योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा विभिन्न चरणमा छलफल र बैठकहरूको आयोजना भएका थिए । सो क्रममा शिक्षा योजना निर्माणको लागि युएसएड प्रारम्भिक कक्षा सिकाइको प्राविधिक सहयोगमा मनहरी शिक्षा क्षेत्र योजना तर्जुमा गर्न कार्यपालिकामा छलफल भई २०८१ असोज ११ मा मनहरी गाउँ शिक्षा योजना निर्माण समिति गठन गरिएको थियो ।

शिक्षा योजना मस्यौदा लेखन कार्यदल गठन र अभिमुखीकरण:

मनहरी शिक्षा योजना निर्माण समितिले स्थानीय तहमै उपलब्ध स्रोतका आधारमा शिक्षा योजना मस्यौदा लेखन कार्यदल गठन गरी गाउँपालिकाको अवस्था पहिचान, विश्लेषण गर्दै सरोकारवालाको बृहत् सहभागीतामा मस्यौदा तयार गर्न अभिमुखीकरण गरिएको थियो।

योजना निर्माणमा सूचना र सुझावका लागि सरोकारवाला भेला: मनहरी शिक्षा योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा, महिला बालबालिका शाखासँग प्रत्यक्ष सम्बन्ध राख्ने मौजुदा नीति तथा कार्यक्रम र कार्यविधिहरू बिश्लेषण गरी सूचना सङ्कलन गरिएको थियो।

योजाना निर्माणको क्रममा गाउँपालिकाका प्रमुखको प्रमुख आतिथ्यमा एक दिने कार्यशाला आयोजना गरिएको थियो । यो कार्यशालामा पालिकाका सबै विषयगत शाखाहरूका जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका र विपद् व्यवस्थापनका प्रमुखहरू साथै वडाध्यक्षहरू, महिला स्वास्थ्य स्वयंसेविका, बालक्लब प्रतिनिधि, बालविकास सहजकर्ता वा शिक्षक, अभिभावक प्रतिनिधि लगायतको सक्रिय सहभागीता रहेको थियो।

मस्यौदा तयारी : शिक्षा योजना मस्यौदा लेखन कार्यदलको अगुवाइमा युएसएड प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमको प्राविधिक सहयोगमा गाउँपालिकामै शिक्षा सरोकारवालाहरूको बृहत् कार्यशालामार्फत् सङ्कलित सूचनाका आधारमा मस्यौदा तयारीको कार्य सम्पन्न भएको थियो।

मस्यौदा उपर सुझाव सङ्कलन : शिक्षा, युवा तथा खेलकुद शाखा र गाउँ शिक्षा समिति, गाउँपालिका स्तरीय प्रधानाध्यापक बैठकमा छलफल र सुझाव सङ्कलन, गाउँपालिकाको वेबसाइटमा मस्यौदा प्रति प्रकाशन गरी राय-सुझाव सङ्कलन गरिएको थियो।

अन्तिम मस्यौदा तयारी : सरोकारवालाको राय-सुझाव मिलान गरी शिक्षा योजना मस्यौदा लेखन कार्यदलले अन्तिम मस्यौदा शिक्षा योजना निर्माण समितिलाई पेस गरेको थियो। उक्त समितिले बैठकमा छलफल गरी मूल्याङ्कन गराई कार्यपालिका बैठकमा पेस गर्ने निर्णय अनुसार कार्य अगाडि बढाइएको थियो।

कार्यपालिका बैठकमा छलफल र स्वीकृति : कार्यपालिका बैठकको मिति २०८२ पुस २४ गतेको छलफल, स्वीकृति र निर्णयबमोजिम १० वर्षे गाउँ शिक्षा योजना आत्मसात्करण गर्दै कार्यान्वयनमा ल्याइएको हो।

## ६. योजनाको लेखाजोखा

| क्र.स | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागीता | ▪ शिक्षा योजना निर्माणमा प्रारम्भिक चरणको छलफलदेखि नै मूल नेतृत्वको संलग्नता रहेको छ।<br>▪ गाउँपालिका अध्यक्षको संयोजकत्वमा शिक्षा योजना निर्माण समिति बनेको<br>▪ शिक्षा सरोकारवालाको संलग्नतासहितको योजना मस्यौदा कार्यदल गठन गरी पारदर्शी ढङ्गमा मस्यौदा तयार गरिएको छ।<br>▪ सूचना र सुझाव सङ्कलनका क्रममा सरोकारवालाको अर्थपूर्ण सक्रिय सहभागीता भएको छ। |
| २ | पर्याप्तता र सान्दर्भिकता | ▪ यस योजनामा उल्लेख गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू गाउँपालिकाका शिक्षा क्षेत्रका समस्या र चुनौतीहरू सम्बोधन गर्न पर्याप्त छन्। |
| ३ | समता, सक्षमता तथा गुणस्तर | ▪ यो योजनाले समता, सक्षमता तथा सिकाइ र गुणस्तरजस्ता सवालमा अपेक्षित वृद्धि गर्दै शिक्षा क्षेत्रको समग्रतामा उन्नयनको पर्याप्त प्रयास गरेको छ। |
| ४ | अन्तर्सम्बन्ध र तादाम्यता | ▪ यो योजना गाउँपालिकाका वार्षिक नीति कार्यक्रम लगायत अन्य योजनाहरूबिच अन्तर्सम्बन्धित छ।<br>▪ शिक्षाका राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्यहरूसँग अनुकूलन गरिएको छ।<br>▪ स्थानीय तहको योजना तर्जुमा सम्बन्धि अद्यावधिक मार्गनिर्देशन २०८१ मा आधारित यस योजनाले शिक्षाका उल्लेखित क्षेत्रहरू र अन्तर्सम्बन्धित विषयबिच उपयुक्त तालमेल राखेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | ▪ योजनामा भएका विषयको शिक्षाका उपक्षेत्र, अन्तर्सम्बन्धित विषय साथै उपलब्ध स्रोत र अनुगमन मूल्याङ्कनसँग तादाम्यता कायम गरिएको छ।<br>▪ स्थानीय आवस्यकता र भोगिरहेका प्रमुख चुनौतीलाई सम्बोधन गर्ने प्रयास योजनाले केही हदसम्म गरेको छ। |
| ६ | स्रोतको प्रबन्ध | ▪ योजनामा उल्लेख गरिएका क्रियाकलापका लागि आवस्यक बजेटको प्रस्ताव गरिएको छ।<br>▪ नपुग बजेटका लागि सरकारी र गैरसरकारी संस्थाहरूसँग निरन्तर सहकार्य गर्नुपर्ने छ। |

| | | |
|---|---|---|
| ७ | संस्थागत क्षमता | ▪ योजना साथै क्रियाकलापहरू कार्यान्वयनका लागि उपयुक्त संयन्त्र र आवस्यक क्षमता विकास कार्यक्रम राखिएका छन्। |
| ८ | कार्यान्वयनमा तत्परता | ▪ स्थानीय तहभित्रका सरोकारवालाको सहभागीतामै योजना तयार भएको छ।<br>▪ यो योजना स्वीकृतिपूर्व जिम्मेबार पक्षलाई प्रबोधीकरण र अभिमुखीकरण गरिएको छ।<br>▪ स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा योजनाकै आधारमा कार्यक्रम प्रस्ताव गर्नुपर्ने आवस्यकता रहेको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ▪ स्थानीय तहभित्रका शैक्षिक सूचकहरू र आवस्यक तथ्याङ्क राखिएका छन्। |
| १० | अनुगमन र प्रतिवेदन | ▪ सबै तहको आवधिक अनुगमन र मूल्याङ्कनका संयन्त्र तयार गरिएको छ। |

## ७. योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ । परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् ।

परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । परिच्छेद पाँचमा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था  समावेश गरिएको छ । परिच्छेद छमा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयन अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली उल्लेख गरिएको छ ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

नेपालको वर्तमान संविधानले राज्यको पुर्नसरचना गरी संघ, प्रदेश र स्थानीय तहमा शक्ति तथा काम, कर्तव्य र अधिकारहरु विन्यास गर्दै तीन तहका सरकारको निर्माण गरी नेपालको एकात्मक राज्य प्रणालीलाई संघीय राज्य प्रणालीमा रुपान्तरण गरेकोछ। मुलुकमा केन्द्रीय सरकार एक ओटा, सात ओटा प्रदेश सरकार र ७५३ ओटा स्थानीय सरकार क्रियासिल रहेका छन्। सात सय त्रिपन्न ओटा स्थानीय सरकार मध्येको मनहरी गाँउपालिका पनि एक हो।

शिक्षा नीति २०७६, संघीय सरकारको शिक्षा क्षेत्रको १० बर्षे योजना, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई प्रदान गरेका २३ ओटा अधिकार, पन्ध्रौ र सोह्रौ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारको नेतृत्व, सहयोग र समन्वय अपरिहार्य हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन, तथा दीर्घकालिन विकास योजना बनाई कार्यान्वयन गर्ने नीतिगत व्यवस्था भएको छ। समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजिवन सिकाइका अवसरहरुलाई प्रोत्साहन गरी गाँउपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, नीति तथा रणनीति एवम् क्रियाकलाप यस योजनाले निर्धारण गरेको छ। शिक्षा क्षेत्रको स्थानीय तहको क्षेत्रगत योजना, स्थानीय तहका आवधिक विकास योजना, बार्षिक नीति कार्यक्रम, तथा बजेट तथा प्रदेश एवम् संघीय आवधिक योजना तथा शिक्षा क्षेत्रका योजनाले लिएका लक्ष्य उद्देश्य, रणनीति, कार्यनीति एवम् कार्यक्रमहरु एक अर्कामा अन्तर सम्बन्धित हुने गर्दछन।

समाजमा विभिन्न प्रकारका विभेद तथा असमानताको अवस्था रहन्छ। शिक्षाले समाजमा हुने आर्थिक एवं सामाजिक असमानताको अवस्थामा सुधार गर्छ। समतामूलक समाज विकासमा शिक्षाले महत्वपूर्ण योगदान पुऱ्याउँछ। शिक्षाको यही मान्यतालाई आधार बनाइ नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक हक रहेको छ। अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने संवैधानिक हक रहेको छ। राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूले शिक्षालाई उच्च प्राथमिकता प्रदान गरेका छन्। यी व्यवस्थाहरूको सही कार्यान्वयनमा शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ। मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्न हक समेत संविधानले प्रत्याभूत गरेको हुँदा शिक्षा देशको प्रमुख प्राथमिकता क्षेत्र भित्र रहँदै आएको छ।

समृद्ध नेपाल सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माण गर्ने प्रतिवद्धता नेपाल सरकारले गरेको अवस्था छ। मानव संसाधनको विकास नभई यो लक्ष्य हासिल हुन सक्दैन। शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु पर्छ। गुणस्तरीय एवम् सक्षम नागरिक तयार गर्न शैक्षिक व्यवस्थापन पद्दति गुणस्तरीय हुनु पर्छ। यसका लागि शिक्षा सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन योजना विकास तथा कार्यान्वयन अनिवार्य हुन्छ।

राष्ट्रिय तथा स्थानीय शैक्षिक आवश्यकता अनुसारको शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि मनहरी गाउँपालिकाले शिक्षालाई व्यवस्थित गर्ने योजना बनाएको छ। यसका लागि शिक्षालाई व्यक्तिगत सामाजिक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश अनुकूलन बनाउने लक्ष्य लिएको छ। यस क्रममा शिक्षाको दीर्घकालीन योजना तयार गरी यसैका आधारमा शिक्षाको योजना तथा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने लक्ष्यका साथ योजनावद्ध विकासको थालनी गरेको छ।

### १.१.१ भौगोलिक अवस्था

मनहरी गाउँपालिका नेपालको ३ नं प्रदेश अन्तर्गत मकावानपुर जिल्लामा पर्दछ। यो गाउँपालिका भौगोलिक हिसाबले ८४°४२’३५” देखि ८५°५७’३६” पूर्वी देशान्तर र २७°२३’३४” देखि २७°३६’३७” उत्तरी अक्षांशमा अवस्थित रहको छ।

त्यसैगरी १९९.५२ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा हेटौडा उ.म.न.पा. र राक्सिराङ् गाउँपालिका पर्दछ भने पश्चिममा चित्तवन राष्ट्रिय निकुन्ज, उत्तरमा राक्सिराङ् गाउँपालिका र दक्षिणमा पर्सा जिल्ला पर्दछन भने गाउँपालिका समुन्द्र सतह भन्दा ३९० मिटर देखि ७६० मिटरको उचाईमा रहेको छ ।मनहरी गाउँपालिका लाइ मिति २०७३ फाल्गुन २२ गते साविकका मनहरी र हण्डी खोला गाविस समाबेश गरि जम्मा ९ वडा कायम गरिएको छ । मकवानपुर जिल्लामा गठन भएका गाउँपालिकहरुमा विकाशको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा मनहरी गाउँपालिका रहेको छ । यसका अतिरिक्त यहाका सचेत राजनीतिक दल र उत्प्रेरित उत्प्रेरित गाउबासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकाशको स्रोतका रुपमा रहेका छन्।

## १.१.२ जनसाङ्खिक संरचना

२०७८ सालमा सम्पन्न गरिएको जनगणना अनुसार मनहरी गाउँपालिकाको प्राप्त तथ्याङ्क अनुसार कूल ११८.३३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको ९ ओटै वडाहरूमा गरी जम्मा १००९७ घरपरिवारमा कुल ४७,३५३ जनसंख्या रहेको छ। अर्कोतर्फ प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १९९.५२ जनाको दरमा जनघनत्व रहेको देखिन्छ। अर्थात् नगरपालिकाको कूल क्षेत्रफलले कुल जनसंख्यालाई भाग गर्दा प्रति वर्ग किलोमिटर क्षेत्रफलमा २३७.३३ जनसंख्या पर्न आउँछ। क्षेत्रफलको हिसाबले वडा नं. ९ सबैभन्दा बढी क्षेत्रफल भएको वडा हो भने जनसंख्याको हिसाबले वडा नं. ७ र वडा नं. २ मा सबै भन्दा कम जनसंख्या र घरपरिवार देखिन्छ। तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरुको अध्ययन गर्नु अर्थात जनसंख्या वितरणलाई क्षेत्रगत हिसाबले सन्तुलनमा राख्न मानवीय सुविधाहरुमा केन्द्रित हुनुपर्दछ। अर्कोतर्फ पुरुषको तुलनामा महिलाको जनसंख्या बढी हुनु समेत जनसांख्यिक विश्लेषणको महत्वपुर्ण पाटो हो। सामान्यतया नेपाली सामाजिक संरचना र परम्परालाई हेर्दा पितृसत्तात्मक स्वरुपको समाजमा छोराको चाहना पुरा गर्ने मनोविज्ञानका कारण छोरीहरुको संख्या अप्रत्यक्ष ढङ्गले बढेको देखिन्छ। अर्को तर्फ छोरीहरुको संख्या बढ्दा छोरीहरुको अर्थात महिलाहरुको विशिष्ट आवस्यकताहरु जस्तै प्रजनन् स्वास्थ्य, महिला शिक्षा, महिला अधिकार जस्ता विषयहरुलाई सम्बोधन गर्ने योजनाहरु राज्यद्वारा निर्माण हुनु आवस्यक देखिन्छ। साथै लैङ्गिक अनुपातमा रहेको अन्तर वृद्धि हुँदै जाँदा त्यसले सामाजिक स्वरुपमा नै लैङ्गिक रुपमा परिवर्तित गरिदिन्छ। यसतर्फ समग्र समाजको ध्यान जानु आवस्यक छ। थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




उमेरगत समूह तथा लिङ्ग अनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९५ माथि | १५ | १९ | ३४ |
| ९०-९४ | २३ | ४२ | ६५ |
| ८५-८९ | ७३ | ९६ | १६९ |
| ८०-८४ | १२९ | १४४ | २७३ |
| ७५-७९ | २५५ | २७५ | ५३० |
| ७०-७४ | ३९७ | ४२४ | ८२१ |

| | | | |
|---|---|---|---|
| ६५-६९ | ५२२ | ५४३ | १०६५ |
| ६०-६४ | ७१० | ७२१ | १४३१ |
| ५५-५९ | ८०१ | ७४५ | १५४६ |
| ५०-५४ | १०३२ | १०९२ | २१२४ |
| ४५-४९ | १००५ | १०८८ | २०९३ |
| ४०-४४ | १२५९ | १२९६ | २५५५ |
| ३५-३९ | १५८४ | १६०४ | ३१८८ |
| ३०-३४ | १८९६ | १९८८ | ३८८४ |
| २५-२९ | २१३९ | २३३३ | ४४७२ |
| २०-२४ | २२०८ | २५०० | ४७०८ |
| १५-१९ | २५१९ | २५६२ | ५०८१ |
| १०-१४ | २३०६ | २३०८ | ४६१४ |
| ०५-०९ | २३१४ | २१५७ | ४४७१ |
| ००-०४ | २२०८ | २०२१ | ४२२९ |

***स्रोतः राष्ट्रिय जनगणना, २०७८***

## १.१.३ सामाजिक र सांस्कृतिक अवस्था

गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धैरै १८,०४३ अर्थात ४६.१५ प्रतिशत तामाङ, दोस्रोमा ५,६२४ अर्थात १४.३८ प्रतिशत मगर, तेस्रोमा ब्राह्मण ११.२९ प्रतिशत, चौथो र पाँचौमा क्रमश चेपाङ/प्रजा ९.४४ प्रतिशत र कामी ४.५३ प्रतिशत रहेका छन्‌। त्यसैगरी राई, मगर, नेवार, दमाई/ढोली र अन्य जातजातिहरुको पनि बसोबास रहेको छ । यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ । तामाङ, चेपाङ राई जस्ता जनजातिहरुको तथा खस ब्राह्मण्ड क्षेत्री थातथलोको रुपमा समेत रहेको यो नगरपालिकामा तामाङ, चेपाङ राई जस्ता जनजातिहरुको लगायत अन्य जातजातीको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरुको पहिचान कायम राख्ने कार्यक्रमहरुको निर्माण गर्नु आवश्यक छ । विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ । नोट : गाउँपालिकाको वडा नं. ४ मुसीधापमा २५ घरपरिवारमा ९५ जना लोपोउन्मुख जाति बनकरियाको बसोबास रहेको देखिन्छ। यस मध्ये महिलाको संख्या ४८ र पुरुषको संख्या ४७ जना रहेका छन्‌। गाउँपालिकामा रहेका बनकरिया जातिमा ७ जना छात्रा र ९ जना छात्र गरी कूल १६ जना बालबालिकाहरु विद्यालय जाने गरेको देखिन्छ। कलेज जानेहरुमा ३ जना छात्रा मात्र देखिन्छ।

गाउँपालिकामा रहेका कुल ३९,०९७ जनसंख्या मध्ये सबैभन्दा बढी २६,३३६ अर्थात ६७.४ प्रतिशतले नेपाली भाषा, ११,१६२ अर्थात २८.५ प्रतिशतले तामाङ्ग भाषा र बाँकी अन्य नगण्य संख्यामा रहेकोले अन्य भाषा प्रयोग गर्ने गरेको पाइयो । यस गाउँपालिका आदीवासी तामाङ जातिको उल्लेख्य जनसंख्या भएको गाउँपालिका भएकोले उनीहरूको कला, संस्कृति तथा भाषालाई जर्गेना गर्ने खालका विशेष कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको र धारा ३१ को शिक्षा सम्बन्धी हकको उपधारा ५ बमोजिम “नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।” भनि स्पष्ट किटान गरेको छ । तसर्थ तामाङ वा अन्य अर्थात आफ्नो मातृभाषामा पढ्न चाहने विद्यार्थीहरूलाई गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ।

गाउँपालिकामा रहेका जनसंख्या मध्ये १९,७५५ अर्थात ५०.५ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन् । दोस्रोमा बौद्ध धर्म मान्नेको संख्या १६,१८६ अर्थात ४१.४ प्रतिशत र तेस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या २,९९९ अर्थात ७.७ प्रतिशत रहेको छ । वडागत रुपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ । हिन्दु धर्मावलम्बी बाहुल्यता रहेको

हुनाले हिन्दु धर्म मान्ने ५०.५ प्रतिशत देखिएपनि गाउँपालिकामा बौद्ध धर्मावलम्बीहरूको उल्लेख्य रहेको तथ्याङ्कले देखाउँछ। गाउँपालिकामा ४९.४ प्रतिशत बौद्ध धर्मावलम्बी रहेका छन्। केहि मात्रामा धार्मिक विविधता रहेपनि नगरपालिकामा हिन्दु र बौद्ध धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ। नेपालमा सदियौं देखि रहि आएको धार्मिक सहिष्णुता भने यस गाउँपालिकामा कायमै रहेको देखिन्छ।

यस मनहरी गाउँपालिकामा भएका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरीएको छ।

| क्र. सं. | स्थलको नाम | ठेगाना |
|---|---|---|
| १ | मोरङगे ताल | मनहरी ६ |
| २ | मनकामना मन्दिर | मनहरी ७ |
| ३ | रानीपोखरी | मनहरी ७ |
| ४ | गणेश धारा | मनहरी ७ |
| ५ | मनहरी पिस पार्क | मनहरी ८ |
| ६ | देवकोट भ्यू टावर | मनहरी ८ |
| ७ | रमौली पर्तापुर | मनहरी ६ र ७ |
| ८ | सिद्धकाली देवी थान | मनहरी ३ |
| ९ | पशुपति मन्दिर | मनहरी ४ |
| १० | धनेश्वर महादेव | मनहरी ३ |
| ११ | महादेवस्थान | मनहरी ७ |
| १२ | ॐ अग्निहोत्राश्रम | मनहरी ९ |
| १३ | शहिद स्मृति पार्क भिमान | मनहरी २ |
| १४ | गोगन पानी भ्यू टावर | मनहरी १ |
| १५ | पेमा छोइलिङ गुम्बा | मनहरी १ |
| १६ | टासी छोइलिङ गुम्बा | मनहरी ८ |
| १७ | रत्नलिङ गुम्बा | मनहरी २ |
| १८ | हिसे घ्यासे टासिलिङ गुम्बा | मनहरी २ |
| १९ | द साङा छोइफेल गुम्बा | मनहरी ७ |
| २० | मस्जिद | मनहरी ७ |
| २१ | कृष्ण मन्दिर | मनहरी १ |
| २२ | राम मन्दिर | मनहरी १ |
| २३ | महादेवस्थान | मनहरी १ |
| २४ | कालिका थान | मनहरी १ |
| २५ | महादेवस्थान | मनहरी १ |
| २६ | चुरियामाई मन्दिर | मनहरी १ |

| | | |
|---|---|---|
| २७ | डोल्मा लाखाङ गुम्बा | मनहरी ३ |
| २८ | श्री राम सिता मन्दिर | मनहरी ३ |
| २९ | चुरयिमाई मन्दिर | मनहरी ३, सुकौरा |
| ३० | विक्रम पर्ता गुरुकुल जडिबुटी उद्यान | मनहरी ३ |
| ३१ | छोइलिङ घिसिङ गुम्बा | मनहरी ४ |
| ३२ | ऋषेश्वर मन्दिर | मनहरी ४ |
| ३३ | मुलखोला माईथान मन्दिर | मनहरी ४ |
| ३४ | दुधेश्वर मन्दिर | मनहरी ४ |
| ३५ | ऋषेश्वर मन्दिर | मनहरी ५ |
| ३६ | पेमालिङ गुम्बा | मनहरी ५ |
| ३७ | टासी छोइलिङ गुम्बा | मनहरी ५ |
| ३८ | चुरयिमाई मन्दिर पिकनिक पार्क | मनहरी ५ |
| ३९ | टासी छोइलिङ गुम्बा | मनहरी ६ |
| ४० | चुरयिमाई थान देवी मन्दिर | मनहरी ७ |
| ४१ | देउराली थान मन्दिर | मनहरी ७ |
| ४२ | पेमा छोइलिङ बौद्ध विहार | मनहरी ७ |
| ४३ | चुरयिमाई थान मन्दिर | मनहरी ७, रमौली |
| ४४ | ऋषेश्वर मन्दिर | मनहरी ८ |
| ४५ | मनहरेश्वर महादेव मन्दिर | मनहरी ८ |
| ४६ | बाघ भैरव स्थान | मनहरी ६, रुपाचुली |
| ४७ | सुनादेवी मन्दिर | मनहरी ६ |
| ४८ | चिसापानी पिक्निक स्पोट | ४ |

*स्रोत: मनहरी गाउँपालिकाको पाश्वचित्र, २०७५*

## १.१.४ आर्थिक सन्दर्भ

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, उद्योग, व्यापार, सेवामूलक व्यवसाय, नोकरी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल समेत भएकाले भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ। गाउँपालिकामा रहेका तालहरूसहितको सिमसार क्षेत्र, जैविक विविधताले गाउँपालिकाको विकासमा थप सम्भावना बोकेको छ। मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन्। यस गाउँपालिकाका मानिसहरू क्रमश साना उद्योगहरूको विकास तर्फ लागिरहेका छन्। यस गाउँपालिकाका मुख्य आर्थिक क्रियाकलापहरूमा व्यापार व्यवसाय, नोकरी र विकल्पमा वैदेशिक रोजगार रहेको देखिन्छ।

गाउँपालिकामा रहेको सक्रिय जनसंख्या मध्यको विभिन्न पेशा अंगाल्ने जनसंख्या मध्ये सबैभन्दा घरायसी काममा कृषि क्षेत्रमा ज्याला मजदुरी गर्नेको जनसंख्या ९,४३६ जना अर्थात २४.८ प्रतिशत, पेशागत काममा ८,७९९ अर्थात २३.१ प्रतिशत, व्यापार व्यवसायमा १,३७३, घरायसी काममा १०७४, गैर कृषि क्षेत्रमा ज्याला मजदुरी ८७५ र अन्य काम गर्ने जनसंख्या १४,४७३ रहेका छन् । काम नगर्ने जनसंख्या पनि ५०७ जना रहेको छ । नोकरी, ठेक्का, आफ्नै खेतीपाती, उद्योगधन्दा र स्वरोजगारमा लागेको जनसंख्या न्यून छ भने उद्योग घन्दा संचालन गरी उत्पादनमूलक काममा लागेको जनसंख्या नगण्य रहेको छ । यसरी समग्र तथ्याङ्कको विष्लेषण गर्दा स्पष्ट नखुलेको घरायसी काममा अत्याधिक, परम्परागत कृषिकर्ममा र ज्याला मजदुरी गर्नेको संख्या उल्लेख्य रहेकोले । गाउँपालिकाले सामान्य जीवनस्तर न्यून रहेको प्रस्ट हुन्छ । अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसंख्या उच्च हुँदा गाउँपालिकाको विकासमा दीर्घकालिन नकारात्मक प्रभाव पर्दछ । यसर्थ दिगो विकासको लागि रोजगारी श्रृजना, दक्ष जनशक्ति उत्पादन र उत्पादन र सेवामुखी उद्योग व्यवसायको विकास गेर्न दीर्घकालिन कार्ययोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि ९४.४४ प्रतिशत उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा मास, मसुरो, रहर, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, सुर्यमुखी र भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, टमाटर उत्पादन हुन्छ । त्यस्तै उखु, सुर्ती, जुट आदी नगदे बाली हुन् साथै गाउँपालिकामा आँप, केरा, लिचि, कागती जस्ता फलफुल पनि उत्पादन हुने गरेको पाईन्छ । मनहरी गाउँपालिका कृषि क्षेत्रलाई अझ व्यवसायिक र आधुनिकीकरण गर्नु पर्ने देखिन्छ । जसले गाउँपालिकाको आर्थिक वृद्धिदर वृद्धि भई विकास हुने देखिन्छ ।

(क) हिउँदे बाली गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा उखु, मसुरो, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, आलु, मसला बाली आदि रहेका छन् ।

(ख) वर्षे बाली गाउँपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, दलहन, भटमास, मास, मुग, गहत, वर्षे तरकारी, आलु, कागती निबुवा, केरा, मसला बाली, अदुवा आदि छन् ।

## १.१.५ शिक्षा क्षेत्रको अवस्थाः

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ मनहरी गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमानै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ । सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको ।

मनहरी गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन । तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ ।
१-८ सम्म को शिक्षा लाइ आधारभूत शिक्षा को रुपमा परिभाषित गरिएको छ

| विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | विद्यालय विद्यार्थी अनुपात |
|---|---|---|---|
| सामुदायिक | ३२ | ६२३२ | १:१९५ |
| संस्था गत | ७ | १८४३ | १:२६३ |
| जम्मा | ३९ | ८०७५ | १:२०७ |

कक्षा १-१२ सम्म को शिक्षक विद्यार्थी अनुपात

| विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | विद्यालय शिक्षक अनुपात |
|---|---|---|---|
| सामुदायिक | ३२ | ७६८२ | १:३७ |

कक्षा ९-१२ संचालन भएको विद्यालयलाई माध्यमिक विद्यालयको रुपमा लिईएको छ

| विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | विद्यालय विद्यार्थी अनुपात |
|---|---|---|---|
| सामुदायिक | ९ | १४५३ | १:१६१ |
| संस्था गत | ३ | १६० | १:५३ |
| जम्मा | १२ | १६१३ | १:१३४ |

**मनहरी गाउँपालिकाको कक्षोन्नतीदर**

| **विवरण** | **कक्षोन्नतीदर(१)** | **कक्षोन्नतीदर(८)** | **कक्षोन्नतीदर(१०)** |
|---|---|---|---|
| नेपाल | ८१.४ | ९५ | ९८.४ |
| बागमती प्रदेश | ८३. | ९४.७ | ९८.४ |
| मकवानपुर | ६६.९ | ९४.७ | ९८.४ |
| मनहरी | ८४.२ | ८७.७ | ९४.३ |

स्रोत : शिक्षा विकाश तथा समन्वय इकाई , मकवानपुर

**मनहरी गाउँपालिकाको कक्षा दोहोर्याउने दर**

| **विवरण** | **दोहोर्याउने दर(१)** | **दोहोर्याउने दर(८)** | **दोहोर्याउने दर(१०)** |
|---|---|---|---|
| नेपाल | १०.६ | १.२ | १ |
| बागमती प्रदेश | ८.९ | १.५ | १ |
| मकवानपुर | १७.० | १.४ | ०.३ |
| मनहरी | ८.० | ८.४ | ५.८ |

स्रोत : शिक्षा विकाश तथा समन्वय इकाई , मकवानपुर

**मनहरी गाउँपालिकाको कक्षा छाड्ने दर**

| **विवरण** | **कक्षा छाड्ने दर (१)** | **कक्षा छाड्ने दर (८)** | **कक्षा छाड्ने दर (१०)** |
|---|---|---|---|
| नेपाल | ३.७ | ३.६ | ०.३ |
| बागमती प्रदेश | ३.८ | ३.३ | ०.३ |
| मकवानपुर | ११.७ | ८.४ | १.१ |
| मनहरी | ३.५ | ३.५ | ०.६ |

स्रोत : शिक्षा विकाश तथा समन्वय इकाई , मकवानपुर

**सामुदायिका विद्यालयका शिक्षक दरवन्दी विवरण**

हालसम्म मनहरी गाउँपालिकामा तपशिल बमोजिमका २१० जना शिक्षक, ३६ जना संघिय बालविकास सहजकर्ता,४० जना विद्यालय सहयोगी रहेका छन।

| क्र स | | जम्मा दरबन्दी | | | हाल कार्यरत जम्मा | पदपूर्ति हुन बाकि |
|---|---|---|---|---|---|---|
| | तह | स्थायी | राहत | जम्मा | | |
| १ | प्राथमिक | ११६ | ३२ | १४८ | १४८ | ० |
| २ | निम्न माध्यमिक | १४ | २१ | ३५ | ३४ | १ |
| ३ | माध्यमिक | १० | १३ | २३ | २२ | १ |
| ४ | उमाबि अनुदान | ० | ४ | ४ | ४ | ० |
| | **जम्मा** | **१४०** | **७०** | **२१०** | **२०८** | **२** |

***५ वर्ष वा सोभन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या***

| शैक्षिक अवस्था | कुल % | पुरुष % | महिला % |
|---|---|---|---|
| पढ्न र लेख्न दुवै जानेको | ७७.७ | ८३.८ | ७१.९ |
| पढ्न मात्र जानेका | ०.३ | ०.२ | ०.४ |
| पढ्न र लेख्न दुवै नजानेको | २२ | १५.९ | २७.८ |

## १.२ विगतको योजनाका प्रगति समीक्षा

देशको आर्थिक सामाजिक साँस्कृतिक विकासको प्रमुख पूर्वाधार शिक्षा हो। शिक्षाको योजनाबद्ध रूपमा विकास र विस्तार गर्नका लागि नेपाल सरकारले विभिन्न योजनाहरू तयार गरी कार्यान्वयन गर्दै आएको छ। राष्ट्रियस्तरमा राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको योजना २०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन र यसका सुझावहरूको कार्यान्वयन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनमा आधारित शैक्षिक विकास कार्यक्रमहरू २०५५, सबैका लागि शिक्षा, माध्यमिक शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास योजना लगायतका योजना तथा कार्यक्रमहरूको क्रमबद्ध कार्यान्वयनबाट शिक्षाको विकास हुँदै आएको छ। यसैगरी सरकारका प्रथम पञ्चवर्षीय योजना देखि हाल कार्यान्वयनमा रहेको सोह्रौं पञ्चवर्षीय योजनाले समेत शिक्षा क्षेत्रको विकासमा योगदान पुर्याएको छ। यसैगरी नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिवद्धताहरूका आधारमा ती प्रतिवद्धताहरूलाई राष्ट्रिय योजना तथा कार्यक्रमहरूमा समावेश गरी योजनाबद्ध रूपमा कार्यान्वयन गरी शिक्षामा पहुँच, सहभागिता, गुणस्तर र समावेशी पक्षमा प्रगति भएको छ। हाल दिगो विकासका लक्ष्य २०३० को प्रभावकारी कार्यान्वयनका लागि योजनाबद्ध रूपमा शैक्षिक विकासका लागि कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

यसै सन्दर्भमा मनहरी गाउँपालिकाको आर्थिक बर्ष २०८०/ ८१ को समग्र शिक्षा क्षेत्रको समिक्षा गर्दा निम्न बमोजिमका बुदाहरुलाइ प्रगतिको रुपमा देख्न सकिन्छ

१. शिक्षक दरबन्दीको अभाव भएका १७ ओटा विद्यालयका लागि शिक्षक व्यवस्थापन अनुदान रु ६४,३२,७४५ निकाशा भएको
२. विद्यालयमा हुने सामान्य खर्च व्यवस्थापनका लागि ३२ विद्यालय लाइ रु १४,९९, ५८० निकाशा भएको
३. ३६ जना बाल विकाश सहजकर्ता, ४० नजना विद्यालय कर्मच्चारी गरि जम्मा ७६ जनालाई मासिक तलबमा थप ९००० परिश्रमिक थप गरिएको साथै ३ जना बाल विकाश सहजकर्ता लाइ मासिक १९,००० क दरले अन्तरिक स्रोतबाट तलब भत्ता निकाशा गरिएको

४. आर्थिक अभावको कारण पठन पाठनको लागि कठिनाईमा परेका गरिब र बिपन्न बालबालिकाहरु मध्ये २९२ जना ( रु २० लाख ) बालबालिका हरुका लागि गरिबसँग विशेश्वर शैक्षिक छात्रवृति प्रदान गरिएको
५. माध्यमिक संचालित ९ वटा विद्यालयमा सी सी टिभी र इ हाजिरी तथा अन्य २३ वटा विद्यालयमा जडान गरिएको
६. विद्यालय मर्मत अन्तर्गत १२ वटा विद्यालय क लागि २५ लाख तथा विद्यालय शुद्ध खानेपानी व्यवस्थापनका लागि ६ वटा विद्यालयलाइ १० लाख बराबर खर्च भएको
७. कक्षा ८ मा ८६९ जना विद्यार्थी तथा कक्षा ५ को लागि ६९२ जना परीक्षार्थीहरुको पर्क्षा संचालन तथा व्यवस्थापन भएको
८. उत्कृष्ट ३ वटा विद्यालय, उत्कृष्ट २० जना शिक्षक र उत्कृष्ट १२ जना विद्यार्थीहरु (विद्यार्थीका अभिभावकहरुलाई सम्मान) का लागि पुरस्कार तथा सम्मान गरिएको
९. प्राथमिक तहका १८ विद्यालय हरु संग करार सम्झौता गरि प्रोत्साहन भत्ता उपलब्ध गराइएको साथै प्रा अ मार्फत शिक्षक हरु संग समेत करार सम्झौता भएको
१०. अभिभावक सचेतना कार्यक्रम ७ वटा विद्यालयमा भएको जस मध्ये ४३९ जना अभिभावकहरु प्रत्यक्ष लाभान्वित भएको
११. महेन्द्र किरण माध्यमिक विद्यालयमा छात्राबास संचालन तथा व्यवस्थापनका लागि मासिक रु १ लाख का दरले जम्मा ४ लाख आर्थिक अनुदान दिएको
१२. शिक्षक कर्मचारी हरुका लागि बिभिन्न पेशागत क्षमता विकाश तालिम, पाठ्यक्रम प्रबोधिकरण, इमिस अभिमुखीकरण, विद्यार्थी मुल्यांकन तथा सामाजिक परिक्षण सम्बन्धि क्षमता विकाश, विषय गत तालिम, विद्यालय लेखा सम्बन्धि, बाल विकाश सहजकर्ता हरु का लागि तथा निजि स्रोत मा कार्यरत शिक्षकहरुको क्षमता अभिबृद्दि लगायतका बिभिन्न तालिमहरु संचालन तथा सम्पन्न गरिएको
१३. सुचना प्रबिधि वातावरण अध्यापन तथा प्रसासनिक कार्यका लागि १३ वटा विद्यालय लाइ ल्यापटोप तथा ३ वटा विद्यालय को लागि टिभी बितरण गरिएको
१४. अंग्रेजी माध्यमबाट पठन पाठन प्रोत्साहन का लागि ३ वटा विद्यालय लाइ आर्थिक प्रोत्साहन गरिएको
१५. शैक्षिक नोट तयार योजना र निर्माणको सहजीकरणका लागि लगभग ४०० जना शिक्षक तथा कर्मचारिहरुलाइ शिक्षक डायरी तथा ५०० प्रति शैक्षिक क्यालेण्डर निर्माण साथै ३५० को संख्यामा शिक्षक परिचय पत्र समेत बितरण गरिएको
१६. शुन्य दरबन्दी भएको ११ /१२ कक्षा संचालित २ वटा विद्यालयहरुलाई शिक्षक व्यवस्थापन का लागि ३ लाख का दरले निकाशा गरिएको
१७. कक्षा १/१२ सम्मका विद्यालयमा नि: शुल्क पाठ्यपुस्तक लगभग ८००० विद्यार्थी हरुका लागि ५२ लाख बराबर खर्च भएको
१८. कक्षा ६ देखि १२ सम्म का २५०० जना छात्राहरुकालागी स्यानेटरी प्याड खरिद गरि विद्यालयमा हस्तान्तरण गरिएको
१९. निस्क्रिय रहेको हाडीखोला सामुद्दायिक सिकाई केन्द्र र दर्पण समुदयिक सिकाइ केन्द्र लाइ सक्रिय रुपमा संचालित गरिएको
२०. प्रसुती बिदामा रहेको समयमा शिक्षा व्यवस्थापनका लागि ४ जना शिक्षिक लाइ ३ महिनामा ४५ हजारका दरले १८० हजार खर्च भएको
२१. शिक्षिक/कर्मचारिहरुकालागी जम्मा यस आर्थिक बर्षमा १२ करोड ५० लाख ७ हजार ९९९ रुपमा निकासा भएको

## १.३ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरूको विश्लेषणः

लक्षित समूहका बालबालिकाको सहभागिता कमजोर हुनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षितरूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूल धारको रूपमा विकास गर्न नसकिनु, शिक्षासम्बन्धी अधिकार कार्यान्वयनको लागि पर्याप्त

स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा आजीवन सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, निजी लगानीका शैक्षिक संस्थाहरूको उचित व्यवस्थापन र प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन्। विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न बाधा पर्नु।
- विद्यालयसँग प्रत्यक्ष सम्बन्धित विभिन्न निकायहरू विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुन नसक्नु
- प्रारम्भिक बालविकास तथा शिक्षा ४ वर्षका बालबालिकाहरूका लागि लक्षित भए पनि ४ वर्षभन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने दर उच्च हुनु
- परिवार, समाज र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम लैङगिक विभेद कायमै रहनु
- विशेष क्षमता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु
- सामाजिक, आर्थिक र जातिय विविधताका कारण सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु
- विद्यालयस्तरीय पाठ्यक्रमलाई बालमैत्री, बालमनोविज्ञानमा आधारित बनाई सबै तहका बालबालिकाहरूका लागि समय सान्दर्भिक, स्तरयुक्त र आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु
- सबैलाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सिप प्रदान गर्न नसकिनु
- विद्यालयप्रति समुदायको सहभागिता र अपनत्व वृद्धि हुन नसक्नु
- तालिम प्राप्त शैक्षिक जनशक्तिको अभाव हुनु र भएको रिक्त शिक्षक दरबन्दीमा समेत समयमै पदपूर्ति गर्न नसक्नु
- सूचना तथा सञ्चार प्रविधि पर्याप्त नहुनु र भएका विद्यालयहरूमा समेत प्राविधिक जनशक्ति अभाव हुनु
- शिक्षक तथा कर्मचारीको क्षमता विकासमा चासो तथा लगावमा कमी हुनु
- औषत सिकाइ उपलब्धि प्राप्त गर्न नसक्नु
- नीतिगत अस्पष्टता र बाधालाई समाधान गरी उपर्युक्त शैक्षिक वातावरण सृजना गर्न नसक्नु

## १.४ शिक्षाका चुनौतीहरूको SWOT विश्लेषणः

विद्यालय शिक्षा सर्वसुलभ, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोतसाधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ सराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन्। विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा निम्नानुसारका चुनौतीहरू पहिचान गर्न सकिन्छ :

- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षा सुनिश्चित गर्न प्रारम्भिक बाल विकास केन्द्र कक्षाको/ समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्ने कार्यले पूर्णता पाउन कठिन
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबैबालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न कठिन
- सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई पूर्ण बालमैत्री बनाउन कठिन
- आधारभूत शिक्षालाई अनिवार्य तथा नि:शुल्क र माध्यमिक शिक्षालाई नि:शुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत-साधनको व्यवस्था र संस्थागत संरचना तथा क्षमता विकास गर्न, सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउन कठिन
- शिक्षक र शैक्षिक क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्न, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्न र शिक्षा प्रणालीमा शैक्षिक सुशासन पूर्णरूपमा कायम गर्न कठिन
- विद्यालयमा मापदण्डअनुरुप प्रधानाध्यापक व्यवस्थापनमा कमि
- शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्न कठिन
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्न कठिन
- विद्यालय शिक्षालाई जलवायु परिवर्तन र असर, प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन सिमित जनशक्तिका कारण कठिन
- बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत् पूर्णरूपमा प्रदान गर्न कठिन
- विद्यालयलाई भयरहित, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन, साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर वृद्धि गर्न र विद्यालय शिक्षाबाट वञ्चित भएकालाई वैकल्पिक शिक्षाको प्रबन्ध गर्न कठिन
- गाउँपालिकामा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी बनाउन उत्तरदायित्व प्रणालीलाई प्रभावकारी बनाउन कठिन
- विद्यालयको सिकाइप्रति अभिभावक तथा समुदायको आकर्षण बढाउने र विश्वास जगाउने वातावरण सिर्जना गर्ने;
- रोजगारमुखी शिक्षालाई प्रवर्धन गर्दै प्रतिभा पलायन रोक्न कठिन
- भौगोलिक विकटताका वावजुद विद्यार्थीलाई विद्यालयसम्म आइपुग्ने वातावरण बनाउनु, भर्ना भएका विद्यार्थीलाई नियमित गराउन र टिकाइराख्न कठिन
- अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरूको सहज उपलब्धतामा कमी
- स्थायी दरबन्दीमा नियुक्त शिक्षकहरू छोटो अवधिमै सरुवा भइ अन्यत्र जाने प्रवृत्ति घटाउन कठिन
- आवधिक रूपमा शिक्षकको आन्तरिक सरुवा गर्न

## १.५ अवसरहरू:

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन्। विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा निम्नानुसारका अवसरहरू पहिचान गर्न सकिन्छ :

- शिक्षाका कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गर्न प्रमुख प्राथमिकताका कार्यक्रमहरूको पहिचान हुनु
- सरोकारवालाहरू शैक्षिक व्यवस्थापनको निर्णय प्रक्रिया र स्रोत परिचालनमा उत्तरदायी एवम् उत्साही देखिनु

- शैक्षिक सेवाहरूको विस्तार र सुधारमा एकरुपता ल्याउन राजनीतिक पार्टी र नागरिक समाजको समेत सहयोग र समर्थन प्राप्त हुनु
- विद्यालय क्षेत्र विकास कार्यक्रमको सफल कार्यान्वयनबाट सेवा प्रवाहमा दक्षता वृद्धि भई मनहरी शिक्षा योजना कार्यान्वय गर्न आवश्यक पूर्वाधार तयार हुनु
- विद्यार्थीको सक्रिय सहभागिता र सिकाइका लागि सेवा प्रदान गर्न गाउँपालिकाको संयन्त्रको आन्तरिक क्षमता र दक्षतामा वृद्धि हुनु
- विद्यालय क्षेत्र विकास कार्यक्रमबाट शिक्षा क्षेत्रमा पहुँच र गुणस्तर सुधारको लागि योगदान पुग्नु
- बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षामा समान पहुँच र अवसरमा वृद्धि गर्न विभिन्न सङ्घसंस्था/हरूको साझा प्रतिबद्धता जाहेर हुनु
- हालसम्म कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरूको जगमा मनहरी शिक्षा योजना कार्यान्वयन गर्न मजबुत आधारशीला तयार बन्नु
- भूगोल र जनसङ्ख्याका आधारमा पर्याप्त विद्यालय सङ्ख्या हुनु
- अधिकांश विद्यालयहरूमा इण्टरनेटको पहुँच पुग्नु
- स्थानीय स्तरमै अनुभवी र विज्ञ शैक्षिक जनशक्तिको उपलब्धता हुनु
- स्थानीय जनशक्तिबाट स्थानीय पाठ्यक्रम एवम् सन्दर्भ सामग्री निर्माण गरी लागू गर्नु
- प्रारम्भिक कक्षा (१-३) को सिकाइलाई प्रभावकारी बनाउन अनिवार्य रूपमा निरन्तर सिकाइ मुल्याङ्कन प्रणाली लागू हुनु

# परिच्छेद २ः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

यस योजनाका लागि आधार बनाइएका हाम्रा विद्यमान नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजमध्ये उल्लेखित प्रावधानलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

संवैधानिक प्रावधान
धारा ३१ का शिक्षासम्बन्धि हक
धारा ५१ राज्यका नीति: ज)नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः
यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको।

स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४
दफा ११ )२( ज )स्थानीय तहका शिक्षासम्बन्धी  काम, कर्तव्य र अधिकार(
दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ का दफा र नियमहरू

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

**"समृद्ध नेपाल र सुखी नेपाली"** को दीर्घकालिन सोच राखेको हाम्रो देशले २०८३  सम्ममा अतिकम विकसित मूलुकबाट विकासशील देशमा स्तरोन्नती हुने र २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्दै मध्यम आयस्तर भएको मुलुकमा स्तोरोन्नति हुने दीर्घकालिन सोच राखेको छ। त्यसैगरी शिक्षाको विकासका लागि **" स्वस्थ, शिक्षित र सिपयुक्त मानव पूँजी निर्माण "** भन्ने लक्ष्य सोह्रौ योजना (२०८१/८२  - २०८५/८६) ले राखेको छ।

## २.२ गाउँपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य

"प्रविधिमैत्री, समावेशी, गुणस्तरिय र व्यवहारिक शिक्षा ; विकास र समृद्धि, मनहरी गाउँपालिकाको इच्छा"

## २.३ लक्ष्य

सबै बालबालिकालाई समावेशी शिक्षाको पहुचमा ल्याई नैतिक, दक्ष, सीपयुक्त व्यवहारिक शिक्षाको माध्यम बाट नवप्रबर्धन उन्मुख बनाइ सम्बृद्ध मनहरी आधार निर्माण गर्ने

## २.४ उद्देश्यहरू

यस योजनाको प्रमुख उद्देश्य नेपालको संविधानले परिकल्पना गरेअनुसार शिक्षाको पहुँच, गुणस्तर, समता, दक्षता र सुशासनमा सुधार ल्याई सङ्घ र प्रदेश सरकारसँग समन्वय, सहकार्यका माध्यमबाट सबै नागरिकको जीवनोपयोगी र सिपमूलक शिक्षाको अवसर सुनिश्चित गर्नु हो । यस योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. गाउँपालिका भित्रका सबै अवस्थाका बालबालिकाहरूको पोषण, स्याहार, मनोरञ्जन सहितको प्रारम्भिक बाल शिक्षा, निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र माध्यमिक शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु

२. सबै विद्यालयमा आधारभूत पूर्वाधार, दक्ष जनशक्ति र सञ्चार प्रविधिको व्यवस्था मिलाई गुणस्तरीय र प्रतिस्पर्धात्मक शैक्षिक वातावरण निर्माण गर्नु

३. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास एवम् विस्तार गरी उत्पादनमुखी र सक्षम जनशक्ति उत्पादन गर्नु

४. अनौपचारिक तथा निरन्तर सिकाइका अवसर प्रदान गर्नु र शिक्षालाई सीप विकास र आयआर्जनसँग आवद्ध गर्नु

५.शैक्षिक सुशासन र व्यवस्थापनको सुदृढीकरण मार्फत् संस्थागत सक्षमता अभिवृद्धि गर्नु

६. विपद् तथा महामारीका समयमा समेत सिकाइ निरन्तरता हुन सक्ने वातावरणको सृजना गर्नु

७.माध्यमिक तहसम्मको शिक्षामा अपाङ्गता भएका बालबालिकाहरूलाई आवश्यकताअनुसार ब्रेल लिपि तथा साङ्केतिक भाषा सहितको सिकाइमा पहुँच सुनिश्चित गर्नु

८. संघ र प्रदेश सरकारसँगको सहकार्य र समन्वय सुदृढ बनाउनु।

## २.५ रणनीतिहरू

१.विद्यालय उमेर समूहका सबै बालबालिकालाई पोषण, स्याहार, मनोरञ्जन सहितको एक वर्षको बाल शिक्षा अनिवार्य गर्ने।

२. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षाका गुणस्तरका मापदण्ड विकास गरी सोका आधारमा सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्ने।

३. लोपोन्मुख, अति सिमान्तकृत, दलित, द्वन्द्वपिडित, अति विपन्न समूहका र जोखिममा रहेका बालबालिकालाई सुविधा (छात्रवृत्ति) प्रदान गर्ने।

४. सबै विद्यालयलाई मापदण्डमा आधारित आधारभूत पूर्वाधार, दक्ष जनशक्ति र स्रोत साधनले युक्त प्रतिस्पर्धात्मक तथा प्रभावकारी सिकाइ वातावरणको सुनिश्चित गर्ने

५. सूचना, सञ्चार तथा प्रविधिको पहुँच विस्तार गरी प्रविधिमैत्री जनशक्तिमार्फत गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्ने

६. सीपयुक्त र उद्यमशील जनशक्ति विकास गर्न आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको अवसर प्रदान गर्ने।

७. वडा तहमा रहेका निरन्तर शिक्षा एवम् आयआर्जनका अवसर प्रदान गर्न सामुदायिक सिकाइ केन्द्रहरूको विकास तथा सुदृढीकरण गर्ने।

८. अति विपन्न समुदायका व्यक्तिहरूलाई स्वरोजगार बनाउन सिपमुलक कार्यक्रम संचालन गर्ने

९. विद्यालयको शैक्षिक व्यवस्थापनलाई सक्षम निष्पक्ष पारदर्शी र जवाफदेही बनाउन वडा शिक्षा समिति, विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकको सक्षमता विकास गर्ने

१०. भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गरी न्यूनतम जनशक्तिको व्यवस्थापन गर्ने।

११. विपद तथा महामारीमा शैक्षिक निरन्तरता प्रदान गर्न प्रत्येक विद्यालयमा उत्थानशील पूर्वाधार एवम् वैकल्पिक सिकाइ प्रणाली विकास गर्ने।

१२. अपाङ्गता मैत्री विद्यालय वातावरण सिर्जना गर्ने र अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच गुणस्तरीय सिकाइ तथा सिकाइ समस्याहरूमा सहजीकरण गर्ने।

१३. अपाङ्गता तथा कार्यगत सिमितता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न सुधार एवम् मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याउने।

१४. सामाजिक न्याय एवम् समताका लागि विद्यमान विभेद, हिंसा, दुर्व्यवहार तथा कुरीति अन्त्य गर्न विद्यालय र समुदायमा रहेका विभिन्न सञ्जालहरू परिचालन गरी अभिभावक जागरण अभिवृद्धि गर्ने।

१५. संघ र प्रदेश सरकारबाट जारी भएका नीति र कार्यक्रमहरूसँग समन्वय हुने गरी आफ्ना नीति तथा कार्यक्रमहरू निर्माण एवम् कार्यान्वयन गर्ने।

## २.६ कार्यनीतिहरू

### २.६.१ प्रारम्भिक बालविकास

१. प्रारम्भिक बालविकासको अवस्था पहिचान गरी प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्न मापदण्डका आधारमा बालविकास केन्द्रहरू सञ्चालन गरिनेछ।

२. प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि पोषण, स्याहार, मनोरञ्जन सहितको न्यूनतम मापदण्ड विकास गरी सूचकका आधारमा वर्गीकरण गरी थप प्रोत्साहन गरिनेछ।

३. प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सहजीकरण गर्न सिकाइ सामग्रीहरूको उचित प्रबन्ध र प्रयोगको वातावरण तयार गरिनेछ।

४. प्रारम्भिक बालविकासका शिक्षकहरूलाई खेलमा आधारित एवम् बालबालिका केन्द्रित सिकाइ प्रक्रिया सम्बन्धी तालिम प्रदान गरी सक्षमता विकास गरिनेछ।

### २.६.२ आधारभूत शिक्षा

१. प्रत्येक बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकार सुनिश्चित गर्न अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा मापदण्ड वडास्तरीय संरचनाहरूलाई जिम्मेवार बनाइ कार्यान्वयन गरिनेछ।

२. अपाङ्गता भएका बालबालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने सवैधानिक हकको सुनिश्चित गर्न विद्यालयमा पहुँचयुक्त संरचना निर्माण तथा बालवालिकाको आवश्यकताअनुसार सिकाइ सहयोगका कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

२. अपाङ्गता भएका वा सिकाइ सिमितता भएका बालबालिकाको पहिचान (Screening) गरी वैयक्तिक सिकाइ योजना कार्यान्वयन गरी सिकाइमा सहजीकरण गरिनेछ।

४. सीमान्तकृत तथा लोपोन्मुख एवम् अति विपन्न समुदायका बालबालिकाहरूको शैक्षिक निरन्तरताका लागि आवश्यक प्रोत्साहन तथा सहयोगका कार्यक्रम कार्यान्वयनमा ल्याइने छ।

५. आधारभूत तहको सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षक सहयोग एवम् विद्यार्थी सहयोग पद्धति विकास गरी कार्यान्वयनमा ल्याइनेछ र निरन्तर सिकाइको मूल्याङ्कन तथा उपचारात्मक सिकाइको अवसर सुनिश्चित गरिनेछ।

६. प्रत्येक विद्यालयमा एक विद्यालय एक पुस्तकालयको अवधारणा अनुसार पुस्तकालयको प्रवन्ध गरी पठनसंस्कृतिका लागि क्रियाकलापहरू सञ्चालन गरिने छ।

७. स्थानीय मूल्य मान्यता, परम्परागत ज्ञान प्रविधि, सामाजिक तथा सांस्कृतिक पहिचान, संरक्षण तथा सम्बर्द्धन गर्न स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याइने छ।

८. बालवालिकाहरूमा सिर्जनशील, व्यावहारिक तथा जीवनोपयोगी सीप प्रत्यक्ष रूपमा अवलोकन, अन्तर्क्रिया तथा अनुभवबाट सिक्ने माध्यमको रूपमा स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास, शिक्षक निर्देशिका लगायतका सामग्री विकास तथा प्रयोग गरिनेछ।

९. आधारभूत तह देखि नै बालबालिकाहरूका प्रतिभाको खोजी गरी तिनको विकास तथा प्रवर्धनका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ।

१०. एकीकृत पाठ्यक्रमको अवधारणाअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न पेसागत विकास कार्यक्रम सञ्चालन गरी शिक्षकलाई बढी जिम्मेवार बनाइनेछ।

११.समावेशी शिक्षण सिकाइका लागि आधारभूत ज्ञान तथा सिप विकास गरी समावेशी लैङ्गिक मैत्री तथा वालमैत्री शिक्षण सिकाइको वातावरण सिर्जना गरिनेछ

२.६.३ माध्यमिक शिक्षा

१. माध्यमिक शिक्षालाई गुणस्तरीय बनाउन विषयगत एवम् दक्ष शिक्षकहरूबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नियमित रूपमा शिक्षक दरबन्दी मिलान तथा योग्यता पुगेका प्रधानाध्यापक व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

२. विद्यार्थी सङ्ख्या र विषयका आधारमा नपुग शिक्षकको व्यवस्थापन एवम् आकस्मिक रूपमा हुने शिक्षक अभाव परिपूर्तिका लागि आफ्नै स्रोत परिचालन गरी आवश्यक विषयगत युवा स्वयम् सेवक शिक्षकको प्रवन्ध गरिनेछ।

३. प्रत्येक माध्यमिक विद्यालयमा "एक विद्यालय, एक पुस्तकालय" र STEAM को अवधारणाअनुसार विषयगत प्रयोगशाला र सूचना सञ्चार तथा प्रविधि सम्बन्धी प्रयोगशाला क्रमशः प्रबन्ध गरी गुणस्तरीय शिक्षण सिकाइको न्यूनतम वातावरण निर्माण गरिने छ।

४. प्रत्येक विद्यालयका भौतिक संरचना तथा शिक्षण सिकाइ क्रियाकलापलाई अपाङ्गता मैत्री एवम् पहुँचयुक्त बनाइने छ।

५. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी लैङ्गिक मैत्री वातावरण निर्माण गरिनेछ।

६. प्रत्येक विद्यालयमा विद्यार्थीहरूलाई निःशुल्क र सहजरूपमा स्यानिटरी प्याड वितरण तथा व्यवस्थापनको प्रबन्ध गरिनेछ।

७. सम्भाव्यता र आवश्यकताका आधारमा गाउँपालिकाभित्र प्राविधिक शिक्षा तथा व्यावसायिक धारका शिक्षालयहरू सञ्चालन गरिनेछ।

८. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा श्रमप्रति सकारात्मक बनाउन तथा जीवनोपयोगी ज्ञान एवम् सिप विकासका लागि "पढ्दै कमाउँदै" कार्यक्रम सञ्चालन गरिनेछ।

९. माध्यमिक शिक्षामा अपाङ्गता भएका, सीमान्तकृत तथा अति विपन्न परिवारका बालबालिकालाई आवश्यक शैक्षिक सामग्रीहरू प्रबन्ध गरी माध्यमिक शिक्षा सम्मको शिक्षालाई निरन्तरता दिन सहयोग गरिनेछ।

१०.कमजोर सिकाइ भएका बालबालिकालाई सिकाइ समस्या समाधान गर्न र सिकाइ उपलब्धिमा सुधार गर्न उपचारात्मक शैक्षणिक सहयोग कार्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

११. विपद तथा अन्य महामारीमा सिकाइलाई निरन्तरता प्रदान गर्न सक्ने गरी भवनसंहिता अनुसार शैक्षिक पूर्वाधार निर्माण गरी आवश्यक शैक्षणिक सामग्रीको विकास एवम् कार्यान्वयन गरिनेछ।

१२. प्रत्येक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार गरी शैक्षिक व्यवस्थापन तथा गुणस्तर सुधारमा जिम्मेवार बनाइनेछ।

१३. बालवालिकाको शिक्षामा सहयोग एवम् प्रोत्साहनका लागि अक्षयकोष वा छात्रवृत्तिको व्यवस्था गर्न इच्छुक व्यक्ति वा संस्थाहरूलाई प्रोत्साहन गरिनेछ।

१४. प्रत्येक विद्यालयमा सामाजिक परीक्षण कार्यलाई संस्थागत गरी शैक्षिक प्रशासन तथा व्यवस्थापन प्रति शिक्षक विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा प्रधानाध्यापकलाई बढी जिम्मेवार र जबाफदेही बनाइनेछ।

२.६.४ अनौपचारिक तथा वैकल्पिक शिक्षा

१. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको विस्तार गरिने छ र साक्षरोत्तर कक्षा जीवनोपयोगी शिक्षा तथा अन्य पेसागत सिकाइ हस्तान्तरणको थलोको रूपमा विकसित गरिनेछ।

२. सामुदायिक सिकाइ केन्द्रलाई क्रमशः आधुनिक ज्ञानमा आधारित समाजको अवधारणा अनुसार समुदाय सदस्यहरूलाई सशक्तीकरण गर्न र आधुनिक सूचना सञ्चार र प्रविधिको प्रयोगमा अभिप्रेरित गर्न डिजिटल साक्षरता सीप विकास गरिनेछ।

३. स्थानीय आवश्यकता अनुसार सम्भाव्य आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्न अनौपचारिक तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सीपसँग व्यावसायिक सीपलाई जोड्दै आय आर्जनका कार्यक्रमहरू सञ्चालन कार्यलाई जोड दिइनेछ।

४. विद्यार्थीमा अन्तर्निहित प्रतिभाको पहिचान गरी वृत्तिविकासको मार्ग छनोटमा सहयोगका लागि पेशाविद् तथा सम्बन्धित क्षेत्रका विज्ञहरूमार्फत परामर्श दिने व्यवस्था मिलाइनेछ।

२.६.५ शिक्षामा समावेशिता र लैङ्गिक सशक्तीकरण

१. सबै तहको शिक्षामा लैङ्गिक समानताको अवस्था सिर्जना गर्न सीमान्तकृत तथा अति विपन्न समुदायका विद्यालय उमेर समूहका बालबालिका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक रूपमा एक जना महिला शिक्षकलाई तोकि छात्राहरूका समस्याहरू समाधान गर्न आवश्यक परामर्श सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

३. विद्यालयमा कार्यरत महिला शिक्षकको विद्यालय व्यवस्थापन तथा नेतृत्व विकास सम्बन्धी सक्षमता विका गरी विद्यालयको नेतृत्वका लागि प्रोत्साहित गरिनेछ ।

५. तोकिएका आधारमा अति सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताका लागि आवश्यक सहयोग प्रदान गरिनेछ ।

६. तोकिएका आधारमा अपाङ्गता एवम् कार्यगत सीमितता भएका, विपन्न, द्वन्द्वपिडित, अति सीमान्तकृत तथा दलित समुदायका बालबालिकाका लागि उच्च शिक्षासम्म लक्षित कार्यक्रमहरू सञ्चालन गरी उच्च शिक्षा पूरा गर्ने अवसर प्रदान गरिनेछ ।

७. विद्यालय र समुदायका बालक्लब, युवा क्लव, तथा अन्य सामुदायिक सञ्जालहरू मार्फत अभिभावक सचेतना तथा शैक्षिक जागरणका कार्यहरू सञ्चालन गरी समाजमा विद्यमान अन्धविश्वास, लैङ्गिक हिंसा, कुरीति, गलत मूल्य मान्यता, बालबिवाह, दाइजो प्रथा, घरेलु हिंसा र सबै प्रकारका विभेदलाई निरुत्साहित गरिनेछ ।

२.६.७ सुशासन तथा जवाफदेहिता

१. विद्यालयमा आधारित कार्यक्रम बजेट तथा अन्य सेवाहरूको पारदर्शिता र सूचनाको पहुँच बढाउन अनलाइन पद्धति विकास गरी सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

२. विद्यालयहरूमा गुनासो पेटिकाको व्यवस्थापन गरी गुनासो सुनुवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

३. विद्यालयहरूबाट सम्पादित कार्यहरूमा सुशासन कायम गर्न सामाजिक परीक्षण र वित्तीय परीक्षणलाई नियमित गराई सामाजिक परीक्षण प्रतिवेदन र आयव्यय विवरण अनिवार्यरूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

४. वडा शिक्षा समितिलाई आफ्नो वडा भित्रका विद्यालयको अनुगमन, रेखदेख र सामाजिक परीक्षणलाई पारदर्शी बनाउन जिम्मेबार बनाइ शैक्षिक सुशासन र जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

५ विद्यालय तहबाट हुने कार्यहरूको सही कार्यान्वयन तथा शैक्षिक क्रियाकलापहरूमा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघलाई थप जिम्मेवार बनाइनेछ ।

६. विद्यालय तथा शिक्षकहरूलाई सिकारुको सिकाइ उपलब्धिप्रति जिम्मेवार तथा जबाफदेही बनाउन कार्यसम्पादनमा आधारित विद्यालय अनुदान तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई कार्यान्वयनमा ल्याइनेछ ।

७. विद्यालयका सरोकारवालाहरूलाई सुशासन एवं वित्तीय अनुशासनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२.६.८ प्राविधिक एवम् व्यावसायिक शिक्षा तथा तालिम

१. प्राविधिक शिक्षामा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ ।
२. स्वरोजगार तथा उद्यमशीलता अभिवृद्धिका लागि तालिम प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरी मागमा आधारित छोटो र लामा अवधिका शैक्षिक कार्यक्रम तथा सीपमूलक तालिममार्फत आयआर्जनका अवसर सिर्जना गरिनेछ ।
३. प्राविधिक धारको शिक्षा सञ्चालन भएका संस्थाहरूको नियमन तथा भौतिक अवस्थामा सुधार गरी गुणस्तरीय शिक्षाको व्यवस्था मिलाइनेछ ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन गर्ने विद्यालय तथा संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

२.६.९ पाठ्यक्रम तथा पाठ्यसामग्री

१. मनहरी गाउँपालिका भित्रका जातजाति, संस्कृति, विशिष्टता र भौगोलिक विविधतालाई प्रतिबिम्बित हुने गरी कार्यान्वयनमा ल्याइएको स्थानीय विषयको पाठ्यक्रममा आवश्यक परिमार्जन गरी शिक्षक निर्देशिका तथा पाठ्यसामग्रीहरूको विकास तथा प्रयोग गरिनेछ ।

२. सामुदायिक तथा संस्थागत विद्यालयमा स्वीकृतिप्राप्त पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

४. खुला तथा दूर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालयमा सूचना, सञ्चार र प्रविधि (ICT) को पहुँच विस्तार तथा विकासमा पहल गरिनेछ।

२.६.१० शिक्षक तालिम तथा पेसागत विकास

१. शिक्षकको पेशागत विकासका लागि TMIS व्यवस्थित गरी शिक्षकहरूको क्षमता विकासका विभिन्न मोडेलहरू प्रयोगमा ल्याइनेछ।

२. विषयगत समितिहरूको व्यवस्था गरी शिक्षक तालिम एवम् पेसागत क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३. नव नियुक्त प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिनेछ।

४. निजी तथा गैरसरकारी संस्थाहरू समेतको सहकार्यमा शिक्षकहरूको क्षमता विकासका लागि तालिमहरू सञ्चालन गरिनेछ।

५. माग र आवश्यकताका आधारमा अनलाइन भर्चुअल तालिम / सञ्चालन गर्ने संयन्त्र विकास गरी तालिम सञ्चालन गरिनेछ।

६. कार्यरत शिक्षकहरूको योग्यता वृद्धिका कार्यक्रमहरू सञ्चालन गर्न विश्वविद्यालय र खुला विश्वविद्यालयसँग सहकार्य र साझेदारी गरिनेछ।

७. शिक्षकहरूका अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ।

८. प्रधानाध्यापक र शिक्षकहरूको लागि असल अभ्यासको आदानप्रदान गर्ने अवसर प्रदान गर्न अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. शिक्षकहरूलाई निरन्तर पेशागत सहयोगका लागि विषयगत समिति र स्वयम् सेवी विज्ञहरूको समूह गठन गरी कार्यथलोमा आधारित सुपरिवेक्षण र पृष्ठपोषण दिने व्यवस्था मिलाइनेछ

२.६.११ शैक्षिक व्यवस्थापन

१. विद्यालय व्यवस्थापनलाई व्यवस्थित गर्न नक्साङ्कन गरी आवश्यकताको आधारमा सामुदायिक तथा संस्थागत विद्यालय समायोजन एवम् तह थपघट गरिनेछ।

२. सामुदायिक तथा संस्थागत विद्यालयको व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक नीतिगत व्यवस्था तथा पृष्ठपोषणको पद्धति विकास गरिनेछ।

३. विशेष शिक्षा सञ्चालित विद्यालय तथा स्रोतकक्षाहरूको स्थापना र व्यवस्थापन गरिनेछ।

४. विद्यालयमा न्यूनतम सिकाइ अनुकूल वातावरणका सिर्जना गरी गुणस्तरीय सिकाइ सुनिश्चित गरिनेछ।

५. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको नियमित बैठक सञ्चालन गरी अनुभव आदानप्रदान गरिनेछ।

६. सामुदायिक र संस्थागत विद्यालयको अनुमति स्विकृतिका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

७. वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई शैक्षिक योजना तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिनेछ।

८. नतिजामा आधारित मूल्याङ्कन प्रणालीका आधारमा पुरस्कार, दण्ड र पृष्ठपोषणको पद्धतिलाई अवलम्वन गरिनेछ।

९. सामुदायिक सामुदायिक विद्यालय वीच भगिनी सम्बन्ध स्थापना गरी विद्यालय व्यवस्थापनका असल अभ्यास तथा सिकाइ अनुभव आदानप्रदानका लागि प्रोत्साहन गरिनेछ।

१०.सरोकारवालाको सहभागितामा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ।

११.विद्यालय व्यवस्थापनमा असल अभ्यास गरेका विद्यालयहरूलाई मापदण्ड निर्माण गरी नमुना उन्मुख विद्यालयका रूपमा विकास एवम् प्रोत्साहन गरिनेछ।

१२. संस्थागत विद्यालय वर्गीकरण, शुल्क निर्धारण तथा छात्रवृत्ति वितरणलाई व्यवस्थित र पारदर्शी बनाइनेछ।

१३. पालिकाभित्र सञ्चालित विश्वविद्यालयहरू, उच्च शिक्षा सञ्चालित संस्थाहरू, शिक्षा क्षेत्रसँग सम्बन्धित प्रतिष्ठानहरूसँग नीतिगत समन्वय एवम् सहजीकरण गरिनेछ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

शिक्षा योजना कार्यान्वयनको अन्त्य सम्ममा निम्नानुसारका उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने,
- अनिवार्य तथा नि शुल्क आधारभूत शिक्षामा पहुँच र:सहभागिता सुनिश्चित भई गुणस्तरमा सुधार आउने,
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आउने,
- विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,
- सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने,
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने,
- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक र मूल्याङ्कन प्रणाली प्रभावकारी हुने,
- बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आई सिकाइमा सहयोग पुग्ने,
- सबै विद्यार्थीहरूका लागि सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारसहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने,
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्ने,
- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकताका आधारमा कार्यक्रमहरू  तर्जुमा तथा कार्यान्वयन गरी निम्नानुसारका कार्यसम्पादन सूचकहरू पहिचान गरी योजना अवधिभरमा हासिल हुने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन्।

## तालिका २:१.प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८१ | | | लक्ष्य २०८३ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | सूचकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **१.** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | | | | | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८०-०८१ मनहरी गाउँपालिका, फ्ल्यास रिपोर्ट २०८०,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| १.१ | कुल भर्नादर | ९९.९ | १०९.९ | ९४.७ | ९५.९ | | ९६ | | १०४ | ९७ | ९९ | १०१ | ९९ | |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ६७.२ | | ७६.३ | ९० | | ८३ | १०० | | ९० | | | ९५ | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७६.९ | ७६.९ | ८७.४ | ८६.२ | | ९० | ९० | ८१ | ९५ | ९५ | ८५ | १०० | |
| **२.** | **आधारभूत शिक्षा** | | | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५.९ | | १०९.७ | १०६ | ११० | १०६ | | १०० | १०३ | | | १०० | |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९५.७ | ९६.१ | ९६.४ | ९९ | ९९ | ९८ | ९८.१ | ९९ | ९९ | | | १०० | |
| २.३ | कक्षा १- ५ मा कुल भर्नादर | १२४.५ | १३०.१ | ११९ | ११२ | ११५ | ११५ | ११८ | १०५ | १०५ | | | १०० | |
| २.४ | कक्षा १- ५ मा खुद भर्नादर | ९५.६ | ९६.१ | ९५.३ | ९८.४ | १०० | ९७ | १०० | ९८.१ | ९९ | १०० | ९९.५ | १०० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२.५** | कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | | ४.६ | ४.१ | ३ | ५ | ४ | ४ | ५ | | | | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८०-०८१ मनहरी गाउँपालिका, फ्ल्यास रिपोर्ट २०८०,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| **२.६** | कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४. | | २१ | २८.१ | ३० | | ३० | ३० | | | | | |
| **२.७** | कक्षा १- ८ मा कुल भर्नादर | १२०.४ | १२८.३ | १२० | १११.८ | ११२ | ११२ | १११ | ११० | ११० | १०० | १०६ | | |
| **२.८** | कक्षा १- ८ मा खुद भर्नादर | ९५.१ | ९५.९ | ९४.७ | ९७ | ९९ | ९७ | ९७ | १०० | ९९ | १०० | ९९ | १०० | |
| **२.९** | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १ | ०.९७ | १ | १ | १.०० | १ | १ | १.०० | | | १.०० | |
| **२.१** | कक्षा ८ मा टिकाउ दर | ८६.२ | | ८७.२ | ९०.९ | | ८९ | ९९.५ | | ९३ | ९९ | | ९६ | |
| **२.११** | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ८०.२ | | ८८.३ | ८६.९ | | ९४ | ९९ | | ९८ | ९८ | | ९९ | |
| **२.१२** | कक्षा ६- ८ सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | | | | ४ | | | ४ | | | | | |
| **२.१३** | कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१ | | | | ३० | | | ३० | | | | | |
| **२.१४** | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.९ | ५.१ | | १ | | | ० | | | ० | | | |
| **३. माध्यमिक शिक्षा** | | | | | | | | | | | | | | |
| **३.१** | कुल भर्नादर कक्षा ९- १० | ९४.६ | | ८८ | १०५.६ | ११५. | ९० | १०९ | ११० | ९५ | १०९ | | १०० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ | खुद भर्नादर कक्षा ९- १० | ७६.५ | ६५.५ | ७२.१ | ८१.४ | ७७.५ | ८० | ९६.४ | ९० | ८५ | ९६.४ | | ९२ | राष्ट्रिय जनगणना २०७८ EMIS data २०८०-०८१ मनहरी गाउँपालिका, फ्ल्यास रिपोर्ट २०८०,विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७ |
| ३.३ | कुल भर्नादर कक्षा ९- १२ | ७१.४ | ९९.८ | ६४.८ | ८२.७ | ९०.५ | ७५ | ९७ | ९५ | ८० | ९० | १०० | ८५ | |
| ३.४ | खुद भर्नादर कक्षा ९- १२ | ५७.९ | ६१. | ५१.९ | ५८.१ | ५७.५ | ५५ | ७२.१ | ७० | ६० | | ६५ | ६५ | |
| ३.५ | कुल भर्नादर कक्षा ११- १२ | ५१.५ | | ४४.३ | ७७.३ | ७७.१ | ५० | ८५.८ | ८५.५ | ५५ | | | ७० | |
| ३.६ | खुद भर्नादर कक्षा ११- १२ | २५.८ | | ३३.९ | ४०.१ | ४२.५ | ४० | ६२.२ | ६५.५ | ५० | ७४.३ | | ६५ | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६९.९ | | ८२.४ | ९७.९ | | ९० | ९९ | | ९५ | ८५ | | ९५ | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ३७.२ | | ३४ | ४२.७ | | ४५ | ५२.३ | | ५५ | ५५.२ | | ६० | |
| ३.९ | कक्षा ९- १० सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | | ३.५ | | ५ | ५ | | ६ | ५ | | | ६ | |
| ३.१० | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ४०. | | ३०.२० | | ३० | २५ | | ३० | २५ | | | ३० | |
| ३.११ | कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | | २ | | ४ | ३ | | ५ | ४ | | | ५ | |
| ३.१२ | कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३ | ७० | ३६ | | ४० | ३४ | | ३० | ३२ | | | ३० | |
| ३.१३ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०९ | | १ | १.०५ | | १ | १ | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | | | | | |
| ४.१ | ६ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | ७७.७ | ९६ | ९५ | ८५ | १०० | १०० | ९० | | | ९९ | |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ९२ | | ९०.७ | ९९ | | ९२ | १०० | ९५ | ९४ | | | ९६ | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | | | ९५ | | | १०० | ९५ | | | | | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | | | | | | | | | | | |
| ५.१ | आधारभूत तह | ५४ | ३० | ४९ | ५० | ३७ | ५४ | ५० | ४५ | ५५ | | | ५५ | |
| ५.२ | माध्यमिक तह | १९ | १४.१ | १३ | २५ | २० | १५ | ३० | २५ | २० | | | २५ | |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC)पूरा गरेका विद्यालय प्रतिशत (कम्तिमा ३ सक्षमता)** | | | | | | | | | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ५२ | | ४५ | ६३ | | ६५ | ९० | | ८५ | | | | |
| ६.२ | आधारभूत विद्यालय | १३.४ | | | ७० | | | ९५ | | | | | | |
| ६.३ | माध्यमिक विद्यालय | | | | ६० | | | ९० | | | | | | |
| **७. शिक्षामा लगानी** | | | | | | | | | | | | | | |
| ७.१ | कुल बजेटमा शिक्षाको बजेटको प्रतिशत | ११.६४ | | २२.५ | १७ | | २५ | २० | | २५ | २० | | २५ | |
| ७.२ | कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च | १८ % | | २२ % | २१ % | | २३ % | २४ % | | २४ % | | | २५ % | |
| ७.३ | कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च | ११ % | | १७% | १५ % | | १७ % | १७ % | | १७ % | | | १८ % | |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू

देशको आर्थिक विकास तथा सामाजिक विकास, राजनैतिक परिर्वतन र स्थिरता तथा रूपान्तरणको सशक्त माध्यम शिक्षा हो । गुणस्तरीय शिक्षा प्राप्त गर्नु नागरिकको मौलिक हकको रूपमा नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको छ । सोही संविधान अनुसार शासकीय स्वरूप अनुरूप देशको विकास तथा समृद्धिको लागि तीन तहको सरकारको समन्वय, सहकार्य, सहयोग तथा लगानी जरुरी छ । स्थानीय तहको शिक्षा क्षेत्रको कार्य जिम्मेवारी अन्तर्गत प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन र विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायत पर्दछन् । यी क्षेत्रहरूमा यस मनहरी गाउँपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरी देखिएका समस्या तथा चुनौतीहरूको सामना गर्न उपयुक्त रणनीति मार्फत शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्नुपर्ने आवश्यकता भए अनुसार यस गाउँपालिकाका शिक्षाका क्षेत्रगत विश्लेषण र भावी रणनीति तथा कार्यक्रमहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ परिचय

बालबालिकाको सर्वाङ्गीण विकास र विद्यालय प्रवेशको तयारी प्रारम्भिक बाल विकास शिक्षाको प्रमुख उद्देश्य हो । ३ वर्ष देखि ४ वर्षको उमेरलाई प्रारम्भिक बाल शिक्षाको उमेरको रूपमा व्यवस्था गरिएकोछ । शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासको दृष्टिले यो समय निकै महत्त्वपूर्ण र संवेदनशील उमेर हो। मानव जीवन कै बलियो आधारशीला निर्माणका लागि प्रारम्भिक बाल विकास महत्त्वपूर्ण रहेको हुन्छ । यो उमेरलाई बालबालिकाको विद्यालय शिक्षाको पूर्व तयारीका रूपमा लिइएको छ । हाल प्रारम्भिक बाल शिक्षाका लागि विद्यालयमा आधारित, समुदायमा आधारित र निजी तवरबाट समेत सञ्चालन भईरहेको हुँदा मुख्य रूपले तीन प्रकारबाट सञ्चालन भएको छ। यस्ता कक्षाहरूलाई नर्सरी, किन्डरगार्डेन, मन्टेश्वरी जस्ता नामहरू पनि दिएको पाइन्छ । प्रारम्भिक बाल विकास केन्द्रहरूको स्थापना र सञ्चालनको अनुमति स्थानीय तहले नै प्रदान गर्ने व्यवस्था रहेको छ । प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न विभिन्न पृष्ठभूमिका बालबालिकाको सिकाइ आवश्यकताअनुसार अनुकुल सिकाइ वातावरणका लागि न्यूनतम पूर्वाधार सुनिश्चित गरेर विभिन्न मोडेलका प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षा सेवाको विस्तार गर्नुपर्ने भएकोले स्रोत व्यवस्थापन तथा अन्य हिसावले पनि तीन तहका सरकार बिचको सहअस्तित्व, समन्वय र सहकार्यलाई सुदृढ बनाएर सरकारी, गैर सरकारी, निजी क्षेत्र र सबै सरोकारवालाको परिचालनलाई अझै सशक्त बनाई कार्यान्वनयमा लैजानुपर्ने आवश्यता देखिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

मनहरी गाउँपालिकामा हाल ३९ ओटा अनुदान प्राप्त प्रारम्भिक बालविकास कक्षा/केन्द्रहरू सञ्चालनमा छन्। ३१ ओटा सामुदायिक विद्यालयमा १ वा २ वा ३ ओटा प्रारम्भिक बालविकास केन्द्र आवद्ध छन् । सबै बालविकास सहजकर्ताहरू कक्षा १० वा सोभन्दा बढी शैक्षिक योग्यता प्राप्त छन् । शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार ३८३ बालिका र ४२९ बालक गरी ८१२ जना बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भई सिकिरहेका छन् । कुल भर्ना दर ९०.७ प्रतिशत देखिएबाट ४ वर्ष उमेर समूहका केही बालबालिकाहरू सहभागी नरहेको देखिन्छ । बालविकास शिक्षकहरूको पारिश्रमिक ज्यादै कम भएको कारणले पनि उनीहरूमा उत्प्रेरणा जगाउन र मनोबल बढाउन केही रकम स्थानीय स्रोतबाट थपिएको छ तथापी यो पर्याप्त भने छैन । अधिकांश प्रारम्भिक बालविकास केन्द्रहरूमा प्रारम्भिक बालविकासका मापदण्ड अनुसार न्यूनतम भौतिक र शैक्षिक सुविधा पुर्‍याउन सकिएको छैन । पिछडिएका समुदायका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच पुर्याउने, सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्ने र बालविकास शिक्षकहरूको वृत्ति विकास तथा क्षमता विकास गर्ने कार्य अझै चुनौतीपूर्ण नै छन् । अन्य सूचकहरूमा प्रारम्भिक बालविकासको अवस्था यसप्रकार रहेको छ।

१. मनहरी गाउँपालिकामा ३२ वटा सामुदायिक विद्यालय मध्ये प्रजा विकास प्रा बि बाहेक ३१ वटा  विद्यालयमा बाल विकाश शिक्षक को दरबन्दी रहेको छ।

२. गाउँपालिकाले आफ्नो स्रोत बाट ३ वटा दरबन्दी सृजना गरेको छ भने संघिय सरकार बाट ३६ वटा दरबन्दी गरि जम्मा ३९ वटा बाल शिक्षक दरबन्दी रहेको छ।

३. बाल विकाश तह मा जम्मा विद्यार्थी संख्या ८१२ जना रहेको छ। शिक्षक विद्यार्थी अनुपात २०.८२ रहेको देखिन्छ। आएका छन्।

५. बाल शिक्षक को क्षमता विकाश कार्यक्रम आर्थिक वर्षा ८०/८१ मा एक पटक (तिन दिने) सबै शिक्षक को लागि संचालन भएको थियो।

४. संघिय सरकारबाट रु १०,००० र गाउँपालिका बाट रु ९००० थप गरि जम्मा १९००० मासिक तलब प्राप्त गर्दै

## ३.१.३ चुनौतीहरूः

हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ।त्यसैगरी भूगोल, जनसङ्ख्या, मानवबस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवम् नयाँ स्थापना गर्नुपर्ने देखिन्छ ।यसैगरी हाल कायम बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी देखिन्छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको क्षमता अभिवृद्धि गर्दै लैजानु जरुरी देखिन्छ ।बालविकास केन्द्रहरूमा उचित र पर्याप्त भौतिक तथा शैक्षिक पूर्वाधारको स्थापना तथा व्यवस्थापन, बालविकास सहजकर्ताहरूको लागि उचित तथा न्यूनतम पारिश्रमिक व्यवस्थापन, सबै अभिभावकहरू तथा सरोकारवालहरूको अझै पनि पूर्णरूमा बाल शिक्षा प्रति ध्यान जान नसक्नु, बालविकास केन्द्रहरूमा बालमैत्री वातावरण तथा दक्ष सहजकर्ताहरूको अभाव साथै बालबालिका सङ्ख्याको आधारमा सबै बालविकास केन्द्रहरूमा सहजकर्ताहरूको अभाव पूरा गर्नु अहिलेका चुनौती हुन।

## ३.१.४: लक्ष्य

प्रारम्भिक बाल विकास उमेर (४-५ वर्ष) समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा बालविकासको दायरामा ल्याउने

## ३.१.५: उद्देश्य

(क) पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षालाई अधिकार र कर्तव्यका रूपमा स्थापित गर्नु।

(ख) आधारभूत शिक्षाको आधारका रूपमा प्रारम्भिक बालशिक्षालाई विकसित गर्नु।

## ३.१.६: रणनीति तथा कार्यनीतिहरू

१. प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्ने।

क) बालविकास केन्द्र सञ्चालनको राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट उक्त उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालकेन्द्रित एवम् खेलविधिबाट सिक्ने अवस्था सुनिश्चित गरिनेछ।

ख) प्रारम्भिक बाल विकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी हाल सञ्चालित बालविकास शिक्षक दरबन्दीको पुनर्वितरण, मापदण्डका आधारमा प्रोत्साहन उपलब्ध गराइनेछ।

ग) गाउँपालिका  स्तरीय  प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तररूपमा अद्यावधिक गरिनेछ।

घ) अभिभावक शिक्षा कार्यक्रमलाई परिवार साक्षरता, आय आर्जन, स्वास्थ्य तथा सरसफाइ तथा सिप विकास कार्यक्रमसँग आबद्ध गराएर प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममा समुदायको संलग्नता बढाइ प्रदेश र गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

२. प्रारम्भिक बाल विकासका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने।

क) प्रारम्भिक बाल विकास शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

ख) शिक्षकलाई अवलोकन भ्रमण मार्फत सिकाइका अनुभवहरू आदान प्रदान गर्ने अवसर प्रदान गरिनेछ।

ग) प्रारम्भिक बाल सहजकर्ताहरूको लागि उपलब्ध गराइँदै आएको प्रोत्साहन खर्चलाई निरन्तरता दिई न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ।

घ) विज्ञसमूहबाट अनुगमन तथा पृष्ठपोषणका आधारमा कार्यथलोमा आधारित शिक्षक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

३. प्रारम्भिक बाल विकास तथा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।

क) निर्देशिकाको मापदण्ड बमोजिमको बाल विकास व्यवस्थापनका लागि बालमैत्री कक्षा कोठा व्यवस्थापन, सिकाइ लगायतका अन्य सामग्रीहरूको व्यवस्थापनमा विद्यालयसँग सहकार्य र सहयोग गरिनेछ।

ख) बाल विकाससँग सम्बन्धित शिक्षक निर्मित सिकाइ सामग्रीहरूको विकास गरी प्रयोगमा जोड दिइनेछ।

ग) स्वयम्सेवक बालकक्षा शिक्षक व्यवस्थापन गरी बालबालिका र प्रारम्भिक बाल विकास शिक्षकको अनुपात क्रमशः २०: १ कायम गरिनेछ।

घ) अभिभावक शिक्षा सञ्चालन गरिनेछ।

ङ) प्रारम्भिक बाल विकास तथा शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय सङ्घसंस्थाहरूसँग सहकार्य गरिनेछ।

## ३.१.७ अपेक्षित उपलब्धि

१. प्रारम्भिक बाल विकास उमेर (४-५ वर्ष ) समूहका सबै बालबालिका बालविकास केन्द्रमा गएका हुनेछन्।

२. कक्षा १ मा भर्ना हुन आउने सबै बालबालिकाहरू बालबालिकाहरूमा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, क्षमताको विकास भई आधारभूत शिक्षाका लागि सक्षम भएका हुनेछन्।

३. प्रारम्भिक बाल विकास कक्षाहरू भौतिक पुर्वाधारयुक्त र शैक्षिक सामग्रीको व्यवस्था सहितको सिकाइमैत्री हुनेछन्।

४. सबै प्रारम्भिक बाल विकास शिक्षकहरू उच्च क्षमता विकास भएका हुनेछन्।

प्रारम्भिक वालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | | | १ | १ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँग सहकार्य गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | बाल विकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने | ओटा | | १ | १ | २ | २ | ६ | १६ | |
| ६ | सहयोगी कार्यकर्ता र शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ७ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ९ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | ओटा | ५ | ५ | ६ | ६ | ६ | २८ | ३१ | |
| १० | सहजकर्ताको योग्यता क्षमता  र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | | | |
| १३ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत् स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | | |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घ संस्थाहरूको सहभागीता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १८ | सहयोगी (आया) को व्यवस्था | जना | | | | | | | | |
| १९ | न्यूनतम मापदण्ड पूरा गरेका नमुना बालविकास केन्द्रहरू स्थापना गरिनेछ। | वडा | ० | ३ | ३ | ३ | ० | ९ | ९ | |
| २० | प्रारम्भिक वालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा वृद्धि गर्ने | पटक | | | १ | | | १ | २ | |

# ३.२ आधारभूत शिक्षा

## ३.२.१ परिचय

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले सङ्घीय तथा प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाका लागि कानुन बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। पायक पर्ने विद्यालय उपलब्ध नभएको वा अन्य कुनै कारणले विद्यालयमा भर्ना समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकाहरूलाई त्यस्तो तहसम्मको वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुने कानुनी व्यवस्था रहेको छ। शिक्षाका साथै बालबालिकाहरूको स्वास्थ्य अवस्था सुदृढ पार्न आधारभूत तहसम्मको विद्यार्थीहरूलाई विद्यालयमा दिवा खाजाको व्यवस्था रहेको छ।

## ३.२.२ वर्तमान अवस्था

गाउँपालिकाका ३२ ओटा सामुदायिक विद्यालयहरूमध्ये कक्षा ८ सञ्चालन भएका ४ ओटा, कक्षा ५ सम्म सञ्चालित १३ ओटा, कक्षा ४ सम्म सञ्चालित १ ओटा, कक्षा ३ सम्म सञ्चालित ४ ओटा विद्यालयहरू रहेका छन्। ७ ओटा आधारभूत तहको अनुमति प्राप्त संस्थागत विद्यालयहरू छन्। प्राथमिक तहमा ११६ स्वीकृत दरबन्दी, ३२ राहत तथा निम्न माध्यमिक तहमा १४ स्वीकृत दरबन्दी, २१ राहत गरी आधारभूत तहमा १८२ शिक्षक दरबन्दी, राहतमा रहेका छन्। आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्‍याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप कक्षा १-५ र १-८ को खुद भर्नादर क्रमश: ९५.३ र ९४.७ पुगेको छ (CEHRD 2080)। विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालय बाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन्। आधारभूत शिक्षाको पहुँचमा आर्थिक र सामाजिक स्थितिमा आधारित असमानताहरू विद्यमान छन्। आर्थिक र सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति, कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ। कक्षा ८ को टिकाउ दर र आधारभूत शिक्षाको तह पूरा गर्ने दर करिब ८० प्रतिशत रहेको छ। महिला शिक्षकको अनुपात ६५.३५ प्रतिशत रहेको छ। प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरेका विद्यालयहरू करिब ५० प्रतिशत रहेका छन्। बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार एवम् सुधार गर्नुपर्ने छ। पेसागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ।

## ३.२.३ चुनौती

गाउँपालिकामा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययन गरी रहेका विद्यार्थीहरूको अवस्थालाई हेर्दा सामुदायिक विद्यालयहरूमा विद्यार्थी भर्नादर बढेको अवस्था देखिन्छ तर विद्यार्थी टिकाउ दर भने कम देखिन्छ। आधारभूत शिक्षा सञ्चालनका लागि यस गाउँपालिकामा विभिन्न किसिमका चुनौतीहरू छन्। जस्तै आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा शिक्षण सिकाइमा अनिवार्य सहभागीता सुनिश्चित गर्ने, अनिवार्य तथा नि:शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने, आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिलाई थप सुधारमा ल्याउने, आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालबालिका मैत्री बनाउने, विद्यालय पहुँच भन्दा टाढा रहेका र ग्रामीण दूरदराजमा रहेका बालबालिकाहरूलाई विद्यालय सेवाक्षेत्र भित्र प्रवेश गर्न वैकल्पिक प्रबन्धहरूको व्यवस्था गरी सहभागीतामा सुनिश्चितता गर्ने , विद्यालयमा कक्षागत तथा विषयगत शिक्षकहरूको दरबन्दी सिर्जना गरी सक्षम तथा तालिम प्राप्त योग्य जनशक्तिको व्यवस्थापन गर्ने, पोषण, सेनेटरी प्याड, दिवाखाजा, सन्दर्भ शैक्षिक सामग्रीहरूको उचित व्यवस्थापन गरी विद्यार्थीहरूलाई विद्यालयमा नियमित उपस्थिति गराउने व्यवस्था गराउने, विद्यालय शिक्षालाई प्राविधिक, व्यावसायिक, समावेशी र समतामूलक शैक्षिक संस्थाको रूपमा विकसित गराउने, विद्यालयलाई शान्तिक्षेत्र बनाउनका लागि विभिन्न खालका प्रकोप, महामारी र सङ्कटहरूलाई परिस्थिति अनुसार निराकरण गरी शैक्षिक वातावरणमय बनाउने, विद्यालय शिक्षालाई परम्परागत नभई आधुनिक प्रविधियूक्त सिकाइ प्रति अग्रसर बनाउने, मूल्याङ्कन प्रणलीलाई सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा विकास गर्न परम्परागत परीक्षा प्रणाली परिमार्जन गर्दै आधुनिक परीक्षा

प्रणालीलाई विकास गरी विश्वसनीय र वैध बनाउने, शिक्षकको वृति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामुखी कुशल क्षमता भएका जनशक्ति बनाउने, विद्यालयहरूलाई सूचना प्रविधियूक्त बनाउने

सबै बालबालकिालाई नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्ने, आधारभूत शिक्षालाई प्रभावकारी तुल्याई शैक्षिक प्रवाहलाई सुधार गर्ने अवसर दिने, आधारभूत तहका उमेर समूहका विद्यार्थीहरू विद्यालयको पहुँचमा रहेका, आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई बालबालिकामैत्री बनाउन पहल गरिएको, विद्यालयप्रति अभिभावक र विद्यार्थीको चासो केही बढेको आदि अवसरहरू हुन्।

## ३.२.४ लक्ष्य

प्रारम्भिक बालविकासको अनुभवसहित अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सबैमा पहुँच सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु।

## ३.२.५ रणनीति तथा कार्यनीतिहरू

### ३.२.५.१ आधारभूत तहमा शिक्षालाई समावेशी एवम् समतामूलक बनाइ सबैको पहुँच सुनिश्चित गर्ने।

(क) सबैका लागि अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चत गर्न जोखिममा परेका, अल्पसङ्ख्यक, लोपोन्मुख, अति सिमान्तकृत र दलित समूहका विद्यार्थीको सिकाइमैत्री वातावरण तथा सिकाइ अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ

ख) अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको पहिचान एवं लेखाजोखा गरी सिकाइका अवसरहरू प्रदान गर्न वैयक्तिक सहयोग एवम् सिकाइ सामग्रीहरूको प्रबन्ध गरी आवासीय र विशेष शिक्षाको व्यवस्था गरिनेछ।

ग) आवश्यकताका आधारमा सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गरिनेछ।

घ) संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय, तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विद्यालय बाहिर रहेका सबै बालबालिकाहरू विद्यालयको पहुँचमा ल्याइने छ।

### ३.२.५.२ . सबै बालबालिकाहरूलाई बालमैत्री वातावरण सहितको गुणस्तरीय शिक्षाको प्रत्याभूत गर्ने।

क) गुणस्तरीय शिक्षाका लागि विद्यालयमा बालमैत्री, सूचना प्रविधिको प्रयोगको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ।

ख) विद्यालयमा मापदण्ड बमोजिम " बिग स्कुल वा ग्रेटर स्कुल" को व्यवस्था गरिनेछ।

ग) भौगोलिक अवस्था र जनसङ्ख्या बनौटका आधारमा विद्यालय नक्साङ्कनका गरी विद्यालय एकीकरण लगायतका कार्यका सरोकारवालाको सहकार्य र सहयोग गरिनेछ।

घ) पाठ्यक्रमले निर्धारण गरेको स्थानीय पाठ्यक्रम वा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी लागू गरिनेछ।

ङ) विद्यार्थीको सर्वाङ्गीण विकासको लागि खेलकुद तथा अतिरिक्त क्रियाकलापको लागि विद्यालयलाई सहयोग गरिनेछ।

च) हाल सञ्चालित विद्यालयहरू मध्ये केही विद्यालयहरूलाई नमुना उन्मुखका रूपमा छनोट गरी सञ्चालन गरिनेछ।

छ) निरन्तर मूल्याङ्कन प्रणालीलाई थप सहज, तथा व्यवस्थित गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ।

## ३.२.६ अपेक्षित उपलब्धिहरू

१) आधारभूत तह कक्षा (१-५) र कक्षा (१-८) को खूद भर्ना दर शत प्रतिशत भएको हुने

२) सबै विद्यालयहरूमा आधारभूत पूर्वाधारहरू विकास भएको हुने

३) सूचना प्रविधिको ल्याब, ईलाइब्रेरी र स्मार्टबोर्डको शिक्षण सिकाइमा प्रयोग भएको हुने

४) स्थानीय पाठ्यक्रम तथा स्रोत सामग्रीको प्रयोग भएको हुने

५) समावेशी शिक्षाका लागि विद्यालयहरूको पूर्वाधार एवम् सिकाइ वातावरण सुदृढ भएको हुने

६) विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप नियमित एवम समावेशी रूपमा सञ्चालन भएको हुने।

## आधारभूत तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन | पटक | | | १ | | | १ | १ | |
| २ | दरबन्दि पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | आधारभूत तहका शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ६ | कक्षा ६ देखि ८ का छात्रालाई स्यानिटरी प्याड | छात्रा | सबै | सबै | सबै | सबै | सबै | | | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | १५ | १५ | | | ३० | ३२ | |
| ८ | Early Grade को न्यूनतम प्याकेज व्यवस्थापन र संचालनका लागि विद्यालयलाई अनुदान | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रबन्ध | | | | | | | | | |
| १२ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १५ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १६ | शैक्षिक सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | अभिभावक अभिमुखीकरण र सहभागीता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २० | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० | |
| २१ | कक्षा १ देखि ३ सम्मको बालबालिकाका लागि बालमैत्री बसाई व्यवस्थापन | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० | |

# ३.३ माध्यमिक शिक्षा

नेपाल सरकारले कक्षा ९-१२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनी किटान गरेको छ । माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारशिला पनि हो । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था मौलिक हक मार्फत सुनिश्चित गरेको छ । संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिएको छ । नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन कार्य स्थानीय तहको जिम्मेवारी भित्र रहेको छ। सो व्यवस्थालाई सफल कार्यान्वयन गर्नका लागि शिक्षाका राष्ट्रिय उद्देश्यहरू निर्धारण गरिएको छ । विद्यालय अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमता राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको छ । मनहरी गाउपलिका भित्र माध्यमिक तहको शिक्षामा पहुँचको अवस्था भौगोलिक अवस्थामा कठिनाइ भएता पनि समतामूलक पहुँचको सुनिश्चितताका साथै गुणस्तर र सान्दर्भिकतामा सुधार ल्याउन शिक्षालाई जीवन र प्रविधिसँग जोड्ने कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

## ३.३.१ वर्तमान अवस्था

यस गाउँपालिकामा जम्मा १० ओटा माध्यमिक सामुदायिक विद्यालय सञ्चालनमा छन् । कक्षा १० सम्म सञ्चालित ६ ओटा र कक्षा १२ सम्म सञ्चालित ४ ओटा माध्यमिक विद्यालय रहेका छन् । माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार हुने क्रममा छ। कक्षा ९-१०, ११-१२ र ९-१२ को खुद भर्नादर क्रमशः ७२.१, ३३.९ र ५१.९ प्रतिशत *(EMIS 2081)* मात्र पुगेको देखिनु साथै कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ सम्म पुग्ने दर निकै कम रहेको छ। कक्षा ८ र १० पछि ठूलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने प्रवृत्ति धैरै छ। विशेषगरी दलित, जनजाति र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालय बाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् । सामुदायिक विद्यालयको कक्षा ९-१० मा स्वीकृत दरबन्दी १०, राहत १३ गरि २३ शिक्षकहरू कार्यरत छन् । बहुवञ्चितिमा परेका समुदायका बालबालिकाहरूको पहुँच कम देखिन्छ । कक्षा १०, ११ र १२ का परीक्षाहरूको नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेको कारणले उच्च शिक्षाबाट समेत बञ्चित छन् । शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अद्यावधिक गराई सिकाइ सुधार जरूरी देखिन्छ ।

## ३.३.२ समस्या तथा चुनौतीहरू

समस्याहरूः

- माध्यमिक तहमा विषयगत शैक्षिक योग्यताका शिक्षकहरूको दरवन्दी पर्याप्त नहुनु
- कक्षा कोठाको सिकाइ प्रविधि मैत्री र व्यावहारिक बनाउन नसकिनु
- शिक्षणलाई अनुसन्धानमूलक बनाउन नसक्नु
- सबै विद्यालयमा पहुँचयुक्त भौतिक पूर्वाधार तथा सिकाइ वातावरण तयार गर्न नसकिनु,
- माध्यमिक शिक्षा निःशुल्क र समतामूलक पहुँच सुनिश्चित गर्न पर्याप्त स्रोतको अभाव हुनु मुख्य समस्याको रूपमा रहेका छन् ।

चुनौतीहरू:

- शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्नु,
- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनु, आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्नु विद्यालय व्यवस्थापन समितिलाई विद्यालयप्रति जवाफदेही बनाउनु,

- प्रधानाध्यापकको क्षमता विकास गर्नु,
- माध्यमिक तहको विज्ञान, गणित र अङ्ग्रेजी विषयका अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारहरू उपलब्ध नहुनु

## ३.३.३ लक्ष्य

• सामाजिक तथा आर्थिक कारणले पिछडिएका, अपाङ्गता तथा कार्य सीमितता भएका, विविध कारणले बहिष्करणमा परेका प्रभावित बालबालिकाको सहभागिता तथा गुणस्तर सुनिश्चित गर्नु,
• विद्यालय छोड्ने दर, कक्षा दोहोऱ्याउने दर लगायतका शैक्षिक क्षति कम गरी टिकाउदर कायम गर्नु मुख्य चुनौतीको रूपमा रहेका छन्।
व्यावहारिक र गुणस्तरीय शिक्षामार्फत स्वरोजगार, उद्यमशील तथा प्रतिस्पर्धी एवम् सिपयुक्त जनशक्तिको उत्पादन गरी उच्च शिक्षाको लागि आधारशिला तयार गर्ने।

## ३.३.४ उद्देश्य

मनहरी गाउँपालिका भित्र माध्यमिक शिक्षाको पुहँच, समता, गुणस्तर र सान्दर्भिकतामा सुधार गर्नु।

## ३.३.५  रणनीति तथा कार्यनीतिहरू

१. माध्यमिक शिक्षामा लक्षित समुदायको पहुँच र अवसरमा वृद्धि गर्न निःशुल्क शिक्षामा जोड दिने।

क) माध्यमिक शिक्षा निःशुल्क गरी पहुँच वृद्धि, समतामा सुधार र सहभागिताको अवसरमा वृद्धि गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
ख) अपाङ्गता भएका बालबालिका लगायत लक्षित समुदायका बालबालिकाको समावेशी पुहँच र गुणस्तरीय शिक्षाको लागि आवश्यकताअनुसार आवासीय विद्यालय सञ्चालन गरिनेछ।
ग) विपद् तथा महामारीका कारण भएको सिकाइ क्षतिको आपुरण एवम् न्यूनतम सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्ने विद्यार्थीहरूको लागि सिकाइ सहयोगका कार्यक्रम गरिनेछ।
घ) विद्यालयसँगको सहकार्यमा विद्यालय बाहिर रहेका सबै विद्यार्थीलाई भित्र ल्याउन व्यवस्था गरिनेछ।

२. माध्यमिक तहको प्राविधिक शिक्षाको विस्तार र गुणस्तर सुधार गर्ने।

क) माध्यमिक तहको शिक्षामा प्राविधिक तथा व्यावसायिक धारको शिक्षा विस्तार गरिनेछ।
ख) सामुदायिक विद्यालयमा बिज्ञान  प्रयोगशाला एवं भौतिक पूर्वाधार विकास गरिनेछ।
ग) विद्यालयको माग र आवश्यकताबमोजिम शैक्षिक, भौतिक तथा व्यवस्थापन पक्षमा सहयोग गरिनेछ।

३. माध्यमिक तहको साधारण शिक्षालाई आवश्यकताको आधारमा विस्तार गर्ने।

क) सामुदायिक विद्यालयका बिज्ञान प्रयोगशाला एवम् भौतिक पूर्वाधार विकास गरिनेछ।
ख) विद्यालयको माग र आवश्यकताबमोजिम शैक्षिक, भौतिक तथा व्यवस्थापन पक्षमा सहयोग गरिनेछ।

४. शिक्षाको गुणस्तर अभिवृद्धिको लागि शिक्षक व्यवस्थापन र अभिलेखीकरण गर्ने।

क) न्यून दरबन्दी भएका विद्यालयहरूलाइ एउटै  धारमा ल्याई "बिग स्कुल" को अवधारणा अनुरुप आवाशको व्यवस्था सहित   कार्यान्वयन  गरिनेछ।
ख) शिक्षक विद्यार्थी अनुपात क्रमशः घटाउँदै १:३० पुयाइनेछ।
ग) शिक्षकहरूको शिक्षण विधि र प्रविधि प्रयोगको क्षमता विकास गरिनेछ।

घ) सबै शिक्षक तथा शिक्षाकर्मीलाई प्रत्येक वर्ष कम्तीमा एउटा शिक्षा विकास वा शिक्षणसँग सम्बन्धित अनुसन्धान गर्न लगाइनेछ।

ङ) अनुभवी एवम् योग्यता प्राप्त विषयगत शिक्षक सम्मिलित विज्ञ समूहबाट समेत कक्षा शिक्षण अवलोकन, पृष्ठपोषण र नमुना शिक्षणको व्यवस्था गरिनेछ।

## ३.३.२ अपेक्षित उपलब्धिहरू

१) दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुने

२) प्राविधिक धारको शिक्षामा बालबालिकाको पहुँच वृद्धि भएको हुने।

३) शिक्षण विधि र प्रविधिको विकास र प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुने।

४) पाठ्यक्रमका आधारमा पाठ्यसामग्रीहरूको विकास गरी कार्यान्वयन हुने।

५) सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी प्रयोगशाला र ई लाईब्रेरीको लगायतका शैक्षिक पूर्वाधार विकास तथा प्रयोग भएको हुने।

माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| **क्र. स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **जिम्मेवारी** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **जम्मा** | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्लय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | | | | १ | १ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ७ | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेराबार, शौचालय) | माध्यमिक विद्यालय | १ | २ | २ | २ | २ | ९ | १० | सङ्घ र स्थानीय तह |
| ५ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | विव्यस, शिअसङ्घ पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण | प्रतिशत | २५ | ३० | ३० | १५ | | १०० | | प्रदेश तथा स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | १ | | | | | १ | १ | स्थानीय तह |
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | | सङ्घ र स्थानीय तह |
| ९ | विभिन्न किसिममा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ तथा स्थानीय तह |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग र छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | ८० | ८० | ८० | ८० | ८० | ४०० | ५०० | |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | १० | १० | १० | १० | १० | १० | १० | |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | १० | १० | १० | १० | १० | १० | १० | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

प्राविधिक तथा व्यवसायिक शिक्षा, रोजगारीका अवसरहरूको सृजना गाउँपालिकाको विकास तथा देशको समृद्धिको आधार हो। यस क्षेत्रको विकास र विस्तारको क्रममा हाल प्राविधिक शिक्षा तथा तालिम परिषद्बाट सञ्चालित कार्यक्रमहरू, विद्यालय तहको कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा र विविध क्षेत्रमा व्यावसायिक तथा सिप विकासमा आधारित तालिमहरू सञ्चालनमा रहेका छन्। प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको क्रममा सङ्घीय व्यवस्थाबमोजिम सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रहने गरी प्राविधिक शिक्षा तथा व्यावसयिक तालिम परिषद्को व्यवस्था गरिएको छ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ ओटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरू, १७ ओटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ ओटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६)। यस पालिकामा महेन्द्र किरण माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा अन्तर्गत कृषि धार सञ्चालनमा रहेको छन्।

### ३.४.२ समस्या तथा चुनौतीहरू

समस्याहरू:

- समयमै नयाँ शिक्षा ऐन आउन नसक्नु, र प्रदेशबाट तर्जुमा गरिएको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐन, २०७५ कार्यान्वयनमा आउन नसक्नु,
- प्राविधिक शिक्षालाई योजनबद्ध रूपमा सञ्चालन गर्न नसक्नु र गाउँपालिकामा प्रर्याप्त योग्य र दक्ष जनशक्ति नहुनु यस क्षेत्रको विकास र विस्तार समस्याको रूपमा रहेका छन्।

चुनौतीहरू:

- दक्ष् जनशक्तिको उत्पादन गर्नु
- कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका विद्यालयमा आधारित प्राविधिक शिक्षा तथा तालिम परिषद् मार्फत् सञ्चालित शैक्षिक कार्यक्रमहरूका बिचमा एकरूपता कायम गर्दै समान गुणस्तर सुनिश्चत गर्न समन्वयत्मक भुमिका निर्वाह गर्नु, आदि प्रमुख चुनौतीका रूपमा रहेका छन्।

### ३.४.३ : लक्ष्य

- प्राविधिक विद्यालयहरूमार्फत प्राविधिक शिक्षा एवं सिपमूलक तालिममा स्थानीय युवाहरूको आकर्षण र पहुँचमा विस्तार गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच विस्तार तथा गुणस्तर अभिवृद्धिको लागि सहयोग तथा समन्वय गर्ने।

### ३.४.५ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार र गुणस्तर अभिवृद्धि गर्न मद्दत गर्नु
२. मागका आधारमा सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गर्न सहयोग गर्नु

३. सिकाइलाई उद्यमशीलता तथा रोजगारीसँग आबद्ध गर्न मद्धत गर्नु

४. प्राविधिक शिक्षालयको नतिजामूलक अनुगमन तथा सुपरिवेक्षण गर्नु ।

## ३.४.६ रणनीति तथा कार्यनीतिहरू

रणनीतिहरू:

१) रोजगारी र उद्यमशीलता विकास गर्नका लागि प्राविधिक एव व्यवसायिक शिक्षा र तालिमको विस्तार गर्ने ।

क) प्राविधिक शिक्षालयमा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

ख) प्राविधिक शिक्षाको सञ्चालन सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा गरिनेछ ।

ग) गाउँपालिका भित्रका परम्परागत प्रविधि तथा व्यावसायिक सिपहरूको अभिलेखीकरण गरी परम्परागत ज्ञान तथा सिपको उद्यमीकरण गरी तिनलाई रोजगारीमा आबद्ध गरिनेछ ।

२) मागमा आधारित छोटो र लामा अवधिका सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गर्ने ।

क) ज्ञान तथा सिपमा आधारित भई छोटा अवधिका तालिम दिने प्रबन्ध मिलाइनेछ ।

ख) गाउँपालिका भित्र आवश्यक निम्न र मध्यमस्तरको जनशक्ति निर्माणमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपसम्बन्धी छोटो र लामो अवधिका कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) गाउँपालिकामा आवश्यक पर्ने सिपयुक्त जनशक्ति विकासको लागि नियमित तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि समन्वय गरिने छ ।

३) प्राविधिक तथा व्यावसियक शिक्षा र तालिमको संस्थागत क्षमता अभिवृद्धि गर्ने

क) निरीक्षणको कार्यलाई प्रभावकारी बनाउन सहभागितामूलक, नतिजामूलक तथा सुधारात्मक प्रणालीको विकास गरिनेछ ।

ख) प्राविधिक शिक्षालयको विकास तथा विस्तारका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई कार्यमूलक अनुसन्धानको ढाँचामा सञ्चालन गरिनेछ ।

ग) निरीक्षणबाट प्राप्त सूचनालाई शैक्षिक सूचना प्रणालीसँग एकीकृत गरी संस्थागत सुधारका लागि प्रयोग गरिनेछ ।

## ३.४.७ अपेक्षित उपलब्धि

१) प्राविधिक धारको शिक्षाको सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुदृढ भएको हुने ।

२) प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयको प्रयोगशाला, मेशिनरी र अभ्यास स्थलको सुदृढीकरण भएको हुने ।

३) सामुदायिक विद्यालयमा उद्यमशिलता प्रवर्धन कार्यक्रम भएको हुने ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | विद्यालय | | २ | | | | २ | २ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | विद्यालयमा प्राविधिक शिक्षा( बाली विज्ञान पशु विज्ञान सिभिल इञ्जिनियरिङ इत्यादि ) कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | | | ३ | ३ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | ओटा | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | १० | १० | १० | १० | ४० | ८० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग | सङ्ख्या | | ५ | ५ | ५ | १० | २५ | ५० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ :

साक्षरता शिक्षा, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ समाज रूपान्तरणको सशक्त माध्यम शिक्षा हो । शिक्षा विभिन्न प्रकारले प्राप्त गर्न सकिन्छ। विद्यालय, विश्वविद्यालयबाट दिइने नियमित शिक्षा, औपचारिक वा नियमित शिक्षा पद्धति भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्ने अनौपचारिक शिक्षा, आदि पर्दछन् । त्यसै गरी गर्भावस्थादेखि मृत्यु पर्यन्त देखेर, सुनेर, गरेर, आकस्मिक रूपमा सिक्ने अनियमित शिक्षा, औपचारिक शिक्षा पद्धति भन्दा बाहिर मानवीय जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्ने माध्यम नै अनौपचारिक शिक्षा हो । मानव सभ्यताको विकाससँगै मानिसले कुनै न कुनै रूपमा अनौपचारिक शिक्षा पद्धतिको अभ्यास गर्दै आएको छ। सिकाइ मानिसको गर्भावस्था देखि मृत्यु नहुँदासम्म निरन्तर चलिरहन्छ । तसर्थ सिकाइलाई आजीवन वा जीवनपर्यन्त सिकाइ भनिन्छ । ज्ञान, विज्ञान र प्रविधि एक पटक सिकेर जीवनभर रहदैन । समय र परिस्थिति बमोजिम सिकाइमा निरन्तरता आवश्यक छ। विभिन्न क्षेत्रमा ज्ञान, सीप र प्रविधि हासिल गर्नुपर्ने आवश्यकता अझ बढेर गएको छ। प्रत्येक व्यक्तिमा रुची, क्षमता र आवश्यकता बमोजिम समयानुकूल ज्ञान, सीप र प्रविधिको विकास गर्नु आवश्यक छ।

मनहरी गाउँपालिकाले यो योजना अवधिमा प्रौढ साक्षरता ९९ प्रतिशत र युवा साक्षरता १०० प्रतिशत पुर्याउने लक्ष्य लिएको छ। यस कार्यक्रमको सफलताका लागि सामुदायिक सिकाइ केन्द्रहरूलाई वडा कार्यालयहरू अन्तर्गत काम गरी साक्षरता शिक्षा, आयआर्जन कार्यक्रम र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। त्यसैगरी निरन्तर शिक्षालाई सीप विकाससँग जोड्न आवश्यक पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। यस कार्यका लागि संघ र प्रदेशसँग समेत समन्वय गरिनेछ।

### ३.५.१ वर्तमान अवस्था

मनहरीमा हाल १ ओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छ । शिक्षाको अवसरबाट वञ्चित भएका, गरिबीको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित आयआर्जन कार्यक्रम, सीपमूलक कार्यक्रम, चेतनामूलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्ने उद्देश्य सामुदायिक सिकाइ केन्द्रको रहेको छ। केन्द्रले आयआर्जनका लागि समूह गठन तथा परिचालन तथा पुस्तकालय व्यवस्थापनको काम गरिरहेको छ।

### ३.५.२ समस्या तथा चुनौतीहरू

- नवीनतम मान्यताअनुसार कार्यमूलक साक्षरताको अवधारणा कार्यान्वयन हुन नसक्नु,
- अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूसँग प्रभावकारी रूपमा समन्वय हुन नसक्नु,
- नीतिगत एवम् संस्थागत संरचना एवम् साधन स्रोतको अभावमा आधारभूत साक्षरता र जीवनपर्यन्त सिकाइका अवसरहरू उपलब्ध गराउन नसक्नु,
- बेरोजगार युवाहरूको वास्तविक तथ्याङ्कका अभावमा शिक्षालाई सीपसँग जोड्ने कार्यक्रम तर्जुमा गर्न नसक्नु,

### ३.५ ३ लक्ष्य

१. साक्षर गाउँपालिका घोषणा गर्ने
२. साक्षरता अभियान सञ्चालन गर्न, आर्थिक रूपले पछाडि परेका समुदायमा आय आर्जन गर्न र निरन्तर शिक्षाको
३. कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने
४. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गरी समावेशी तथा समतामूलक समाजको निर्माण गर्नु ।

### ३.५.४ उद्देश्य

मनहरी गाउँपालिकाको अनौपचारिक तथा निरन्तर शिक्षाको उद्देश्य देहाय बमोजिम हुनेछ

क) नियमित शिक्षाको अवसरबाट बञ्चित समूह, लक्षित वर्ग एवं व्यक्तिलाई अनौपचारिक शिक्षाका कार्यक्रम साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा जीवन पर्यन्त शिक्षाका माध्यमबाट सामाजिक तथा आर्थिक रूपमा सशक्तीकरण गराई जीवनयापन सहज र गुणस्तरीय बनाउनु,

ख) औपचारिक शिक्षासँग तादात्म्यता कायम राखी गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्नु ,

ग) गाउँपालिका भित्र  सामुदायिक पुस्तकालय  संचालन गर्ने

घ) सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास गरी निरन्तर शिक्षा र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने।

## ३.५.५  रणनीति तथा कार्यनीतिहरू

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्न अनुसार रणनीति र कार्यनीतिहरू अवलम्बन गरी कार्यान्वयनमा सफलता प्राप्त गरिनेछ :-

### १. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने

क) गाउँपालिका भित्र रहेका किसान, मजदुर तथा अन्य समूहका व्यक्तिमा भएका ज्ञान र सीपलाई अद्यावधिक गरी सरकारी तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रममा उनीहरूलाई परिचालन गरिनेछ।

ख) जनचेतना र निरन्तर शिक्षाका कार्यक्रमहरू रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन, भर्चुअल कार्यक्रम सञ्चालन गरिनेछ र त्यसका लागि आवश्यक सामग्री उत्पादन र प्रसारण गर्न सञ्चार माध्यमहरूसँग सहकार्य गरिनेछ।

ग) साक्षरता शिक्षा साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त शिक्षा सञ्चालनमा सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

घ) अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

### २. सामुदायिक सूचना केन्द्रको सुदृढीकरण गर्ने ।

क) सामुदायिक सिकाइ केन्द्रलाई समुदायको सूचना स्रोतको रूपमा विकास गरी वडाका तथ्याङ्क स्रोतक रूपमा विकास गरी निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा आवश्यकता अनुसार साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

ख) एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन गरी समुदायको आवश्यकताअनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्र समेतको कार्य गर्न सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरिनेछ।

## ३.५.६  प्रमुख कार्यक्रमहरू

- ज्ञान र सीपको अद्यावधिकीकरण तथा प्रमाणीकरण
- जनचेतना र निरन्तर शिक्षाका कार्यक्रम विकास, उत्पादन तथा प्रसारण
- साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, जीवनपर्यन्त शिक्षा तथा लक्षित वर्गको आयआर्जनसम्बन्धी कार्यक्रम सञ्चालन एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन
- सेवाक्षेत्रभित्रको साक्षरता सम्बन्धी तथ्याङ्क व्यवस्थापन सामुदायिक पुस्तकालय (elibrary समेत) सञ्चालन अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन

### ३.५.७ अपेक्षित उपलब्धीहरू

१) मनहरी गाउँपालिका साक्षर गाउँपालिका कायम रहने, प्रदेशसँगको समन्वय र निजी क्षेत्र गैसससँगको सहकार्य

२) अनौपचारिक शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तर अध्यावधिक भएको हुने,

३) निरन्तर सिकाइका विभिन्न कार्यक्रमहरू नियमित सञ्चालन भएको हुने,

४) सामुदायिक सिकाइ केन्द्रको पुनर्संरचना भै आ-आफ्नो सेवा क्षेत्रमा अनौपचारिक शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारी सम्बन्धी सूचना र युवा तथा प्रौढहरूको आजीवन सिकाइको स्रोत केन्द्रका रूपमा विकास हुने, र

५) आयआर्जनका कार्यक्रमहरूबाट लक्षित समूह लाभान्वित भएको हुने।

६) अनौपचारिक तथा बैकल्पिक शिक्षाका माध्यमबाट हासिल ज्ञान तथा सीप परीक्षण तथा प्रमाणीकरण भइ औपचारिक शिक्षामा निरन्तरता भएको हुने।

## अनौपचारिक शिक्षा र आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र यसका आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण गर्ने | पटक | १ | | | | | १ | १ | |
| २ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कहरूको डाटाबेस तयार गर्ने | पटक | | १ | | | | १ | १ | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने | सङ्ख्या | | | १ | | | १ | १ | सङ्घ |
| ४ | सामुदायिक केन्द्रमा सूचना तथा सञ्चारप्रविधि मैत्री उपकरणको व्यवस्था गर्ने | पटक | | १ | | | | १ | १ | |
| ५ | कम्तिमा बाल कक्षा देखि कक्षा ३ सम्म अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ६ | सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | १ | | | | | १ | १ | |
| ७ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको स्थापना, संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | ओटा | | १ | १ | | | २ | ४ | सङ्घ |
| ९ | जेष्ठ नागरिक, श्रमिक, गृहणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने | स्थानीय तह | | | | | | | | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम ,पाठ्यपुस्तक ,सिकाइ सामग्री तथा मूल्याङ्कन

विद्यालयद्वारा बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृत्ति तथा सम्पूर्ण अनुभवहरू व्यवस्थित गरिएको योजना पाठ्यक्रम हो । पाठ्यक्रममा सिकारुले हासिल गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरूलाई समेटिएको हुन्छ। यसले समग्र शैक्षिक प्रणालीको मार्गदर्शन गर्दछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने प्रमुख दायित्व शिक्षकको हो । त्यसैले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन शिक्षकलाई पाठ्यक्रमको कार्यान्वयनका लागि तालिमको आवश्यकता पर्दछ । पाठ्यक्रमको प्रभावकारी मापनको आधार मूल्याङ्कन हो । शैक्षिक सुपरीवेक्षण, विद्यालय व्यवस्थापनले पाठ्यकम कार्यान्वयनलाई नै प्रभावकारी बनाउँछ । पाठ्यक्रमलाई मुख्य पाठ्यक्रम, ऐच्छिक पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम गरी व्यवस्था गरिएको छ । यसलाई राष्ट्रिय प्रारूप ढाँचा तथा योग्यता प्रारूप ढाँचाबाट निर्देशित गरिएको हुन्छ । विद्यमान विद्यालय तहको पाठ्यक्रममा कक्षा १ देखि कक्षा ८ सम्म एक/एक ओटा विषय स्थानीय पाठ्यक्रम वा मातृभाषा रहने व्यवस्था गरिएको छ । यसको पाठ्यक्रम विकास तथा कार्यान्वयनको अधिकार स्थानीय तहहरूलाई दिइएको छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ अनुसार स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्न स्थानीय तहले सबै शिक्षकहरूको क्षमता विकास तथा यसको कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने व्यवस्था छ ।

### ४.१.१ वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधारतथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भई वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन भएको अवस्था छ।

मनहरी गाउँपालिकामा वि सं २०८१ देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ। पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हालसम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ। विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ। पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजन कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास लालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ। सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ।

### ४.१.२ समस्या तथा चुनौतीहरू

समस्याहरूः

- पाठ्यक्रम तथा अनलाइनमा आधारित सिकाइ तथा मूल्याङ्कन क्रियाकलाप सञ्चालन नहुनु
- सिकाइमा प्रविधिको प्रयोग तथा प्रयोगात्मक शिक्षण सिकाइका लागि सबै शिक्षकको क्षमता विकास हुन नसक्नु,
- पाठ्यक्रम प्रबोधीकरणको अवस्था कमजोर रहनु,
- सिकाइ सामग्रीको उत्पादन, सङ्कलन र प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई सक्षम बनाउन नसक्नु, पठनपाठन शैलीलाई स्थानीय आवश्यकता र अन्तर्राष्ट्रिय परिवेशअनुसार बनाउन नसक्नु,

चुनौती

थप पाठ्यसामग्रीको मूल्याङ्कन गर्ने संयन्त्रको विकास हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन् ।

• तोकिए बमोजिमका स्थानीय विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका तथा स्रोतसामग्रीको विकास गरी पाठ्यपुस्तकको दायराभन्दा बाहिरबाट सिक्ने सिकाउने वातावरण तयार गर्नु,

## ४.१.३ लक्ष्य

- सूचना प्रविधिमा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्नु,
- खोज तथा अनुसन्धानमा आधारित पाठ्यक्रम विकास तथा कक्षाकोठा क्रियाकलापमा रूपान्तरणको अवस्था सुनिश्चित गर्नु,
- जातजाति, सांस्कृतिक विशिष्टता र भौगोलिक परिवेशअनुसार पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको विकास लागि ढाँचा निर्धारण गरी पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्नु,
- मनहरी गाउँपालिकाभित्र मातृभाषा र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनसम्बन्धी विषय शिक्षकहरूबीच अनुभव र सहयोग आदानप्रदान लगायतका चुनौतीहरू रहेका छन् ।
- स्वीकृत पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री विकास तथा प्रयोग गरी गुणस्तरीय सिकाइ वातावरण सिर्जना गर्ने ।

## ४.१.४ उद्देश्य

क) जीवनोपयोगी र गुणस्तरीय मातृभाषा, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन गर्नु ।
ख) मातृभाषा, स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा विद्यालय र शिक्षकलाई प्राविधिक सहयोग गर्नु ।

## ४.१.५ रणनीति र कार्यनीतिहरू

१. स्थानीय विषयको कक्षागत पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्ने

क) विज्ञ समूह तयार गरी स्थानीय पाठ्यक्रम परिमार्जन, शिक्षक निर्देशिका तथा स्रोत सामग्री विकास गरिनेछ ।
ख) विकास गरिएका स्थानीय पाठ्यक्रम तथा स्रोत सामग्री कार्यान्वयनमा शिक्षकका लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

२. स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि सरोकारवालाहरूको क्षमता विकास तथा सहयोग गर्ने ।

क) स्थानीय विषयहरूको पठनपाठनलाई व्यवहारिक बनाउन विद्यालयहरू तथा समुदायमा प्रयोगात्मक अभ्यासको वातावरण सिर्जना गरिनेछ ।
ख) अवलोकन र अनुभूतिबाट सिक्न "मौलिक र व्यावहारिक क्रियाकलाप" अवधारणा कार्यान्वयन विद्यार्थीमा आफ्ना परम्परा तथा संस्कृतिसँग परिचित गराइनेछ ।

## ४.१.६ अपेक्षित उपलब्धिहरू

क) स्थानीय पाठ्यक्रम तथा शिक्षक निर्देशक र पाठ्यसामग्री विकास तथा कार्यान्वयन भएको हुने
ख) सबै विद्यालयहरूमा "हाम्रो सेरोफेरो" कार्यान्वयन भएको हुने ।

## पाठ्यक्रम र पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण | सङ्ख्या | ३० | ३० | | | | ६० | १०० | स्थानीय तह,शिविसइ |
| २ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | ३०० | स्थानीय तह, शिक्षा तालिम केन्द्र |
| ३ | शिक्षक पेसागतसहयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह |
| ४ | कक्षाकोठामाआधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | ओटा | ६ | ७ | ७ | ८ | ८ | ३६ | ६० | विद्यालय |
| ७ | सूचना प्रविधिको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ८ | नि:शुल्क पाठ्यपुस्तक | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, विद्यालय |
| १० | माध्यम भाषाको रूपमा मातृभाषाको प्रयोग | | | | | | | | | |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: विसङ्केतन किताब, ठूलो किताब, बाहखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | ३२ | ३२ | ३२ | ३२ | ३२ | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक | विद्यार्थी | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | | | | | | | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

गुणस्तरीय शिक्षाको प्रमुख तत्त्व शिक्षक हो। यसका लागि शिक्षकहरूको पनि उचित व्यवस्थापन र विकास गर्नुपर्ने हुन्छ। श्रम बजारमा भएको जनशक्तिलाई शिक्षण पेसाप्रति आकर्षण बढाउने र कार्यरत शिक्षकहरूको क्षमता विकासमार्फत शिक्षण पेसाप्रतिको उत्तरदायित्वको भावना बढाउनु अहिलेको आवश्यकता हो। शिक्षकको गुणस्तरको मात्रा पनि प्रत्यक्ष रूपले शिक्षकको तयारी, विकास र व्यवस्थापनसँग सम्बन्धित हुन्छ । शिक्षासम्बन्धी विभिन्न प्रतिवेदनहरूले शिक्षक व्यवस्थापनका लागि शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुवैलाई उत्तिकै महत्त्व दिएका छन् । विद्यालय तहका शिक्षकका लागि अध्ययन अनुमतिपत्रको व्यवस्था गर्न र शिक्षक छनोट र शिक्षकको बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगको व्यवस्था रहेको छ। यसै गरी हाल शिक्षक व्यवस्थापनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विद्यालय शिक्षक किताव खाना, शिक्षा विकास निर्देशनालय र शिक्षक तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र विद्यालय संलग्न रहेका छन्।

### ४.२.१ वर्तमान अवस्था

शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने , रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले , प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास कन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्।

मनहरी गाउँपालिकामा हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रका ३९, आधारभूत तहका १८२, माध्यमिक तहका २६ गरी जम्मा २४७ जना शिक्षकहरूले अध्यापन गरिरहेका छन्।

### ४.२.२ समस्या तथा चुनौतीहरू

**समस्याहरू**:

- दक्ष शिक्षकहरूलाई आकर्षण गर्न र टिकाउनका लागि वृति विकासका अवसरहरू कम हुनु
- शिक्षक व्यवस्थापनमा विद्यालय, स्थानीय तह, प्रदेश र सङ्घीय तहबाट गर्नुपर्दा एकआपसमा समन्वयमा कमी
- प्राविधिक शिक्षा र विज्ञान विषयका शिक्षकहरूलाई अध्यापन अनुमतिपत्रको व्यवस्था अनिवार्य हुनु
- प्राविधिक शिक्षा सञ्चालनमा रहेका विद्यालयका शिक्षकहरूलाई तालिममा समेट्न नसक्नु समस्याको रूपमा रहेकाछन्।

**चुनौतीहरू:**

- आधारभूत तहमा विषयगत शिक्षकको सङ्ख्या सन्तुलित नहुनु
- तालिममा सिकेका ज्ञान तथा सिप कक्षा कोठामा प्रयोग नहुनु
- शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जवाफदेहि बनाउन नसक्नु
- विद्यालय सुपरिवेक्षण तथा सहयोग प्रणालीको विकास तथा कार्यान्वयन हुन नसक्नु
- दण्ड र पुरस्कार प्रणालीको विकास र कार्यान्वयन तथा शिक्षालाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु चुनौतीका रूपमा रहेकाछन्।

### ४.२.३ लक्ष्य

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने

### ४.२.४ उद्देश्य

क) शिक्षक व्यवस्थापनलाई चुस्त बनाई विषयगत शिक्षकको उपलब्धताका लागि वैकल्पिक उपायहरू अवलम्बन गर्नु,

ख) शिक्षकलाई बालबालिकाको सिकाइ प्रति जवाफदेही बनाउनु,

ग) शिक्षकको पेशागत विकास एवम् अनुभव आदानप्रदानका अवसर प्रदान गर्नु ।

### ४.२.५ रणनीति तथा कार्यनीतिहरू

#### १. शिक्षक व्यवस्थापनलाई चुस्त बनाउने ।

क) गाउँपालिका भित्रका विद्यालयमा कार्यरत प्रधानाध्यापक तथा शिक्षकहरूको अभिलेख व्यवस्थापनमा प्रविधिको प्रयोग गरिनेछ।

ख) शिक्षक छनोट, भर्ना, बढुवा, तालिम, मूल्याङ्कन तथा प्रोत्साहन प्रणालीलाई पारदर्शी एवम् अनुमानयोग्य बनाउन आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

ग) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनका लागि थप वैज्ञानिक र पूर्वानुमान योग्य बनाउन सङ्घ र प्रदेशसँग सहकार्य गरिनेछ।

घ) उत्कृष्ट शिक्षक, कर्मचारी र प्रधानाध्यापकलाई वार्षिक रूपमा प्रमाण पत्र तथा नगद पुरस्कारबाट सम्मान गरी प्रोत्साहन गरिनेछ।

ङ) शिक्षक, प्रधानाध्यापक विद्यालय कर्मचारीको पुरस्कार तथा दण्ड सजायको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

#### २. विद्यालयमा कक्षागत र विषयगत शिक्षक उपलब्ध गराउने ।

क) विविध कारणले शिक्षक विदामा रहेको बेलामा वा दरबन्दी पूर्तिको क्रममा रहेको बेलामा विद्यालयमा शिक्षक अभाव हुन नदिन तथा विधागत रूपमा विशेष दक्षता आवश्यक पर्ने विषयवस्तु शिक्षण सिकाइका लागि घुम्ती शिक्षकको व्यवस्थापन वा परिचालन गरिनेछ।

ख) स्वयम्सेवक शिक्षक एवम् विज्ञको समूह सूची (रोस्टर) निर्माण गरी विद्यालयमा शिक्षण गर्न अवसर दि प्रोत्साहन गरिनेछ।

ग) उपलब्ध शिक्षक दरबन्दी अपुग भएको अवस्थामा दीर्घकालीन रूपमा सम्बोधन गर्न आवश्यक न्यूनतम दरबन्दीको अभाव पूर्तिका लागि संघ तथा प्रदेशसँग आवश्यक समन्वय गरी थप दरबन्दी व्यवस्थापन गरिनेछ

#### ३. प्रधानाध्यापक तथा शिक्षकको पेसागत दक्षता विकास गर्ने ।

क) नवप्रवेशी शिक्षक, प्रधानाध्यापक तथा युवा स्वयम् सेवक शिक्षकहरूलाई अभिमुखीकरण गरी कार्यथलोमा पठाइनेछ।

ख) आवश्यकताअनुसार एवम् मागमा आधारित पुनर्ताजगी तालिमको व्यवस्था गरी शिक्षकहरूको पेशागत सक्षमता अभिवृद्धि गरिनेछ।

ग) विषयगत समिति तथा स्वयम् सेवक विज्ञ समूह निर्माण गरी कार्यथलोमा आधारित नियमित, आकस्मिक र आमन्त्रित स्वरूपको शिक्षक सहयोग एवम् सुपरिवेक्षण प्रणाली अवलम्बन गरिनेछ।

घ) शिक्षकहरूको क्षमता विकासका लागि विषयगत /थिमगत आधारमा सिकाइका लागि अनलाइन / आमनेसामने सम्मेलन, गोष्ठी र कार्यशाला सञ्चालन गरी सिकाइका अवसरहरू प्रदान गरिनेछ।

ङ) निजी तथा गैरसरकारी संस्थाहरू समेतको सहकार्यमा शिक्षकहरूको क्षमता विकासका लागि तालिमहरू सञ्चालन गरिनेछ।

### ४. प्रधानाध्यापक तथा शिक्षकलाई बालबालिकाको सिकाइ प्रति जिम्मेबार बनाउने ।

क) प्रधानाध्यापकलाई विद्यालयको समग्र नतिजाप्रति र शिक्षकलाई आफूले अध्यापन गरेको विषय र कक्षाको विद्यार्थी सिकाइ उपलब्धि तथा नतिजाप्रति उत्तरदायी बनाइनेछ।

ख) विद्यालयका प्रधानाध्यापकहरूसँग गाउँपालिकाको शिक्षा महाशाखाले र विद्यालयका शिक्षकहरूसँग विद्यालयका प्रधानाध्यापकले निर्धारित सूचकका आधारमा कार्यसम्पादन करार सम्झौता गरी हासिल उपलब्धिलाई प्रोत्साहन पद्धतिसँग आवद्ध गरिनेछ।

ग) प्रविधिमा आधारित अनुगमन तथा शिक्षक सहयोग प्रणाली कार्यान्वयन गरिनेछ।

### ५. पेसागत क्षमता विकासका लागि अनलाइन / भर्चुअल माध्यमका तालिम र शिक्षक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

क) माग र आवश्यकताका आधारमा अनलाइन / भर्चुअल तालिम सञ्चालन गर्ने संयन्त्र विकास गरी तालिम सञ्चालन गरिनेछ।

ख) अनलाइन / अफलाइन सामग्री विकासका अतिरिक्त एप्सहरूको विकास र प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

(ग) अनलाइन मार्फत शिक्षकहरूको लागि योग्यता वृद्धि तथा तालिमका लागि Professional degree तथा तालिमका कार्यक्रमहरू सञ्चालन गर्न खुला विश्वविद्यालय तथा विश्वविद्यालयहरूसँग सहकार्य र साझेदारी गरिनेछ।

घ) शिक्षकहरूका अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ।

ङ) प्रधानाध्यापक र शिक्षकहरूको लागि असल अभ्यासको आदानप्रदान गर्ने अवसर प्रदान गर्न अन्तर्क्रिया तथा अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ४.२.६ अपेक्षित उपलब्धिहरू

१. शिक्षक व्यवस्थापन चुस्त एवम् पारदर्शी हुने
२. युवा स्वयम्सेवक तथा घुम्ती शिक्षकको व्यवस्थापन भएको हुने
३. प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकास भएको हुने
४. तालिम सञ्चालनको सम्बन्धमा विद्यालय, गैरसरकारी संस्थाहरूसँग सहकार्य भएको हुने सूचकका आधारमा प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन अनुगमन / सुपरीवेक्षण र पेसागत सहयोग संयन्त्रको विकास र परिचालन भएको हुने
५. अनुगमन, सुपरिवेक्षण र पेसागत सहयोगबाट सिकाइ वातावरणमा सुधार भएको हुने
६. अनलाइन/भर्चुअल पद्धती मार्फत शिक्षकको पेसागत क्षमता विकास भएको हुने
७. प्रत्येक वर्ष मापदण्डका आधारमा उत्कृष्ट विद्यालय शिक्षक, कर्मचारी एवम् प्रधानाध्यापक मनहरी गाउँपालिकाबाट सम्मानित भएको हुने
८. शिक्षकको व्यक्तिगत विवरण अभिलेख डिजिटाइजेसन भई व्यवस्थित भएको हुने
९. शैक्षिक प्रशासन महाशाखाबाट अनुसन्धानात्मक जर्नल प्रकाशन भएको हुने
१०. विद्यालय एवम् मेन्टोरिङमा आधारित तालिका पद्धतिको विकास भई सञ्चालन भएको हुने,

## शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | जना | ५ | ५ | ५ | ५ | ५ | ५० | ८० | स्थानीय |
| ३ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ४ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ सञ्जाल बनाउने | ओटा | | १ | | | | | १ | |
| ५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह |
| ६ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घ, स्थानीय तह |
| ७ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | १० | १० | १० | १० | १० | ५० | ८० | स्थानीय तह तथा अन्य निकाय |
| ८ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | सङ्घ, प्रदेश र स्थानीय तह |
| ९ | शिक्षिक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | | | १ | १ | |
| १० | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत् सिकाइ उपलव्धिमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ११ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था | पटक | १ | १ | | | | २ | ४ | |
| १३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा | जना | ३४ | ३४ | | | | ६८ | ६८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ देखि ३ सम्मका शिक्षकहरूलाई साक्षरता तथा गणितीय सिप एकीकृत तालिमको व्यवस्था | | | | | | | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | ओटा | | १ | | १ | | २ | ४ | |
| १५ | एकीकृत पाठ्यक्रममा  पठन तत्त्व तथा  एकीकृत ढाँचासम्बन्धी पुर्नताजगी तालिमको व्यवस्था | पटक | | | | | १ | १ | | |
| १६ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | | | १ | | | १ | | |
| १७ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वियन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १८ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वियन गर्नका लागि प्रणाली विकास गर्ने (जस्तै)<br>प्रधानाध्यापक/ आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालन<br>विज्ञ समूह गठन र परिचालन<br>शिक्षक सिकाइ समूह गठन र परिचालन<br>वैकल्पिक विधिको प्रयोग | सबै विद्यालय र पालिकामा/ पटक | १ | | १ | | १ | ३ | ५ | |
| १९ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वियन गर्ने र निरन्तरताका लागि निम्न काम गर्ने<br>शिक्षकलाई शिक्षण कार्य प्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुर्‍याउने<br>प्राविधिक सहयोगकर्ताका लागि तालिमको व्यवस्था गर्ने<br>प्राविधिक सहयोगकर्ताबाट नियमित कक्षा अवलोकनको व्यवस्था गर्ने<br>शिक्षकहरूको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको व्यवस्था गर्ने<br>दिगो र प्रभावकारी रूपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्नेप्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने | सबै विद्यालयमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

समावेशी भन्नाले समावेश गर्नु, सामेल गर्नु, सहभागी गराउने भन्ने अर्थवोध हुन्छ। शिक्षा भन्नाले कुनै विषयमा दिइने वा लिइने औपचारिक जानकारीलाई बुझिन्छ। समावेशी शिक्षा विशेष गरी शिक्षाको मूल प्रवाहबाट बाहिर रहेका वा बन्चितीकरणमा परेका वा पारिएका बालबालिका तथा प्रौढहरू समेतलाई शिक्षाको पहुँचमा ल्याउने वा मूल प्रवाहमा समाहित गर्ने प्रक्रियालाई बुझाउँछ। शिक्षालाई सामाजिक आर्थिक रुपान्तरणको मूल विषय क्षेत्र हो भन्ने मान्यता राखिएको छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने र मातृ भाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ। समावेशी शिक्षा भन्नाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, जातजाति लगायत शिक्षाबाट बञ्चितीकरणमा परेका वर्गलाई उनीहरूको आवश्यकता र चाहना अनुसारको शिक्षा प्रदान गरी गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाई शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्ने शिक्षणको आधुनिक विधि नै समावेशी शिक्षा हो। प्रत्येक बालबालिकाको शैक्षिक अधिकारको प्राप्तिका लागि समतामूलक पहुँच भएको शिक्षा जसले सबै प्रकारका बालबालिकाले सिक्न सक्छन भन्ने मान्यता राख्दछ। सबै बालबालिकाले एउटै प्रक्रियाबाट उही कुरा उही समयमा सिक्न सक्दैन। यसर्थ, अपाङ्गता भएका, कार्यगत सीमितता तथा सिकाइमा कठिनाई भएका लगायत सबै बालबालिकाको पूर्ण सहभागिताको सुनिश्चितता गर्ने शिक्षा नै समावेशी शिक्षा हो। समावेशी शिक्षालाई बालबालिकामा भएको विविधताको सम्मान गर्दै विविधतालाई सम्बोधन हुने गरी प्रदान गरिने शिक्षाको रूपमा लिने गरिन्छ। समावेशी शिक्षाले सबै सिकारुको सक्रिय सहभागिताको लागि उपयुक्त वातावरण सिर्जना गर्दै उनीहरूको विविध क्षमता र चाहनाको समेत सम्बोधन गर्ने प्रयास गर्दछ। यसको बाबजूद समावेशी शिक्षाले सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न सहयोग गर्ने तथा सबै बालबालिकामा रहेको विविधताको सम्मान गरी बालमैत्री शिक्षण सिकाइ वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा मद्दत गर्नेछ।

### ४.३.२ वर्तमान अवस्था

गाउँपालिकाका अनाथ, घरेलु हिंसा पीडित, अपाङ्गता भएका सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि गाउँपालिकाले विभिन्न कामहरू गरिरहेको छ। छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजा लगायतका कामहरू गाउँपालिकाले गरिरहेको छ। तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ। यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरू स्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन।

### ४.३.२ समस्या तथा चुनौतीहरू

**समस्याहरू**

- विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु,
- सिकाइ क्रियाकलापलाई सिकारुको चाहना, सिकाइ शैली र वैयक्तिक आवश्यकता अनुसार बनाउन नसक्नु,
- पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सह तथा अतिरिक्त क्रियाकलापमा समावेशी पहुँच सुनिश्चित गर्न नसक्नु,
- सुरक्षित एवम् समावेशी पहुँच सहितको शैक्षिक वातावरणमा सबै प्रकारका बालबालिकाले शिक्षण सिकाइ क्रियाकलापमा समान सहभागिताको सुनिश्चितता गर्न नसक्नु,

## चुनौतीहरू:

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन् ।

## ४.३.२ लक्ष्य

- समुदाय तथा सरोकारवालाहरूमा समावेशी शिक्षा सम्बन्धमा समान बुझाई विकास गर्नु,
- पहुँचयुक्त संरचना तथा सिकाइ वातावरणको सुनिश्चितताका लागि शिक्षामा लगानी वृद्धि गर्नु,
- गुणस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

## ४.३.३ उद्देश्य

क) विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा पहुँमा समतामूलक सुनिश्चित गर्नु,

ख) आर्थिक सामाजिक रूपले विपन्न, सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्नु,

## ४.३.४ रणनीति तथा कार्यनीतिहरू

### १. अपाङ्गता तथा समावेशिता र समावेशी शिक्षाको कार्यान्वयनका लागि नीतिगत तथा कार्यक्रमगत सुधार गर्ने,

क) समावेशी शिक्षासम्बन्धी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

ख) विद्यमान शिक्षा ऐन तथा नियमावलीमा समावेशी शिक्षा सम्बन्धी नीतिगत प्रावधान समावेश गरी अद्यावधिक गरिनेछ।

ग) लोपोन्मुख, अति सीमान्तकृत, अति विपन्न समूहका, जोखिममा रहेका र अपाङ्गता र कार्यगत सीमितता भएका बालबालिकालाई सवै तहको शिक्षामा समान अवसर सुनिश्चित गर्न छात्रवृत्तिको प्रबन्ध गरिनेछ।

घ) अपाङ्गता भएका एवम् कार्यगत सीमितता भएका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न पहुँचयुक्तता सहितका न्यूनतम मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

### २. अपाङ्गता भएका, विद्यालय बाहिर रहेका अपाङ्गता भएका वा सिकाइ सीमितता भएका वा विभिन्न कारणबाट विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्ने,

क) बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्दा उनीहरुको सिकाइ सीमितता पहिचान गर्न उनीहरूको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक सक्षमताको लेखाजोखा गरिनेछ।

ख) जटिल प्रकारका अपाङ्गता भएका कारण निरन्तर विद्यालयमा उपस्थित हुन कठिनाई भएका बालबालिकाहरूका लागि घरमा आधारित सिकाइको व्यवस्था गरिनेछ।

ग) सबै बालबालिकाहरूको आवश्यकता सम्बोधन गर्न सिकाइको विश्वव्यापी ढाँचाअनुसार बहुविधि, बहुसामग्री सहितको शिक्षण पद्दतीको विकास र प्रयोग गरिनेछ।

घ) समुदायमा रहेका विभिन्न सामुदायिक सञ्जाल युथ क्लव बालक्लव महिला समूह लगायतका सञ्जालहरू विकास गरी सामाजिक समानता सामाजिक न्याय लैङ्गिक विभेद, अपाङ्गता भएका प्रति गरिने विभेद जस्ता विषयक्षेत्रमा सचेतना अभिवृद्धि गरिनेछ।

शिक्षामा समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गराउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागीता सहितको कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्दति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गर्ने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह तथा विद्यालय |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा विव्यसका पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |
| १० | पाठ्यक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | पटक | १ | १ | १ | | | ३ | ५ | सङ्घ र स्थानीय तह |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने | पटक | | | १ | | | १ | १ | स्थानीय तह |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने | निरन्तर | | | | | | | | स्थानीय |
| १३ | पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको उपलब्धता | पटक | १ | | | १ | | १ | १ | स्थानीय |

# ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम :

## ४.४.१ परिचय

बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउन उनीहरुको स्वास्थ्य र पोषणको महत्वपूर्ण स्थान हुन्छ । विद्यालयमा विद्यार्थीको सङ्ख्या वृद्धि, नियमितता र टिकाउपना बढाउन पनि दिवा खाजाको महत्वपूर्ण भूमिका हुन्छ । सरसफाइ तथा स्वच्छताको अभ्यास सिकाइको एक अभिन्न अङ्ग हो । खास गरी ९/१० वर्षपछिका बालिकाहरुमा सरसफाइ तथा महिनावारी स्वच्छता अत्यन्त आवश्यक हुन्छ । नेपालको संविधान र राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा, स्वास्थ्य र खाद्य सम्प्रभुतासम्बन्धी कानुनले पनि बालबालिकाका यससम्बन्धी अधिकार स्थापित गरेका छन् ।

## ४.४.२ वर्तमान अवस्था

विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखी कक्षा ५ सम्म र आधारभूत शिक्षामा दिवा खाजाको प्रबन्ध छ। दिवा खाजाका निम्ति निर्धारण गरिएको प्रतिदिन प्रति विद्यार्थी रकम अत्यन्त न्यून भएकामा पालिकाले प्रतिदिन प्रति विद्यार्थी रकम थपेर उपलब्ध गराउन कठिन छ। खाजा तयारी कक्ष बालबालिकामैत्री छैनन् । बस्न खान असुविधा छ। सरसफाइको स्तर पनि न्यून छ। कतिपय विद्यालयमा त पिउने पानीको समेत व्यवस्था छैन । कतिपय माध्यमिक तह संचालन भएका विद्यालयमा विद्यालय कर्मचारीबाट दिवा खाजा व्यवस्थापन गर्ने गरिएको छ।

## ४.४.३ लक्ष्य

विद्यालय शिक्षा अन्तर्गत बालबालिकाको स्वस्थता र पोषणको अभिवृद्धि गर्ने

## ४.४.४ उद्देश्य

१. खाजाका समयमा बालबालिकालाई स्वच्छ, स्वस्थ र पोषणयुक्त खाजाको सुनिश्चित गर्नु

२. स्वास्थ्य पोषण र सरसफाइलाई जीवनउपयोगी शिक्षाको अभिन्न अङ्ग बनाई बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्नु

## ४.४.५ रणनीतिहरु

- माध्यमिक तहका विद्यार्थी समेतलाई क्रमशः दिवा खाजाको प्रबन्ध गर्ने
- . सरसफाइका लागि पर्याप्त पानी, साबुन र सेनेटाइजरको व्यवस्था मिलाई भान्सा तथा खाजा खाने ठाउँलाई सफा र स्वच्छ राख्ने किसोरीहरुका लागि को व्यवस्था गर्ने
- प्राथमिक उपचार तथा खोपको प्रवन्ध मिलाउने
- जुका बिरुद्धको औषधि, आइरन चक्की, फोलिक एसिड आदिको मात्रा सुनिश्चित गरी वितरण गर्ने
- सेनिटरी प्याडको पर्याप्तता निश्चित गरी प्रयोग भएका प्याडको डिस्पोजलको उचित व्यवस्था मिलाउने
- दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिने र स्वादिलोभन्दा स्वस्थिलो खाजाको प्रबन्ध गर्ने
- दिवा खाजा व्यवस्थापनका लागि डाइनिङसहितको भान्सा कोठा निर्माण गर्ने
- दिवा खाजाका लागि आवश्यक पर्ने भाँडावर्तनको व्यवस्था गर्ने

- स्थानीय कृषक अभिभावकसँग स्थानीय उत्पादनसँग सम्बन्धित स्वास्थ्यवर्धक दिवा खाजा व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने
- पालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण गरी विद्यालयमा पठाउने
- पालिकाको शिक्षा शाखाको समन्वयमा स्वास्थ्य शाखाबाट आवश्यकताका आधारमा विद्यार्थी र शिक्षकहरुको स्वास्थ्य परीक्षण र उपचार प्रबन्ध गर्ने
- कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति स्वास्थ्य टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण गर्ने
- दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण गर्ने
- पालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था गर्ने
- शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध गर्ने
- विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन गर्ने
- प्राथमिक उपचारको सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्शले नेतृत्वदायी भूमिका खेल्ने

### ४.४ .६ अपेक्षित उपलब्धि

बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई पठनपाठनको वातावरण चुस्त, दुरुस्त, उत्साहप्रद र आनन्ददायक हुने हुँदा सिकाइ उपलब्धि उल्लेख्य रुपमा वृद्धि हुने

### ४.४.७ नतिजा

बालबालिकाको आवधिक स्वास्थ्य अवस्था जाँच, भिटामिन, जुकाको औषधि, आइरन चक्की, सुक्ष्म पोषक तत्व तथा महिनावारीमा सेनीटरी प्याडको व्यवस्था भइसकेको हुनेछ।

### ४.४ .७ मुख्य कार्यकलापहरु

१. विद्यालय वातावरण स्वच्छ र बालबालिकाको स्वास्थ्य सरसफाइसँग सम्बन्धित ढाँचाको तयारी

२. दिवा खाजाका लागि आवश्यक पर्ने सबै सामग्रीहरुको प्रवन्ध र स्वच्छ खाजा घरको व्यवस्था

३. विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा स्वास्थ्य पोषण सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालनको कार्यतालिका बनाई कार्य सञ्चालन

४. दिवा खाजाका लागि खाद्य सामग्री, सागपात तथा फलफूलको आपूर्ती गर्ने व्यक्ति वा संस्थासँग स्वस्थ्य एवं सफा प्रकृतिका खाद्य उपलब्ध गराउने बारे छलफल गरी मापदण्ड निर्धारण

५. बालबालिको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, सुक्ष्म पोषक तत्वको आवश्यकता पूर्ती हुने

६. ट्याव्लेट, आइरन चक्की र फोलिक एसिडका साथै ९/१० वर्ष पुगेका बालिकाहरुलाई प्याडको उपलब्धता को प्रबन्ध

७. पालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण र कार्यान्वयन

८. कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण

९. दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण

१०. पालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था

११. शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध

१२. विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन

१३. प्राथमिक उपचारको सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्सको नेतृत्वदायी भूमिका

विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| **क्र. स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य(५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **जिम्मेवारी** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **जम्मा** | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि अद्यावधिक र परिमार्जन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १६ | |
| २ | एक माध्यमिक विद्यालय एक स्वास्थकर्मी | विद्यालय | | | | | | | | |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | विद्यालय | १५ | १५ | २ | | | ३२ | ३२ | स्थानीय तह तथा अन्य |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह तथा अन्य |
| ५ | विद्यालयहरूमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | सङ्ख्या | | १ | | १ | | २ | ४ | प्रदेश |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | | १ | | | | १ | १ | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | | |
| ८ | अभिभावक आमा समूह दिवा खाजा तथा सचेतना कार्यक्रम | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |

## ४.५ विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थान्शीलता

### ४.५.१ परिचय

बालबालिकाले निरन्तर सिक्न पाउने अधिकार आपत्कालमा यो निकै कठिन हुन्छ । यस निम्ति जोखिमको पूर्व तयारी गरी प्रतिकार्य र पुनर्लाभको स्थितिसम्बन्धी कार्यढाँचा तयार गर्नुपर्ने हुन्छ । प्राकृतिक मानवीय तथा कोभिड सङ्क्रमण जस्ता आपत्कालीन स्थितिमा पनि बालबालिकाको सिकाइले निरन्तरता पूर्व तयारी हुँदा त्यस्ता प्रकोपबाट हुने क्षती कम गर्न र तत्काल क्षती विरुद्धको पुनर्लाभ हुन मद्दत पुग्नुका साथै छोटो अवरोधपछि कार्यक्रमले निरन्तरता पनि पाउँछ।

### ४.५.२ वर्तमान अवस्था

बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ ले व्यवस्था गरेअनुसार बालबालिकालाई कुनै पनि प्रकारको सजाय, उत्पिडन र यौन दुराचारबाट मुक्त भयरहित वातावरणमा सिकाइ हुनुपर्छ । विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८, सुरक्षा गुरु योजना २०१७ र विद्यालय क्षेत्र सुधार योजना २०७६ ले विपदमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिन न्यूनतम सुरक्षाका उपायहरु शिक्षक विद्यार्थीको जीवन सुरक्षा घाइते हुनबाट बचाउने र बिपद्पछि सिकाइले निरन्तरता पाउने बारेमा विभिन्न विषयलाई समेटेको छ। भुकम्प, आगलागी, बाढीपहिरो र महामारीका अवस्थामा भएका क्षतिहरुको विवरण अद्यावधिक राख्दा भावी विपद्का अवस्थामा कार्यसम्पादनमा सहजता आउँछ।

### ४.५.३ चुनौतीहरू तथा अवसर

आपतकालीन अवस्थामा लागू गरिने पाठ्यवस्तु, छुटटै योजना बनाउने की योजनाको हरेक अङ्गमा यसलाई समावेस गर्नै, योजना तत्कालीन बनाउने कि दीर्घकालीन, योजनामा सङ्कटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतीहरू रहेका छन ।

नेपालको संविधानले सबैलाई अनिवार्य, तथा नि:शुल्क आभारभूत शिक्षा र माध्यमिक तह सम्म नि:शुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधाविहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ। विद्यालय शान्ति क्षेत्र ,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनितिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुव्र्यवहार र शोषणबाट मक्त राख्ने नीतिगत व्यवस्था आदि अवसरहरू रहेका छन ।

### ४.५.३ उद्देश्य

१. बालबालिकाहरुलाई आपत्कालीन अवस्थाको प्रतिकार्यका लागि उपयुक्त कार्यढाँचा बनाई त्यसको अभिनयात्मक अभ्यास गराउनु

२. बालबालिकाहरुको तत्काल जीवन रक्षा, प्राथमिक उपचार, खाद्यान्न, शुद्ध पिउने पानीको प्रबन्धका साथै उनीहरुको सिक्न पाउने अवस्था सिर्जना गर्नु

### ४.५.४ रणनीतिहरु

१. शिक्षक र विद्यार्थीहरुको सहभागितामा संभावित आपत्कालीन र सङ्कटकालीन अवस्थाको आँकलन गर्नु

२. संभावित आपत्कालीन र सङ्कटकालीन अवस्थामा सुरक्षित रहनसक्ने तरिका बारे सचेतना बढाउनु

३. बिपद्का समयमा सिकाइलाई निरन्तरता दिन बैकल्पिक प्रबन्धको पूर्व तयारीमा रहनु

४. सम्भावित प्रकोप र त्यसबाट हुनसक्ने क्षतिका सम्बन्धमा अग्रीम जानकारी गराउने र सतर्कता अपनाउन सचेत गराउनु

५. बिपद्को समयका लागि शिक्षा निरन्तरता गर्ने व्यवस्थापन प्रतिकार्य र पुनर्लाभ सम्बन्धी आवश्यक नीति मार्गदर्शन तथा कार्यविधिहरु तयार गरिराख्ने

६. सिकाइको निरन्तरता, खाना, बास. पिउने पानी र प्राथमिक उपचारका लागि आवश्यक सामग्रीहरुको जोहो गरिराख्ने

७. बिपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास तथा सङ्कटको बेलाको सुरक्षा र मानवीय सहयोगका लागि तत्ससम्बन्धी संस्थाहरुसँग जीवन्त सम्बन्ध राख्ने

८. जलवायु परिवर्तन र त्यसको प्रत्यक्ष परोक्ष प्रभाव बारे जनसमुदायलाई सचेत गराउँदै हरियाली वृद्धि अभियान र दिगो विकाससम्बन्धी चेतना वृद्धिमा जोड दिने

९. सङ्कटका समयमा पनि सहज सिकाइको प्रवन्ध हुने विद्यार्थी र अभिभावकमा सुनिश्चितता प्रदान गर्ने

१०.अनलाइनमा आधारित शिक्षणसिकाइका लागि जनशक्तिको क्षमता विकास गर्ने

११.अनलाइनमा आधारित शिक्षणसिकाइका लागि इन्टर्नेट र सामग्री प्रवन्ध गर्ने

१२.सघन बस्तीका विद्यार्थीहरुको सिकाइका लागि सुरक्षित वातावरणमा आमने सामने पद्धतिको सिकाइ प्रवन्ध गर्ने

१३.परियोजना कार्यमा आधारित शिक्षणसिकाइको प्रवन्ध गर्ने

१४.विद्यार्थीहरु आवतजावत गर्ने बाटोमा रहेका खोला खोल्सा र भीर पहरामा सुरक्षाको पूर्व प्रवन्ध मिलाउनुपर्ने

१५.आपतकालिन शिक्षा योजना बनाई आवश्यक स्रोतको व्यवस्थापन गरी तयारी रहने ।

### ४.५ .५ उपलब्धि

१. बिपद् व्यवस्थापन प्रतिकार्यको कार्यविधि तयार संयन्त्र र कार्यढाँचा तयारी अवस्थामा रहेको हुनेछ।

२. आवश्यक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

३. बालबालिकाको सिकाइको निरन्तरताको वातावरण बनिसकेको हुनेछ।

## ४.५.६ नतिजा

आपत्कालीन अवस्थामा पनि बैकल्पिक तरिकाबाट पठनपाठनको निरन्तरता रहनेछ।

### ४.५.७ प्रमुख कार्यकलापहरु

- विपत् व्यवस्थापनका निम्ति बनेका पूर्व नीति नियमहरुको पुनरावलोकन र आवश्यक संशोधन
- प्रतिकार्यका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास
- रेडक्रस, स्काउट, लायन्स, रोटरी क्लव आदिजस्ता संस्थाहरुसँग जीवन्त सम्बन्ध र सहकार्य
- आपत्कालीन र सङ्कटका अवस्थामा शिक्षणसम्बन्धी शिक्षकको क्षमता विकास
- आपत्कालीन र सङ्कटका अवस्थामा शिक्षणसम्बन्धी अभिभावक सचेतना
- विद्यार्थीहरु आवतजावत गर्ने बाटोमा रहेका खोला खोल्सा र भीर पहरामा सुरक्षाको पूर्व प्रवन्ध
- अनलाइनमा आधारित शिक्षणसिकाइका लागि इन्टर्नेट र सामग्री प्रबन्ध

विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलताका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| **क्र. स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य(५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **जिम्मेवारी** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **जम्मा** | | |
| १ | उत्थानसिलताका लागि सचेतना विकास गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| २ | शिक्षक तथा विव्यस तालिम | पटक | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | सबै विद्यालय |
| ३ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था | विद्यालय | ३ | ३ | ४ | ५ | ३ | १८ | ३२ | आवश्यकताको आधारमा |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | पटक | १ | | | | | १ | १ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | | | | | १ | १ | | |

# ४.६ विद्यालय  भौतिक पूर्वाधार विकास

मनहरी गाउँपालिकाले मनहरी गाउँपालिका शिक्षा ऐन २०७५, विभिन्न कार्यविधि, मापदण्ड तयार गरी विद्यालय व्यवस्थापन पक्षमा अझ व्यवस्थित र सुदृढीकरण गर्न गाउँपालिका लागिपरेको छ। विद्यालयको शैक्षिक सुधार व्यवस्थापन र चौतर्फी सुदृढीकरण गर्न विद्यालय व्यवस्थापन समितिको महत्त्वपूर्ण भूमिका हुन्छ। त्यसैले विद्यालय व्यवस्थापन समितिको गठन गर्न कार्यविधि बनाई तोकिएको समयभित्र गठन प्रक्रियालाई अगाडि बढाइएको छ भने शिक्षक अभिभावक संघ गठन, सामाजिक परीक्षणलाई कडाईका साथ लागू गरिएको छ। मनहरी गाउँपालिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट विभिन्न किसिमका कार्यक्रम सञ्चालन हुँदै आएतापनि विद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न समयको माग र बदलिदो राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा परिवर्तन गर्दै लैजान धेरै चुनौतीहरू रहेका छन्। ती चुनौतीहरूलाई सम्बोधन नगर्दा सम्म गाउँपालिकाले चाहेजस्तो गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्ने अवस्थामा छन्। त्यसैले तीन तहको सरकारको समन्वय र सहकार्यमा समस्या समाधानका लागि तपसिलका थप कार्यहरू गर्नुपर्ने देखिन्छ ।

## ४.६.१ वर्तमान अवस्था

विद्यालय भवनहरु सामान्यतया पर्याप्त तथा राम्रो अवस्थामा रहेका

१. खेलमैदानभएका विद्यालयहरु करीव ५० प्रतिशतमा राम्रो र अन्यमा सुधार गर्नु पर्ने

२. शौचालय सामान्यतया सबैमा रहेको तर महिला, पुरुष र अपाङ्गमैत्री तथा **WASH** सुविधा करीव ५० प्रतिशतमा नरहेको ।

३. घेराबार भएका विद्यालय **%** भएको, बाँकी असुरक्षित ।

४. छात्रावास, पुस्तकालय र वाचनालय ८०**%** नभएको ।

५. फर्निचर अपर्याप्त

६. स्वच्छ खानेपानी अपर्याप्त ।

## ४.६.१ समस्या तथा चुनौतीहरू

**समस्याहरू**

- सङ्घीय सरकार र प्रदेश सरकारबाट शिक्षा सम्बन्धी आवश्यक नीति तथा ऐन/नियम तर्जुमा हुन नसक्नु,
- विद्यालय सञ्चालनको न्यूनतम भौतिक पूर्वाधारको अभाव जस्तै विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षाका अनुपातमा पुस्तकालय, प्रयोगशाला समेतको लागि कोठाको अभाव हुनु,
- विद्यालयमा आवश्यक आर्थिक स्रोतको अभाव हुनु

**चुनौतीहरू**

• बालबालिकाको वैयक्तिक आवश्यकताअनुसार अपाङ्गतामैत्री संरचना र सिकाइ अभ्यासमा सुधार गर्नु,

• विद्यालय सञ्चालनका लागि न्यूनतम रूपमा आवश्यक पर्ने स्रोत साधनको सुनिश्चितता गर्नु

• वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गरी प्रभावकारी परिचालन गर्नु

• सक्षम शिक्षकहरूमा प्रधानाध्यापक पद प्रति कम आकर्षण र उक्त पदको भूमिका सबल हुन नसक्नु

## ४.६.३  लक्ष्य

- अनुगमन, सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउनु
- विद्यालयको व्यवस्थापनलाई सुदृढ बनाई गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने।

## ४.६.४ उद्देश्य

योजनामा राखिएका लक्ष्य प्राप्तिका लागि तपसिलका उद्देश्यहरू राखिएका छन् :

क) गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय तहमा योजना निर्माण तथा कार्यान्वयन गर्ने।

ख) विद्यालयमा सहभागिता, पारदर्शिता र जवाफदेहिता मार्फत शैक्षिक सुशासन कायम गर्ने।

ग) विद्यालयको शैक्षिक सुधारको निम्ति प्रधानाध्यापकलाई जिम्मेवार एवम् उत्तरदायी बनाउने।

## ४.६.५ रणनीति एवं कार्यनीतिहरू

### १. कानुनी र संस्थागत प्रबन्धमार्फत विद्यालय शिक्षामा सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्ने।

क) शिक्षा नियमावली, नीति, योजना, निर्देशिका, कार्यविधिको तर्जुमा तथा समयानुकूल परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

ख) विद्यालय शिक्षालाई व्यवस्थित गर्न नक्साङ्कन गरी आवश्यकताको आधारमा विद्यालय समायोजन गरिनेछ।

ग) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता विकास गरी प्रत्येक विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।

घ) विद्यालय समायोजन, दरबन्दी मिलान, शिक्षक व्यवस्थापन, प्रधानाध्यापकको स्थायी नियुक्ति सम्बन्धी व्यवस्था, विषयगत दरबन्दी मिलानसम्बन्धी कार्यको लागि कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ।

ङ) प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि बनाई प्रत्येक सामुदायिक विद्यालयमा योग्य एवम् दक्ष प्रधानाध्यापकको व्यवस्था गरिनेछ।

### २. विद्यालय शिक्षाको गुणस्तर सुधार एवम् शैक्षिक क्षति न्यूनीकरणका लागि सामुदायिक विद्यालयको सबलीकरण गर्ने।

क) नतिजामा आधारित मूल्याङ्कन प्रणालीमार्फत विद्यालयहरूलाई स्तरीकृत गर्ने र प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ।

ख) विद्यालयमा न्यूनतम सिकाइ अनुकूल वातावरणका लागि निर्धारित सूचकका आधारमा सहजीकरण गरिनेछ।

ग) वालमैत्री वातावरण, वातावरणीय अनुकूलन र सौन्दर्यीकरण मार्फत हरित विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

घ) विद्यालयलाई औपचारिक शिक्षाका अतिरिक्त अनौपचारिक शिक्षाका अवसरहरू सञ्चालन गर्ने संस्थाको रूपमा विकास गरिनेछ।

### ३. विद्यालयमा सुशासन अभिवृद्धि गरी प्रभावकारी सेवा प्रवाह गर्ने।

क) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गरी शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

ख) विद्यालयसँग सम्बन्धित सरोकारवालाहरूलाई सुशासन एवम् वित्तीय अनुशासनका लागि क्षमता विकास गरिनेछ।

ग) विद्यालयको अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाइनेछ।

### ४.६.६ अपेक्षित उपलब्धीहरू

१) शैक्षिक योजना तथा कार्यक्रमहरू सञ्चालन र व्यवस्थाका लागि समन्वय र सहकार्य गरी विद्यालयमा शैक्षिक सुशासनको वातावरण तयार हुनेछ।

२) विद्यालय एवं शैक्षिक संस्थाहरूमा पहुँचयुक्त भौतिक संरचना तथा पूर्वाधारको विस्तार एवम् संरक्षण भएको हुनेछ।

३) सामुदायिक विद्यालय एवं शिक्षण संस्थाहरूको सक्षमता अभिवृद्धि भएको हुनेछ।

४) आवश्यकताको आधारमा ऐन नियमावली कार्यविधि निर्माण र कार्यान्वयन गरी विद्यालय व्यवस्थापनलाई सहजीकरण भएको हुनेछ।

विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | पूर्वाधार बिकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह र विद्यालय |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरुयोजना तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको मर्मत सम्भार र संवर्द्धन | निरन्तर | | १ | | | | १ | १ | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | निरन्तर | √ | √ | √ | √ | √ | | | स्थानीय तह, विव्यस |
| ५ | अपाङगता मैत्री, लैङगिक मैत्री संरचनाको विकास | विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | ३२ | विद्यालय |
| ६ | विद्यालय भवन मर्मत | आवश्यक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |

# ४.७ शिक्षामा सूचना प्रविधिको प्रयोग

सामान्यतया शिक्षामा सूचना तथा सञ्चार प्रविधि ( Information and Communication Technology- ICT) भन्नाले कक्षा कोठामा कम्प्युटर र इन्टर्नेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेवमा आधारित शिक्षण सिकाइ सामग्रीको प्रयोग भन्ने अर्थ लाग्दछ। सूचना र सञ्चार प्रविधिको प्रयोगले सिक्ने र सिकाउने शैलीमा परिवर्तन र सहजीकरण गर्नुका साथै देश विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुयाउँछ। सूचना तथा सञ्चारका क्षेत्रमा सन् २००० पछि विश्वमा तीव्र गतिमा भएको प्रगतिले गर्दा शिक्षण सिकाइको शैलीमा मात्र नभएर सर्वसाधारण नागरिकको जीवन शैलीमा समेत आमूल परिवर्तन आएको छ। इन्टर्नेट सेवाको पहुँच र गुणस्तरमा वृद्धि भएसँगै रेडियो टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरू अनलाइन सिकाइ सामग्रीमा रूपान्तरण भएका छन् भने आमनेसामने पद्धतिका कक्षाहरू भर्चुवल कक्षामा रूपान्तरण भएका छन् । सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्नका लागि सूचना तथा सञ्चार प्रविधिसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने छ। यसले शिक्षा प्रणालीलाई मजबुत बनाउन, ज्ञान वितरणमा सुधार ल्याउन, गुणस्तरीय शिक्षामा पहुँच बढाउन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको विशेष महत्त्व छ। पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीका असीमित स्रोत इन्टर्नेटमा उपलब्ध हुन्छन् ।ताररहित र तारसहितको इन्टर्नेट सेवाको तीव्र गतिमा भएको वृद्धि र गाउँगाउँसम्म यो सेवाको पहुँच, खुला शैक्षिक स्रोतको द्रुत गतिमा भएको विकास र विस्तारले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सुवर्ण अवसर सिर्जना भएको छ। कोभिड- १९ ले शिक्षा जगत तथा मानव जीवनमा नकारात्मक प्रभाव पारेको भए तापनि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि गर्ने सम्बन्धमा यो अवधि स्वर्ण अवसर सावित भएको छ।

## ४.७.१ वर्तमान अवस्था

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने, तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ।

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ। माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ ।

मनहरी गाउँपालिकामा माध्यमिक विद्यालयहरूमा प्रोजेक्टर र  स्मार्ट बोर्डको माध्यमले शिक्षण सिकाइ गर्न थालिएको छ।  सबै सामुदायिक विद्यालयहरूमा इन्टर्नेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ।

## ४.७.२ समस्या र चुनौतीहरू

- शिक्षकहरूको ठूलो हिस्सा प्रविधिमा अभ्यस्त नभएकोले सिकाइलाई प्रविधिमैत्री बनाउन कठिनाइ हुनु,
- इन्टर्नेट प्रयोगका सकारात्मक प्रभाव तथा सम्भावित जोखिमको विश्लेषण गरी सिकाइ प्रक्रियामा प्रयोग गर्ने ज्ञान तथा सीपको कमी हुनु,
- सबै शिक्षकहरूलाई सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्न नसक्नु ।

## ४.७.२ लक्ष्य

विद्यालय तहमा सूचना प्रविधिको पहुँच एवम् प्रयोगलाई विस्तार गर्ने ।

## ४.७.३ उद्देश्य

- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गर्नु

## ४.७.४ रणनीति तथा कार्यनीतिहरू

### १. सूचना तथा सञ्चार प्रविधिको माध्यम र साधनको पहुँचमा वृद्धि गर्ने ।

क) शैक्षिक संस्थाहरूमा निःशुल्क रूपमा उच्च गतिको इन्टर्नेट सेवा विस्तारको लागि सहजीकरण गरिनेछ।

ख) स्थानीयस्तरमा अनलाइनमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी विद्यालयहरू शैक्षिक तथ्याङ्कलाई व्यवस्थापन गरिनेछ।

ग) अनलाइन तथा वैकल्पिक प्रविधिका साधनहरूलाई शिक्षण सिकाइमा परिपुरकको रूपमा प्रयोग गरी सिकाइ अवसर वृद्धि गरिनेछ।

### २. संस्थागत क्षमताको सुदृढीकरण गर्ने ।

क) विद्यालयहरूमा विद्यार्थी सङ्ख्याका आधारमा कम्प्युटर, एलसिडी प्रोजेक्टर, टेलिभिजन, डिजिटल ह्वाइट, बोर्डसहितको आइसिटी प्रयोगशालाको स्थापना गरिने छ।

ख) विद्यालयमा क्रमश: ई पुस्तकालयको व्यबस्था गरिने छ।

ग) डिजिटल स्रोतसामग्री सहितको अनलाईन सिकाइ स्रोतकेन्द्र विकास गरी गाउँपालिकाभित्रका सबै विद्यालयहरूको पहुँच सुनिश्चित गरिनेछ।

### ३. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गर्ने ।

क) अभिभावकका लागि सूचना तथा सञ्चार प्रविधि साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

ख) शिक्षकहरूका लागि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी तालिम सञ्चालन गरिनेछ।

ग) गाउँपालिकाभित्र कार्यरत जनशक्तिलाई अनलाइनमा आधारित पेशागत विकासका कोर्सहरूमा सहभागी हुन अभिप्रेरित गरिनेछ।

### ४. सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास गर्ने ।

क) शिक्षण सिकाइ क्रियाकलापमा डिजिटल सामग्रीको प्रयोग गरी सिकाइलाई दिगो एवम् सहभागितामूलक गराइनेछ।

ख) विद्यालयहरूमा अनलाइनमा आधारित सामग्रीहरू प्रयोगका लागि सुरक्षित एवम् सहज वातावरण बनाइने छ।

ग) गाउँपालिकामा डिजिटल प्रविधिमा आधारित सिकाइ पोर्टल विकास गरी प्रयोगमा ल्याइनेछ।

घ) सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल साक्षरता सीप विकासका लागि उपयोगमा ल्याइनेछ।

## ४.७.६  उपलब्धि, नतिजा

- सामुदायिक विद्यालयहरूमा इन्टर्नेट सेवा सहितको ICT प्रयोगशालाको विस्तार भएको हुनेछ।

- शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको ICT सम्बन्धी क्षमता विकास भएको हुनेछ।
- शिक्षक तथा विद्यार्थीहरूका लागि वेवमा आधारित तथा डिजिटल शिक्षण सिकाइ पोर्टल सहितका स्रोत सामग्रीहरूको विकास भएको हुनेछ।
- सामुदायिक सिकाइ केन्द्रहरूबाट डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ।

## शिक्षामा सूचना तथा सञ्चार प्रविधिका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| **क्र. स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य(५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **जिम्मेवारी** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **जम्मा** | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | १६ | ० | ० | ० | ० | १६ | १६ | सङ्घ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | | ३० | ३० | ३० | ३० | १२० | १७५ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | १ | ३ | ३ | ४ | ४ | १५ | ३२ | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | १ | | | | १ | १ | |
| ७ | विद्यालमा इ हाजिरी ब्वस्थापन | ओटा | | २ | २ | २ | २ | ८ | १५ | |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | | | | १ | २ | ३ | ६ | १० | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायतको व्यवस्थापन (लागत सहभागीताका अधारमा) | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ३२ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायतप्रयोगका लागितालिमको व्यवस्था | जना | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |

# परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

दीर्घकालीन शिक्षा योजना अनुसार गाउँपालिकाले कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ। यसका लागि गाउँपालिकाको संस्थागत सुधार तथा क्षमता विकास गर्नुपर्छ। यस योजनाको परिकल्पना, दूरदृष्टि, दीर्घकालिन लक्ष्य, उद्देश्यअनुसारको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ तथा विद्यालयमा कार्यरत जनशक्ति एवम् गाउँपालिकाको शैक्षिक प्रशासन शाखामा उपलब्ध जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास गर्नु आवश्यक छ। यसका लागि देहायका रणनीति तथा कार्यनीतिहरू कार्यान्वयनमा ल्याइने छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास

बदिलदो परवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय सरचनाअनुसार तीन तहकोसरकारकाअधिकार तथा दायित्व बाँडफाड गरिएको छ। शिक्षामा भएको संङ्ख्यात्मक विकास र विज्ञान प्रविधिको तिव्र विकासले र सामाजिक विकास र मानवीय चेतनामा आएको परिवर्तन लगायतका पक्षहरू समेतलाई विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु नै संस्थागत संरचना र क्षमता विकास हो।नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा ३ ओटै तहमा प्रवाह गर्ने, शैक्षिक सेवालाई निरन्तर गर्ने, तत्कालीन समस्या समाधानका लागि कर्मचारीका व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्वस्थापन गरिएको छ।

यसमा योजनका प्रारम्भिक बालविकास, आधारभुत र माध्यमिक शिक्षामा सवैको पहुँच र सहभागीता सुनिश्चत गरी गुणस्तरमा सुधार, अनौपचारीक तथा आजीवन सिकाईका अवसरहरूको विस्तार र समता तथा समावेशीताको पर्वर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ।

### ५.१.१ वर्तमान अवस्था

यस गाउँपालिकाको शिक्षाको वर्तमान संस्थागत संरचनालाई हेर्दा गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ।जसमा १ जना अधिकृत सातौं र १ जना प्राविधिक सहायक रहनुभएको छ।उहाँहरू मार्फत् दैनिक शैक्षिक प्रशासन सञ्चालन, अनुगमन तथा नियमनका कार्यक्रमहरू निरन्तर रूपमा अगाडी बढिरहेका छन। सरकारका विभिन्व तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता यस पालिकामा देखिएको छ। समग्रमा, राज्यका तिनै तहका सरकारको एउटै लक्ष्य र उद्देश्य भएता पनि संस्थागत संरचना र क्षमता विकास कार्यमा आआफ्नानै कार्यशैली प्रस्तुत गरेका कारणले यस गाउँपालिकामा चाहे अनुरूप काम भने हुन नसकिरहेको अवस्था छ। भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यन्वयन गर्ने परिपाटीका लागि थप कार्य गर्नुपर्ने देखिन्छ।

### ५.१.२ लक्ष्य

स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्धन गर्ने

### ५.१.३ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने
- तिनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने

## ५.१.४ रणनीतिहरू

### १. गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी परिवर्तित सन्दर्भ र दीर्घकालीन योजना अनुसार आवश्यक जनशक्ति योजना तयार गर्ने ।

क) गाउँपालिकामा कार्यरत जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ख) योजना अनुसार आवश्यक जनशक्ति तथा स्रोत व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ।

ग) गाउँपालिकाबाट आफ्नै स्रोतमा व्यवस्थापन गर्न सकिने पदहरू यकिन गरी निश्चित प्रक्रिया अवलम्बन गरी जनशक्ति आपूर्ति गरिनेछ।

घ) जनशक्तिको व्यवस्थापन गर्दा शिक्षाका विशिष्ट कार्यहरू जस्तैः स्थानीय पाठ्यक्रम विकास, परीक्षा तथा मूल्याङ्कन, अनौपचारिक तथा वैकल्पिक शिक्षा र विद्यालय सुपरेक्षण तथा शैक्षिक परामर्श सेवा प्रदान गर्न सक्ने विज्ञहरूको पद सुनिश्चित गर्ने ।

### २. नक्साङ्कनका आधारमा विद्यालय तथा शिक्षक/कर्मचारी दरबन्दी वितरणलाई पुनरावलोकन गरी विद्यालय समायोजन, दरबन्दी मिलान तथा थप दरबन्दी सिर्जना गरी संरचना तथा स्रोतको व्यवस्थापन गर्ने ।

क) तोकिएका मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरिनेछ।

ख) विद्यार्थी सङ्ख्या, भौगोलिकता, कक्षा तथा विषयका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ।

ग) शिक्षक तथा कर्मचारीको दरबन्दी तथा स्रोत व्यवस्थापनका लागि आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ।

### ३. प्रत्येक वडा कार्यालयलाई विद्यालय शिक्षा, अनौपचारिक शिक्षा तथा सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि जिम्मेवार बनाउने ।

क) वडा शिक्षा समिति गठन गरी क्षमता विकास गरिनेछ।

ख) वडा शिक्षा समितिलाई विद्यालय बाहिरका बालबालिका पहिचान गर्ने, विद्यालय भर्ना अभियान सञ्चालन गर्ने, अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने तथा सामुदायिक सिकाइ केन्द्रलाई सहजीकरण गर्ने कार्यमा जिम्मेवार बनाइनेछ।

ग) अपाङ्गता भएका वा अन्य कारणले विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित भएको घोषणा गर्ने विद्यालय तथा वडालाई तोकिएका आधारमा सम्मान र प्रोत्साहन गरिनेछ।

घ) वडा शिक्षा समितिको समन्वय र सहजीकरणमा अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ४. गाउँपालिकामा शिक्षा व्यवस्थापनमा प्राविधिक सहयोग प्रदान गर्न सक्ने विज्ञहरूको समूह गठन गरी परिचालन गर्ने ।

क) शिक्षा क्षेत्रमा विशेष योगदान दिएका दक्ष, अनुभवी र निवृत्त विज्ञहरूको स्वयम्सेवी समूह गठन गरी (बिज्ञ समुह ) विद्यालय शिक्षाको समग्र सुधारका लागि परिचालन गरिनेछ।

(ख) शिक्षकहरूलाई कार्यथलोमा आधारित पेशागत सहयोग, कोचिङ्ग तथा मेन्टोरिङ्ग सहयोग प्रदान गर्नका लागि विज्ञसमूहलाई परिचालन गरिनेछ।

ग) विज्ञ समूहलाई समकालीन विषय तथा मुद्दाहरूमा अभिमुखीकरण गर्ने, अनुसन्धान कार्यमा सरिक गराउने तथा निरन्तर सिकाइ आदानप्रदान गर्ने व्यवस्था गरिनेछ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिः

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने

### प्रमुख नतिजाः

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने
- सेवा प्रवाह सहभागीतामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

## संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| **क्र. स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **जम्मा** | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | | १ | १ | १ | १ | १ | ५ | |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | सङ्ख्या | १ | | | | | १ | १ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

शिक्षा क्षेत्रको विकासका शिक्षा क्षेत्रको विकासका लागि हाल सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तरगत केन्द्रिय तहमा विभागीय रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । ७७ ओटै जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ रहेका छन्। त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्। यसै गरी प्रदेश तहमा सामाजिक विकास मार्फत् शिक्षा विकास निर्देशनालय, प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने प्रत्येक स्थानीय तहमामा शिक्षा शाखाको व्यवस्था गरिएको छ। पालिका स्तरमा स्थानीय सरकार संचालन ऐन- २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनमा तोकिए बमोजिमका २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन्।

### ५.२.१ वर्तमान अवस्था

यस गाउँपालिकाको शिक्षाको वर्तमान संस्थागत संरचनालाई हेर्दा गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ। जसमा १ जना अधिकृत सातौ , १ जना स्रोत शिक्षक र १ जना प्राविधिक सहायक रहनु भएको छ। उहाँहरू मार्फत् दैनिक शैक्षिक प्रशासन सञ्चालन, अनुगमन तथा नियमनका कार्यक्रमहरू निरन्तर रूपमा अगाडी बढीरहेका छन्। सरकारका विभिन्न तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता यस पालिकामा देखिएको छ। समग्रमा, राज्यका तिनै तहका सरकारको एउटै लक्ष्य र उद्देश्य भए तापनि संस्थागत संरचना र क्षमता विकास कार्यमा आआफ्नानै कार्यशैली प्रस्तुत गरेका कारणले यस गाउँपालिकामा चाहे अनुरूप काम भने हुन नसकिरहेको अवस्था छ। भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यन्वयन गर्ने परिपाटीका लागि थप कार्यगर्नुपर्ने देखिन्छ ।

### ५.२.२ लक्ष्य

स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रवर्द्धन गर्ने

### ५.२.३ उद्देश्य

स्थानीय तहको शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चचतता गर्नु

### ५.२.४ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत् नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने
- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने
- विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने

- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
- अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
- सामुदायिक सिकाइ  केन्द्रमार्फत् सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने
- विभिन्न संयन्त्र विकास गरी कार्यान्वयनमा जोड दिइनेछ। जस्तै

## क) गाउँ शिक्षा समिति

१. गाउँपालिकाको शिक्षा ऐन २०७५ अनुसार गठित गाउँ शिक्षा समितिको सचिवालयको काम गाउँपालिकाको शैक्षिक प्रशासन शाखाले गर्नेछ।

२. समितिलाई अनिवार्य तथा  नि:शुल्क शिक्षाको प्रबन्धलाई सुनिश्चित गर्ने, विद्यालयबाहिर रहेका बालबालिकाको तथ्याङ्क व्यवस्थित गरी विद्यालय भर्नाका लागि योजना तयार गर्न लगाइ कार्यान्वयन गर्ने, गुणस्तर सुधारका लागि सञ्चालित विभिन्न योजना कार्यान्वयनको अनुगमन गर्ने, उपलब्ध स्रोतको न्यायोचित वितरण गर्ने, गुणस्तरीय शिक्षाका लागि विभिन्न सरोकारवालाहरू विच अन्तर्क्रिया गर्ने लगायतका क्रियाकलापहरू सञ्चालन गर्ने, विद्यालय वातावरणलाई भयमुक्त तथा स्वस्थ र सफा राख्ने लगायतका कार्यहरूका लागि जिम्मेवार बनाइनेछ।

## ग) वडा शिक्षा समिति

१. गाउँपालिकाका प्रत्येक वडामा गठित वडा शिक्षा समितिलाई विद्यालय शिक्षाको योजना, तथ्याङ्क व्यवस्थापन, विद्यालयको व्यवस्थापन, गुणस्तर सुधार तथा निरीक्षणका लागि जिम्मेवार बनाइनेछ।

२. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रम तर्जुमा तथा व्यवस्थापनमा सहजीकरण गर्न वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

३. वडास्तरीय विभिन्न सञ्जालहरूलाई प्रभावकारी परिचालन गरी अभिभावक शिक्षा, सचेतना अभिवृद्धि गर्ने कार्यमा वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

## घ) विज्ञसमूह

१. गाउँपालिकाले स्थानीय तहमा उपलब्ध शिक्षा, व्यवस्थापन, परीक्षा र मूल्याङ्कन, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, शैक्षिक सुपरीवेक्षण तथा अनुगमन, अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता विषय क्षेत्रमा अनुभवी विज्ञहरूको एक रोष्टर तयार गरी कार्यान्वयनमा ल्याउनेछ।

२. गाउँपालिकाका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन कार्यमा आवश्यकताअनुसार विज्ञ समूह परिचालन गरी विज्ञताको उपयोग गरिनेछ।

३. आवधिक रूपमा विज्ञसमूहको सूची अद्यावधिक गरिनेछ।

४. विज्ञसमूहको काम, कर्तव्य र जिम्मेवारी गाउँपालिकाबाट तय गरिनेछ।

## घ) सुपरिवेक्षण तथा सहयोगको प्रबन्ध

१. गाउँपालिकाको गाउँ शिक्षा समिति नै शिक्षा क्षेत्रको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रमुख अङ्गको रूपमा रहनेछ।

